SAPTAHIK • Nepali National Weekly • Friday, Jan 23, 2009 • पृष्ठ २४ • मूल्य रु. ८/-

लिंग परिवर्तनको बाटोमा

विदुर खतिवडा

काठमाडौं– शारीरिक आवरण पुरुषको तर आत्मा महिलाको भैदियो भने कस्तो होला, त्यस्तै आवरण महिलाको तर आत्मा पुरुषको भैदियो भने.....? यो पीडामा बाँचिरहेकाहरू यतिखेर नयाँ विकल्पको खोजीमा छन् । हजारौंको संख्यामा रहेका यस्ता व्यक्तिहरूका निम्ति लिंग परिवर्तन एउटा विकल्प बनेको छ, तर लिंग परिवर्तन सुन्दा जति सरल छ, व्यवहारमा त्यत्तिकै कठिन पनि छ । अहिले नेपालमा लिंग परिवर्तन गर्नेहरूको संख्या आधा दर्जनको हाराहारीमा भए पनि तीमध्ये कोही पनि आफ्नो परिचय सार्वजनिक गर्न चाहँदैनन् । समाजको दृष्टिकोण तथा कानुनी अड्चनका कारण उनीहरू भूमिगत जीवनमै रमाउँछन् ।

'पुरुष भएर जन्मनुको पीडा लामो समय भोगेपछि मैले लिंग परिवर्तनको बाटो रोजें ।' लिंग परिवर्तन गरेर पनि सार्वजनिक हुन नचाहेका एक व्यक्तिले साप्ताहिकसँग भने- 'लिंग परिवर्तनले पूर्ण रूपमा महिलाको प्रत्याभूति नदिए पनि पुरुष आवरणबाट मुक्त भएकी छु ।' आफ्नो शरीर आफ्ना लागि होइन जस्तो अनुभव गरेका उनले अन्तत: चाहेजस्तो जीवन पाएको उल्लेख गरे ।

'लिंग परिवर्तनको बाटो जटिल भए पनि नारीजीवनमा अभ्यस्त हुने उत्कट अभिलाषाका कारण धेरैले लिंग परिवर्तन गर्ने बाटो रोजेका छन् ।' आफूलाई तेस्रो लिंगी भनेर परिचय दिने मनीषा शर्माले भनिन्- 'ममा पनि लिंग परिवर्तन गर्ने चाहना छ, आशा गरौं, यो चाहनाले चाँडै पूर्णता पाउनेछ ।' मनीषा आफूलाई चिन्दा शरीरमा पुरुष लिंग देखेर अचम्मित भएको बताउँछिन् । घरको कान्छो छोराका रूपमा परिचय पाएकी मनीषा आजभोलि महिला परिचयमै रमाउन थालेकी छिन् । 'मेरा सबै क्रियाकलाप महिलाको जस्तो भएकाले परिवारले पनि अहिले आएर मेरो बाध्यता बुझेको छ ।' मनीषाले भनिन्- 'अबको मेरो जीवन महिला आवरणमै बित्ने भएकाले लिंग परिवर्तन गर्ने चाहना बढेको हो ।'

ब्लु डाइमन्ड सोसाइटीको कार्यालयमा भेटिएकी सुशीला लामाले लिंग परिवर्तनको चाहना धेरै भएको बताइन् । 'मलाई महिला भएर परिचय दिन कति मन छ भन्ने कुरा तपाईंले मेरो बाहिरी आवरणबाटै थाहा पाउन सक्नुहुन्छ,' सुशीलाले भनिन्- 'मसँग पैसा भैदिएको भए लिंग परिवर्तन गरिसक्ने थिएँ ।' वेशभूषाले मात्र होइन, शारीरिक रूपमै महिला हुने चाहना राख्ने काभ्रेकी सुशीलाले लिंग परिवर्तनलाई जीवनको उद्देश्य बनाएको बताइन् ।

लिंग परिवर्तनको चाहना राख्ने धरानकी विपाशा राई पनि सुशीलाको कुरासँग सहमति जनाउँछिन् । विपाशा भन्छिन्- 'हामी मात्र होइन, हामीजस्ता थुप्रै तेस्रो लिंगीहरू लिंग परिवर्तन गर्ने चाहना राख्छन् ।' सामाजिक, कानुनी तथा आर्थिक कारणले गर्दा लिंग परिवर्तन सहज हुन नसकेको विपाशा बताउँछिन् ।

गत वर्ष तेस्रो लिंगीहरूको सौन्दर्य प्रतियोगितामा मिस पिंक बनेकी भूमिका श्रेष्ठ लिंग परिवर्तनको विषयमा फरक मत राख्छिन् । श्रेष्ठ भन्छिन्- 'तेस्रो लिंगी हुँदैमा लिंग परिवर्तन अनिवार्य छैन ।' लिंग परिवर्तनको चाहना भए पनि यसलाई त्यति धेरै

बाँकी पृष्ठ ६ मा

कशिस मध्यपृष्ठमा

● क्यासेट ●

वेलकम

गायक विश्व योञ्जन तथा गायिका मेरी शाक्यका पप गीतहरूको नयाँ संग्रह 'वेलकम' भर्खरै बजारमा आएको छ। आठवटा गीतको यो संग्रहलाई प्राइम म्युजिकले बजारमा ल्याएको हो। संग्रहमा बलराम बस्नेत तथा गायक योञ्जनद्वारा संगीतबद्ध गीतहरू सुन्न सकिन्छ।

सप्तक

गायक सन्तोष रुचालका पप गीतहरूको संग्रह 'सप्तक' श्रोतामाझ आएको छ। टाइम्स म्युजिकले बजारमा ल्याएको यो संग्रहमा राजु सिंह, बिजु बज्र, आलोकश्री, सुरेश अधिकारी, भोलाप्रसाद राई तथा गायक रुचाल स्वयंद्वारा संगीतबद्ध गीतहरू समावेश छन्। संग्रहका गीतहरू राजकुमार बगर, रमेश पंगेनी, शिव पलाँस, विजयबाबु पंगेनी तथा सागर बैरागीको शब्दमा तयार पारिएका हुन्।

अब्टेन

गायक दीपक स्वप्निलका पप गीतहरूको नयाँ संग्रह 'अब्टेन' श्रोतामाझ आएको छ। रियाज म्युजिकको यो उत्पादनका सबै गीत गायक स्वप्निलले नै संगीतबद्ध गरेका छन्। संग्रहका गीतहरू श्रीकृष्ण बम मल्ल, श्रेष्ठ सत्य, श्री के गुरुङ, सुनिल संगम तथा गायक स्वप्निल स्वयंले रचना गरेका हुन्।

● रंगमञ्च ●

● भारतीय नाट्य शिक्षालय नेसनल स्कुल अफ ड्रामा (एनएसडी) ले आयोजना गरेको 'भारत रंग महोत्सव' अन्तर्गत गत शुक्रबार नेपाली नाटक 'मायादेवीको सपना' मञ्चन गरिएको छ। 'मायादेवीको सपना' मा द्वन्द्वकालका पीडा समेटिएको छ। द्वन्द्वकालमा दुःख पाएका महिलाको दृष्टिकोणलाई नाटकमा चित्रण गरिएको छ। नाटकमा कलाकार निशा शर्माले द्वन्द्वमा होमिएको छोराकी आमा अर्थात् मायादेवीको भूमिका निर्वाह गरेकी छिन्। सुनील पोखरेलद्वारा निर्देशित यो नाटक हेर्न दिल्लीका केही नेपाली तथा विदेशी दर्शकहरू उपस्थित थिए। एनएसडीको ५० औं वार्षिकोत्सवका अवसरमा आयोजित १७ दिने महोत्सवमा ७६ वटा नाटक मञ्चन गरिनेछन्। महोत्सवमा भारतबाहेक १९ मुलुकका नाटक सहभागी छन्।

● नेपाल भाषा, कला तथा संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले राजधानीमा दुईदिने अन्तरक्याम्पस नेपाल भाषा एकांकी नाटक प्रतियोगिता सम्पन्न भएको छ। अघिल्लो बुधबार तथा बिहीबार कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानमा आयोजित नाटक प्रतियोगितामा विभिन्न विषय समेटिएका नाटकमार्फत सातवटा क्याम्पसका विद्यार्थीले प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा 'बिलागः' ले सर्वोत्कृष्ट नाटकको उपाधि जित्यो भने 'भुखाय्' ले दोस्रो स्थान हासिल गऱ्यो। अन्नपूर्ण कलेजको 'झ्यालखाना' ले तेस्रो पुरस्कार जितेको उक्त प्रतियोगितमा ललितकला क्याम्पसको 'झीं नं यः जुइनु' ले सान्त्वना पुरस्कारमा चित्त बुझायो। प्रतियोगितामा 'बिलागः' की निर्देशक शुभरत्न बज्राचार्यले उत्कृष्ट निर्देशकको पुरस्कार जितिन् भने सुरेश किरणले उत्कृष्ट लेखनको पुरस्कार जिते। उत्कृष्ट पुरुष कलाकारको पुरस्कार 'न्हुगु नेपाः' का रवीन्द्र तथा महिला कलाकारको पुरस्कार 'भुखाय्' की बिनिता महर्जनले जितिन्।

● ग्यालरी ●

● बिग्रिएका, भत्किएका काठमाडौंका चैत्य तथा स्तूपाका विम्ब प्रयोग गरेर युवा चित्रकार विनोद प्रधानले कोरेका चित्रहरूको प्रदर्शनी राजधानीमा सञ्चालन भैरहेको छ। 'स्याक्रिड स्पेस' शीर्षकको चित्रकला प्रदर्शनी बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा आगामी माघ १८ सम्म जारी रहनेछ। काठमाडौंका स्थायी बासिन्दा कलाकार प्रधान यी चित्रमा शैशवकालमा आफूले देखे-भोगेको राजधानी वरिपरिका तस्बिर चित्रमा उतारेको बताउँछन्। बिग्रिएका-भत्किएका चैत्य, गुम्बाको संरक्षण तथा जगेर्ना गर्नुपर्छ भन्ने आग्रह उनका चित्रले बोकेका छन्। उनले रातो तथा पहेंलो रङ्गलाई निकै सजगतापूर्वक प्रयोग गरेका छन्। बुद्ध तथा स्तूपालाई पहेलो रङ्ग दिएका छन्। रातो रङ्गले भने जीर्ण सम्पदाको आत्माको आक्रोश व्यक्त गरेको छ। कलाकार प्रधानको यो पाचौं एकल प्रदर्शनी हो।

● रूसको युवा वर्षको उपलक्ष्यमा सात जना नेपाली चित्रकारका सिर्जनाको प्रदर्शनी राजधानीमा प्रारम्भ भएको छ। ललितकला क्याम्पसमा अध्ययनरत विद्यार्थीका सिर्जनामा नेपाली संस्कृति तथा परम्परा झल्किएका छन्। सम्यक मानन्धरका तैलचित्रमा भ्रम तथा वास्तविकतासँगै आशाको किरण पाइन्छ भने सुन्दर लामाले दुःखबीच पनि सुन्दरताको खोजी गरेका छन्। सञ्चिता लामाले महिला विषय उठाएकी छन् भने प्रतीक पन्तले पानी रङमार्फत संस्कृतिका अनेकौं आयाम क्यानभासमा उतारेका छन्। किशोर नकर्मीले बुद्ध-विम्ब, बिपना महर्जनले दृश्यचित्र तथा राजकृष्ण महर्जनले दैनिक जीवनलाई एक्रेलिक माध्यमबाट क्यानभासमा उतारेका छन्। आधुनिक शैलीका अर्धमूर्तचित्रहरू ३ हजारदेखि १५ हजार रुपैयाँसम्मका छन्। प्रदर्शनी आगामी सातासम्म जारी रहनेछ।

● चलचित्र ●

राज : मिस्ट्री कन्टिन्युज



सन् २००२ मा प्रदर्शन भएको चलचित्र 'राज' को सिक्वेलका रूपमा तयार पारिएको चलचित्र 'राज : द मिस्ट्री कन्टिन्युज' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ। यो चलचित्रमा इमरान हाशमी, कंगना, अध्ययन सुमन आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। भट्ट परिवारले निर्माण गरेको यो चलचित्रको कथा अघिल्लो 'राज' को तुलनामा बिल्कुलै पृथक् रहेको यसका निर्देशक मोहित सुरीले बताएका छन्।

चलचित्रमा इमरानले पृथ्वीका रूपमा एक चित्रकारको भूमिका निर्वाह गरेका छन्। उनी निकै कम बोल्छन् र आफ्नो कुरा चित्रकलामार्फत व्यक्त गर्छन्। उनी सामान्य मानिसभन्दा भिन्न छन्। उनमा भविष्य देख्न सक्ने एउटा विशेष शक्ति छ। चित्र तयार पार्ने क्रममा उनले नन्दिता (कंगना) को चित्र बनाउँछन् जसलाई उनले कहिल्यै भेटेका छैनन्। उनले चित्रकलामार्फत नै नन्दिता निकट भविष्यमै एउटा दुर्घटनामा पर्ने जानकारी पाउँछन्। नन्दिता मोडल हुन्। उनी यश (अध्ययन सुमन) लाई मन पराउँछिन्। यस वृत्तचित्र निर्माणमा सक्रिय चलचित्रकर्मी हुन्। चलचित्रको कथा अघि बढ्दै जाँदा नन्दिता र पृथ्वीको भेट हुन्छ। पृथ्वीले नन्दितालाई भविष्यको दुर्घटनाका बारेमा जानकारी दिन्छन्। सुरुमा पृथ्वीको कुराप्रति विश्वास नगरे पनि चित्रकला हेरेपछि नन्दिता भयभीत हुन्छिन्। सम्भावित दुर्घटनाबाट जोगिने एक मात्र उपाय पृथ्वीको चित्रकलामै लुकेकाले नन्दिता पृथ्वीसँग नजिकिन्छिन्। के नन्दिताको जीवनमा आउन लागेको संकटलाई पृथ्वीको भविष्य देख्न सक्ने शक्तिले हटाउन सक्छ ? नन्दिताको जीवनमा कस्तो संकट आउन लागेको हो ? यी सबै रहस्यका बारेमा जानकारी पाउन चलचित्र नै हेर्नुपर्नेछ। यो चलचित्रलाई थ्रिलर चलचित्रका रूपमा वर्गीकरण गरिएको छ। 'राज' का अतिरिक्त आज बलिउडमा '४२ किलोमिटर', 'आस्मा' तथा 'स्लमडग मिलेनियर' पनि प्रदर्शन हुँदैछन्।

इन्कहार्ट

हलिउडमा यो साता प्रदर्शन हुने चलचित्र 'इन्कहार्ट' १ घण्टा ४५ मिनेट लामो छ। लियन सफ्लीद्वारा निर्देशित यो चलचित्रमा हेनेल मिरेन, ब्रेन्डन फ्रासर, पउल बेट्टानी, जिम ब्रोडबेन्ट, एन्डी सेर्किस आदि कलाकारको मुख्य भूमिका छ। मार्क अर्डेस्किद्वारा निर्मित यो चलचित्रको विश्वव्यापी वितरण वार्नर ब्रोज पिक्सर्चले गर्न लागेको छ। चलचित्रलाई एक्सन तथा एडभेन्चरको श्रेणीमा राखिएको छ। इटली तथा बेलायतमा छायांकन गरिएको यो चलचित्रको निर्माण जर्मनीमा गरिएको हो। चलचित्रमा विज्ञानको नयाँ चमत्कारलाई मुख्य विषय बनाइएको छ। चलचित्रका मुख्य पात्र मो फोलचार्टसँग एउटा त्यस्तो शक्ति हुन्छ जो पुस्तकमा उल्लेख गरिएका पात्रलाई सहजै वास्तविकतामा परिवर्तन गर्न सक्छन्। मोले कुनै पनि पुस्तकका पात्रको नाम ठूलो स्वरमा उच्चारण गरे भने ती पात्र पुस्तकको पानाबाट सजिलै वास्तविक जीवनमा देखा पर्छन्। यसै क्रममा उनले दुर्घटनावश एक जना त्यस्ता पात्रको नाम उच्चारण गर्छन्, जसले मोकै जीवनलाई नकारात्मक प्रभाव पारिदिन्छन्।

खलनायकको छवि भएका ती पात्र बालबालिकाको एउटा पुरानो उपन्यासबाट बाहिर आएका हुन्। ती खलपात्रले सर्वप्रथम कथावाचक मोकै छोरीको अपहरण गर्छन्। त्यतिमात्र होइन, उनले मोमार्फत अन्य दैत्य स्वभावका पात्रलाई पनि जीवन प्रदान गर्ने आदेश दिन्छन्। माग पूरा गर्न असमर्थ भएपछि कसरी मोले आफ्ना साथीहरूको सहयोगमा आफ्नी छोरीलाई बचाउँछन् भन्ने घटनालाई चलचित्रमा रोमाञ्चक ढंगले चित्रण गरिएको छ।

● पुस्तक ●

क्यापिटल हिल

कथाकार राजवको नयाँ कृति 'क्यापिटल हिल' अमेरिकी परिवेशमा लेखिएका नेपाली कथाहरूको संग्रह हो। संग्रहका अधिकांश कथाले नेपालबाट अमेरिकामा बसाइँ सरेका नेपाली युवाहरूको मनस्थिति एवं दैनिकीलाई समेटेको छ। यो संग्रहमा ११ वटा कथा संकलित छन्। अर्किड बुक्सद्वारा प्रकाशित यो कथा-संग्रहको मूल्य १ सय ६० रुपैयाँ छ।

सम्बन्धहीन सम्बन्धहरू

पत्रकार बबिता बस्नेत कथाकारमा रूपान्तरण भएको धेरै भैसकेको थियो, तर उनका कथाहरूको साङ्गोपाङ्ग सँगालो अहिलेसम्म सार्वजनिक भएको थिएन। यसै क्रममा म्याग लाइब्रेरीले कथाकार बस्नेतका १४ वटा कथाको सँगालो 'सम्बन्धहीन सम्बन्धहरू' सार्वजनिक गरेको छ। यो संग्रहमा रहेका कथाहरूले नेपाली समाजको नयाँ अनुहारलाई चिनाउने जमर्को गरेको छ। पुस्तकको मूल्य २ सय रुपैयाँ छ।

तपाईंको यो साता

यो साताको पञ्चाङ्ग

माघ १२ गते : दर्शश्राद्ध, १३ गते आर्यघाटमा माधवनारायण मेला, बुटवलमा त्रिवेणी मेला, औंसी, १४ गते : सोनाम ल्होसार, आम नरसंहारविरुद्ध अन्तर्राष्ट्रिय दिवस, १५ गते : नेपाल नर्सिङ दिवस, अन्तर ष्ट्रिय तथ्यांक सुरक्षा दिवस, १६ गते : सहिद दिवस ।

मेष

नैराश्यता एवं उदासीनता बढ्नेछ। काममा अवरोध आउनुका साथै चिन्ताले सताउन सक्छ। आइतबारदेखि मान-सम्मान मिल्ने, काममा सफलता पाइने तथा प्रसन्नता बढ्ने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अध्ययनमा सफलता हासिल हुनेछ।

वृष

काममा अवरोध आउनाले मनोबल घट्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। अरूले आलोचना गर्नेछन्। घरेलु समस्याले सताउनेछ। नैराश्यता एवं उदासीनता बढ्नेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। बुधबार तथा बिहीबार मान-सम्मान मिल्ने, काममा सुधार आउने, आम्दानी एवं पराक्रम बढ्ने तथा अधुरा काम पूरा हुने योग छ।

मिथुन

व्यवसायबाट सफलता हात लाग्नेछ। धन आर्जन हुनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग मिल्नेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। शरीरमा चोटपटक लाग्नसक्छ। लेनदेनमा विवाद बढ्नेछ भने यात्रामा अवरोध आउला।

कर्कट

परिश्रम गर्नुपरे पनि काममा सफलता पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। भाग्य बलियो छ। धर्मकर्ममा मन जानेछ। व्यवसायमा सफलता मिल्नुका साथै यात्रा गर्ने अवसर पाउनुहोला। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

सिंह

गलत विचार, रोग एवं शत्रु बढ्ने सम्भावना छ। समयमा निर्णय गर्न नसक्दा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। सोमबारदेखि काममा सफलता मिल्नेछ भने धन आर्जन एवं यात्रा हुने तथा व्यवसायमा लाभ मिल्ने योग छ।

कन्या

आफन्तहरूबाट सहयोग पाउन गाह्रो पर्ला। गलत विचारले सताउनेछ। आफ्नै कमी-कमजोरीका कारण समस्यामा पर्न सकिन्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। खर्च एवं विवाद पनि बढ्न सक्छ। व्यवसायमा प्राप्त हुने सफलता कायमै रहे पनि चिन्ताले सताउनेछ। अध्ययनमा सफलता पाउन परिश्रम गर्नुपर्नेछ।

तुला

पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन होला। सोमबारदेखि घरेलु समस्याले सताउनेछ। गलत विचार बढ्न सक्छ भने काममा अवरोध आउनेछ। मित्र बनेर धोका दिनेहरू प्रशस्तै होलान्। सफलताका लागि संयमित रहनुहोला।

वृश्चिक

काममा सफलता पाउन गाह्रो पर्ला। विवादका साथै दुविधा बढ्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। अरूको सहयोग पाउन गाह्रो पर्ला। धनमाल हराउन सक्छ। सोमबार तथा मंगलबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायबाट लाभ हासिल हुनेछ।

धनु

मान-सम्मान मिल्नेछ भने भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। अरूको मन जित्न सकिनेछ। व्यवसायबाट लाभ हासिल हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। बोल्दा विचार पुऱ्याउनुपर्ने बेला छ। खर्च बढे पनि धन आर्जन गर्ने अवसर जुट्नेछ।

मकर

खर्च, विवाद एवं चिन्ता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। धनमाल हराउन सक्छ। स्वास्थ्य गडबड हुने देखिन्छ। सोमबार तथा मंगलबार मान-सम्मान एवं काममा सफलता मिल्ने तथा भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। व्यवसायमा सफलता मिल्नेछ।

कुम्भ

धनआर्जन गर्ने अवसर जुट्नेछ। सोच्ने शक्ति एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भोजभतेर एवं सभा-सम्मेलनमा सहभागी हुने अवसर जुट्नेछ। सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

मीन

मान-सम्मान मिल्नेछ भने काममा सफलता पाउनुहोला। व्यवसायबाट लाभ मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

समलैंगिक अधिकार

फरक विचार/अमृत भण्डारी

केही समययता नेपालमा पनि समलिङ्गी सम्बन्ध र यसको कानुनी मान्यताका बारेमा विभिन्न बहस हुन थालेको छ। केहीका लागि यो विषय आश्चर्यजनक हुन सक्छ, जसले विश्व इतिहास र मानिसको बेग्लै स्वभावका बारेमा सुन्दै सुनेका छैनन्। बाँच्न पाउनु सबैको अधिकार हो, तर जब कुनै साधारण परम्पराबाट अर्को पाटोमा मानिसको स्वभाव बदलिन थाल्छ त्यसलाई समाजले चाँडै स्वीकार गर्न गाह्रो हुन्छ, तर पनि यस्ता स्वभावबाट पर्ने असरका बारेमा बेलैमा विचार पुऱ्याउनु सबैको जिम्मेवारी पनि हो। समलिङ्गिहरूको विषयमा *परिवार अनुसन्धान* नामक एक अमेरिकन संस्थाका अनुसन्धानकर्ता भन्छन्- अधिकांशलाई थाहा छैन, मानिस किन समलैङ्गिक बन्छ ? एक सर्वेक्षणअनुसार जम्मा १४ प्रतिशत पुरुष र १० प्रतिशत महिलाले समान लिङ्ग भएकाहरू पनि यौन आनन्द लिन सक्छन् ? भन्ने कल्पना गरेका छन्। के समलिङ्गिको यौन सम्बन्ध प्राकृतिक हो भनी गरिएका अनुसन्धानमा तीन किसिमका उत्तर पाइन्छन्। पहिलो उत्तर यो गलत बाटो हो भन्ने हुन्छ। साथै सामाजिक मूल्यलाई अवलम्बन गर्न अनिच्छुक हुनेले यसको प्रयोग गरेको बताइन्छ। मनोविश्लेषकहरूको उत्तरमा समलिङ्गीपन भनेको मानसिक रोग हो र बाल्यअवस्थामा परिवारसँगको विमेल र गरिबीका कारण यसको विकास भएको भन्ने हुन्छ। तेस्रो तहबाट उत्तर दिनेहरू यसलाई हार्मोनको कारण बताउँछन्।

नेपालको सामाजिक अनुसन्धानमा लागेकाहरू यौनका बारेमा बन्द समाज र यौनलाई गलत विषयका रूपमा व्याख्या गरिने परिपाटीले खुला बहसको अभावमा यस्तो सोचाइको विकास भएको बताउँछन्। उमेर बढ्दै जाँदा प्राकृतिक रूपमा यौनचाहना पनि बढ्दै जान्छ, तर विपरीत लिङ्गीको साथीलाई विश्वास दिलाउन र ऊसँग यौनसम्पर्क गर्न धेरै लामो प्रयास गर्नुपर्ने भएकाले युवाहरू सुरुमा हस्तमैथुनमा लाग्ने र समलिङ्गीसँग जिस्किँदै यौन अंग चलाउँदा मनोरञ्जन हुने भएकाले बिस्तारै उनीहरू समलिङ्गी नै बन्ने गरेको विज्ञहरू बताउँछन्। मूलत: यसरी जिस्किने परिपाटी बढीजसो विपरीत लिङ्गी नहुने ठाउँ जस्तै होस्टलहरूमा हुन्छ। खुला रूपमा विपरीत लिङ्गीसँग बसेर यौनका विषयमा कुरा गर्ने स्वास्थ्यका बारेमा बहस गर्ने हो भने यस्तो सोचाइ कम हुन सक्छ।

अन्तर्राष्ट्रिय परिवेशमा कुनै पनि आधिकारिक अनुसन्धानले हार्मोनका कारण समलिङ्गी हुने प्रमाण दिएको छैन। केही पत्रपत्रिकाले यस्तो कुरा उल्लेख गरे पनि यसको कुनै दऱ्हो प्रमाण छैन। परिवार अनुसन्धानका पाउल कामेरानका अनुसार हार्मोनका कारण मानिस समलिङ्गी भएको होइन। १९४० मा किन्सी नामक अनुसन्धानकर्ताले १ हजार ७ सय र १९७० मा ९ सय ७९ समलिङ्गीमा गरेको अध्ययनका क्रममा सामाजिक वा वातावरणिय प्रभावका कारण मानिसमा यो प्रवृत्तिको विकास हुने गरेको जानकारी मिलेको थियो। बेलायत र अमेरिकामा गरिएको अध्ययनमा मूलत: सुरुमा आफूभन्दा जेठा मानिसले यसका लागि अफर गरेको पाइएको छ, साथै लन्डनका ४ सय टिनएजरमा गरिएको अध्ययनमा २ प्रतिशत पुरुष र १ प्रतिशत महिलाले जबरजस्ती समलिङ्गी बनेको बताए।

नेपालमा पनि समलिङ्गिहरूको संख्या बढेको, विवाह नै गरी सँगै बसेको जस्ता कुरा बेला-बेलामा पत्रपत्रिका पढ्न पाइन्छ, तर यसको सामाजिक असरलाई पनि बुझ्नु आवश्यक छ। हामीले यस विषयमा विश्वका अन्य देशबाट पनि सिक्नुपर्ने हुन्छ, किनकि हामीकहाँ यो विषय खुला रूपमा आउन थालेको छ। यसलाई संयमित राख्न अन्य देशका समलिङ्गिका बारेमा पनि बुझ्नुपर्ने हुन्छ। हाम्रो देशमा पनि केही जोडी समलिंगी विवाह नै गरेर बसेको बताइन्छ, तर यस्तो विवाहले कानुनी मान्यता नपाउँदा उनीहरू समस्यामा छन् भन्ने समाचार पनि आउन थालेका छन्। अमेरिका र बेलायतका समलिङ्गीहरूको अनुभवमा उनीहरूले विवाह गरे पनि त्यो क्षणिक हुने गरेको छ। विवाह गरेका जम्मा १० प्रतिशत गे (केटा समलिङ्गी) मात्र एउटैसँग यौनसम्बन्ध राखेर बस्ने गरेका छन्। उनीहरूको विवाह जम्मा एक वर्षसम्म टिक्न सक्छ, पछि अरू थुप्रैसँग सम्बन्ध हुन्छ। यसरी बसे पनि तीन वर्षभन्दा बढी यस्तो सम्बन्ध टिक्न सकेको छैन।

डेनमार्कको अनुभव पनि करिब-करिब उस्तै छ। त्यहाँ १९८९ तिरै समलिङ्गी विवाहलाई कानुनी मान्यता प्रदान गरिएको हो। उक्त समयदेखि १९८५ सम्म आइपुग्दा जम्मा ५ प्रतिशत मात्र समलिङ्गीले विवाह गरे भने अवैध रूपमा विवाह गरेका २८ प्रतिशत विवाह भने पारपाचुके वा मृत्युमा टुङ्गिएको पाइयो। समलिङ्गी विवाहले कानुनी मान्यता पाएपछि पनि आफूलाई समलिङ्गी भन्ने कतिपयले विवाह नगरेका उदाहरण पनि छन्। विवाह भैहाले पनि त्यो सम्बन्ध क्षणिक मात्र सावित भएको छ। डेनमार्कमा पुरुषले पुरुषसँग विवाह गरेको जोडीमध्ये ५५ वर्षको उमेरअगाडि नै तीन पटक विधुवा भएको पाइएको छ र महिलामा पनि यस्तै उदाहरण छ।

अध्ययनले समलैङ्गिक विवाह स्वास्थ्यका लागि पनि हानिकारक भएको देखाएको छ। जैविक रूपमा समलिङ्गीहरूले अरू मानिसभन्दा कैयौं गुना खतरनाक र असुरक्षित यौनसम्बन्ध राख्ने दाबी गरिन्छ। यसको परिणामस्वरूप एचआईभी एड्स र अन्य रगतसँग सम्बन्धित रोगहरू अत्यधिक चाँडै सर्ने सम्भावना रहन्छ। समलिङ्गि हुनुअघि नै कुनै विपरीत लिङ्गीसँग यौन सम्बन्ध राखेको भए उसबाट सरेको रोग अर्कोलाई सर्ने सम्भावना पनि बढी हुने गरेको छ।समलिङ्गीहरूको घरायसी झगडा पनि झन्डै २० प्रतिशतले बढी हुने गरेको छ। ५० वर्षदेखि अमेरिका आदि देशमा गरिएका अध्ययनले विपरीत लिङ्गीभन्दा समलिङ्गीलाई दुई गुना बढी यौनसँग सम्बन्धित रोग लागेको देखाएको छ। समलिङ्गीहरू पाँच गुना बढी अरूलाई संक्रमित गराउन दोषी छन् भने तीन गुणा बढी ट्राफिक दुर्घटनामा परेका छन्। तीन गुणा बढी आत्महत्याको प्रयास गर्ने र पाँच गुणा बढी अरूलाइ मार्न तम्सनेहरू छन्। चार गुणा बढी बलात्कारका मुद्दा उठेका उदाहरण विश्व परिवेशमा पाइएको छ। समलिङ्गीले विवाह नै गरे पनि तीन गुणा बढी आफ्नो साथीलाई ठगेका उदाहरण अन्तर्राष्ट्रिय क्षेत्रमा छन्।

माथिका यस्ता उदाहरणलाई अमेरिकाको कोलोराडोस्थित फेमिली रिसर्च इन्स्टिच्युटले संकलन गरेको छ। इन्स्टिच्युटले अमेरिकी समलिङ्गीहरूको सामाजिक सम्बन्ध पनि राम्रो नभएको उल्लेख छ। साधन-स्रोत भएका र हामीभन्दा निकै प्रगति गरिसकेका विकसित देशमा त समलिङ्गिहरूप्रतिको सामाजिक धारणामा खासै परिवर्तन आएको छैन भने हामीकहाँ यसको कस्तो सामाजिक असर पर्ला र त्यसको निराकरण गर्न कस्तो पाइला चाल्ने हो, समयमै विचार पुऱ्याउनुपर्छ।

(लेखकले मानवशास्त्रमा स्नातकोत्तर गरेका छन्।)

होटल तालिम विशेष छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
UK, Australia, Canada, Europen देशमा Student Visa मा जानेलाई Job Replacement Airport pick up, Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ। तु सम्पर्क गर्नुहोस्
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG.
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
रयाडीसन होटल ट्रेनिङ सेन्टर
बागबजार, [illegible]
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, [illegible]
2040782, 016200757, 98510-93629
रयाडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629



● सम्पादकीय ●

बर्डफ्लुप्रतिको जिम्मेवारी

अहिले एकपटक फेरि नेपालमा बर्डफ्लु नामक सरुवा रोगले आतंक मच्चाएको छ। पन्छी र पन्छीजन्य पदार्थबाट मानिसमा सर्ने भनिएको बर्डफ्लुको अहिलेसम्म कुनै प्रभावकारी उपचारको खोजी हुन नसकेकाले नै यो रोगले यति आतंक मच्चाएको हो। बर्डफ्लु खतरनाक भए पनि यसबाट बच्ने एक मात्र उपाय बर्डफ्लु संक्रमित पन्छी र पन्छीजन्य पदार्थको प्रयोग नगर्नु नै हो। विगतमा पनि पटक–पटक आतंक मच्चाइसकेको बर्डफ्लु रोगले यसपटक नेपालमै प्रवेश पाएका कारण हामी सबैलाई पिरोलेको छ। अहिले बर्डफ्लुलाई घातक भनेर प्रचार गरिए पनि त्यसबाट बच्न सकिने उपायहरूका बारेमा भने त्यति धेरै चर्चा हुन सकेको छैन। तसर्थ बर्डफ्लुबाट बच्न सकिने वैकल्पिक उपायहरूको व्यापक प्रचार–प्रसार गरिनुपर्छ। विशेषज्ञहरू भन्छन्– बर्डफ्लुको प्रमुख स्रोत फिरन्ते पन्छीहरू हुन् र त्यसले सबैभन्दा पहिले परम्परागत रूपमा पालिएका स्थानीय जातका कुखुरा र हाँसलाई प्रभावित गर्छ। आधुनिक कुखुरापालन व्यवसायअन्तर्गत पालिएका कुखुराहरूले प्रारम्भदेखि नै औषधीमूलो पाउने हुँदा त्यस्ता कुखुराहरू बर्डफ्लुको प्रकोपबाट ढिलो प्रभावित हुन्छन्।

यो तथ्यलाई मनन गर्ने हो भने हामीले पहिलो सजगता स्थानीय कुखुराको उपभोगका बेला अपनाउनुपर्ने हुन्छ। मासुको प्रमुख स्रोतका रूपमा रहेको कुखुरालाई बर्डफ्लुबाट बचाउने उपाय भनेको कुखुरालाई बर्डफ्लुबाट संक्रमित हुन नदिनु नै हो। यसका लागि संक्रमित वा संकास्पद कुखुरा मारिनुपर्छ। विशेषज्ञहरूले अहिले बर्डफ्लु संक्रमित क्षेत्रमा कुखुरा मार्दा सम्बन्धित पक्षले मुआब्जाको प्रश्न उठाएका समाचारहरू आइरहेका छन्। बुझ्नुपर्ने कुरा के हो भने मुआब्जाभन्दा ठूलो कुरा रोग नियन्त्रण हो। समयमै रोग नियन्त्रण गर्न सकिएन भने त्यसले विकराल परिस्थिति सिर्जना गर्न सक्छ। यो कुरालाई सरकार र सरोकारवाला निकायले कुखुरापालन व्यवसायी, मासु व्यवसायी र उपभोक्ताहरूसम्म प्रभावकारी रूपमा पुऱ्याउन सक्नुपर्छ। त्यसो गरिएन भने बर्डफ्लुको संक्रमणबाट कुखुरा र मासु व्यवसायीहरू मात्र नभै समग्र मानवसमाजले नै ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ तसर्थ सबै वर्गको विश्वास प्राप्त गर्दै बर्डफ्लुका बारेमा आमजनतालाई सुसूचित गर्न एवं रोग नियन्त्रण गर्न प्रभावकारी कदम चाल्न आवश्यक छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

● चिठीपत्र ●

श्रम एजेन्टहरूका कारण



बारम्बार इजरायलमा नेपाली कामदार ल्याउने प्रक्रिया अव्यवस्थित भएको भन्दै इजरायलले विनासूचना नेपाली कामदारका लागि प्रवेश बन्द गऱ्यो। यो नेपालीहरूका लागि ठूलो दुर्भाग्य थियो। इजरायली सरकारले नेपालीहरूका लागि सरासर भिषा निकाल्ने र पठाउने काम गरे पनि नेपालस्थित इजरायली दूतावासले नेपालीहरूको पासपोर्टमा पहिले श्रमको स्टिकर टाँस्नुपर्ने भन्दै भिषा आवेदन लिएन अनि अहिले करिब ७ सय भिसा अनलाइन नेपाल पुगेको भए पनि नेपाली पासपोर्टमा इजरायली भिसा लाग्ने सम्भावना हराउँदै गएको र अन्ततः बन्द हुने नै स्थिति सिर्जना गरियो। यस्तो दुर्भाग्यको थालनी भयो इजरायल ल्याउने म्यानपावर कम्पनी खोलेर बसेका एजेन्ट तथा मनपरी गर्ने इजरायली दलालहरूबाट।

नेपालका लागि इजरायली राजदूतले भने त्यसतर्फ जान ८ सय डलरभन्दा बढी नलाग्ने सञ्चार-माध्यमलाई बताएका छन्। इजरायली राजदूतले नेपाली कामदारहरूलाई इजरायल लान एजेन्सीहरूले धेरै पैसा असुल्छन् तर इजरायलमा भिसा निकाल्न जम्मा ८ सय अमेरिकी डलर सरकारी दस्तुर लाग्छ भन्ने कुरा स्पष्ट किटान गरिएको छ। नेपाली एजेन्टहरूले कमाउने दाउमा कति मूल्य तोक्ने भन्नेसमेत भुलेर एकपछि अर्काको भिसा निकाल्न इजरायली एजेन्टहरूलाई रकम बढाबढ गर्न थालेकाले पहिले इजरायली एजेन्टबाट ३ देखि ४ हजार अमेरिकी डलरको हाराहारीमा पाइने एउटा भिसा बराबर अहिले ६ हजार अमेरिकी डलर तिर्न बाध्य बनाए। यहाँ केयर गिभरको सिटमा प्रवेश गरे पनि काम गर्न नपाउने भिसा किनेर वा थोरै समय काममा जान पाउने तलब लिन नपाउने गरी भिसा बनाउन थालियो।

कमाउने होडमा एकले अर्कालाई पछि पार्दै बढी पैसा दिएर भिसा निकाल्ने कार्य सुरु भयो। यस्तै-यस्तै कारणले इजरायलमा कामदारका रूपमा आउन चाहने नेपालीले बढी रकम तिर्नुपर्ने भयो। नेपालबाट इजरायलमा कामदार पठाउने एजेन्ट तथा म्यानपावर कम्पनीहरूले शुरुका दिनदेखि नै सरकारी दर २ लाख २३ हजार नेपाली रुपैयाँ वा सोभन्दा कमको बिल उपलब्ध गराउने र बाँकीको भर्पाई नदिने गरेको यथार्थता कहीं-कतै लुक्न सक्दैन। यसका कारण हुन् इजरायलमा बसेर नेपाली कामदारहरूको भिसा किन्ने नेपाली एजेन्टहरू। किनकि तिनीहरूले पनि इजरायली एजेन्टलाई बिना भर्पाई बढीभन्दा बढी पैसा दिएर आफ्ना ग्राहकको भिसा निकाल्न सहयोग गरे।

यस्तै आवाजहरूले जब इजरायल र नेपालमा चर्चा पायो अनि यसको सत्यता कहीं गए पनि लुक्न सकेन र नेपालले यसमा ध्यान दिन नसकेपछि इजरायली दूतावासले विभिन्न बहानामा नेपालीहरूलाई भिसा नदिने निर्णय गऱ्यो। विभिन्न कुरामा सहमतिका साथ अघि जाने कुरा बारम्बार भनिए पनि कहिल्यै यस विषयमा बुझ्न र सोधखोज गर्न नलाग्नुले नै अहिले सर्वसाधारण नेपालीहरूको पैसा डुब्ने स्थिति आएको छ।

अन्ततः अहिले आएर नेपालबाट इजरायलका लागि कामदार पठाउने कार्य नरोकिए पनि विशेष कागजपत्रका साथ श्रम मन्त्रालयबाट इजरायली राजदूताबास जानुपर्ने र सो कागजपत्रका अनुसार भिसा लगाइने कुरा अवगत गराइए पनि कहीं कतै शुल्कका बारेमा खण्डन गरिएको छैन। फेरि अहिले विश्वले जानेको र बुझेको कुरा इजरायल-गाँजाबीच चर्किरहेको युद्धका कारण इजरायलमा काम गरिरहेका विभिन्न देशका कामदारलाई कुनै पनि बेला फर्कन सतर्क रहने कुरा जानकारी गराइएको छ, यद्यपि नेपालबाट इजरायलमा कामदार पठाउने काम निरन्तर गरिने कुरा जनाइएकाले इजरायलमा काम गरिरहेका नेपाली कामदारहरूलाई नेपाल सरकारले बेवास्ता गरेको स्पष्ट छ। त्यसैले विश्वसामु शिर निहुराउनुपर्ने यस्ता काम नगरियोस्। नेपाली कामदार पठाउने भए पनि युद्धको समाप्तिपछि दक्ष बनाई लाग्ने न्यूनतम शुल्कमा इजरायल पठाउने प्रक्रिया चाल्नु आवश्यक देखिन्छ।

–हरि मानन्धर, इजरायल

● तीतो सत्य ●

मानवताले नै मानिस हुनुको अस्तित्व निर्वाह गरिरहेको हुन्छ।

मानिसलाई बिगार्ने भनेको पैसा होइन, स्वयम् आफ्नै बानी व्यवहार र लत हो।

आफूले जे गरिन्छ, जस्तो गरिन्छ, त्यस्तै नतिजा प्राप्त हुन्छ।

घमन्ड गर्नु, अहङ्कारी हुनु र साखुल्ले बन्नु राम्रो होइन।

सजिलैसँग विजय प्राप्त गर्न सम्भव हुँदैन किनभने साहसपूर्वक हरेस नखाई संघर्षको मैदानमा अनेकौं चुनौतीसँग सामना गरेर सफलता हासिल गर्न सक्नुपर्छ।

–वसन्त खत्री

सधैं अरूको आलोचना गर्नुभन्दा एक दिन आफ्नो राम्रो बानीको वर्णन गर्नु पनि उपयुक्त हुन्छ।

'सेक्स' अवसर र चुनौती दुवै हो।

विचार, संगठन र संघर्षको अभाव भएको व्यक्तिले सफलताको आशा कमै राख्नुपर्छ।

अर्जुन दुङ्मेन, हाल : बगदाद, इराक

कसैलाई सुख दिन सकिँदैन भने दुःख पनि दिनुहुँदैन।

विवाह गरेर जोडी बाँधिनु नै ठूलो कुरा होइन आत्मनिर्भरता ठूलो कुरा हो।

पद्मा सिटौला, इटहरा

'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।

–सम्पादक

● सहर चर्चा ●

बलिउडमा फाइट मास्टर जितु

३० वर्षअघि उनी १६ वर्षको उमेरमा काठमाडौं पशुपति देवपतनका एक युवा डान्स मास्टर तारा थापाका साथमा मुम्बई आउँछन्। ती युवाको सपना थियो– बलिउडका चलचित्रमा काम गर्ने। थुप्रै दुःख-कष्ट एवं संघर्षपछि मेहनती, फुर्तिला ती युवाले अजय देवगनका बुबा फाइट कम्पोजर बिरु देवगनकहाँ स्टन्टम्यानका रूपमा काम गर्ने मौका पाए। त्यसपछि अमिताभ बच्चन, रेखा, जितेन्द्र, ऋषि कपुर, मिथुन चक्रवर्ती, हेमा मालिनी, श्रीदेवीदेखि लिएर पछिल्लो पुस्ताका अजय देवगन, अक्षय कुमार, गोविन्दा आदि नायक-नायिकाको डुब्लिकेटको भूमिका निर्वाह गर्दै उनले सयौं हिन्दी चलचित्रमा काम गरे। ३० वर्षदेखि लगातार बलिउडमा स्टन्टम्यानका रूपमा काम गरेका ती युवा अहिले ४६ वर्षका भैसकेका छन्। उनी दुई वर्षअघिदेखि फाइट मास्टर (द्वन्द्व निर्देशक) बनेका छन्। उनी हुन्– द्वन्द्व निर्देशक जितु सिंह। ३ सयभन्दा बढी हिन्दी चलचित्रमा नायक-नायिकाको डुब्लिकेटको भूमिका गरेका जितु आफू सबैभन्दा बढी जितेन्द्रको डुब्लिकेट बनेको बताउँछन्। अक्षय कुमारले आफ्नो कामको प्रशंसा गर्दै माउन्टेन मन्कीको संज्ञा दिएको जितु बताउँछन्।

फाइट मास्टर (द्वन्द्व निर्देशक) बनेपछि जितुले थुप्रै चलचित्रमा द्वन्द्व निर्देशन गरिसकेका छन्। यदि खुबी छ भने बलिउडमा नेपालीहरूले पनि नाम कमाउन सक्छन् भन्ने मान्यता राख्ने जितुले बालाजी टेलिफिल्म्सका थुप्रै सिरियलमा समेत काम गरिसकेका छन्। मुम्बईको मलाडमा परिवारसँगै बस्ने जितु नेपालका प्रत्येक घटनाक्रमलाई नजिकबाट हेरिरहेका हुन्छन्। जितु भन्छन्– जहाँ बसे पनि आखिर यो मन त नेपालमै रमाउँछ।

–वीरेन्द्र पौडेल

अरुणा पुन

गुरुङ र मगर भाषाका करिब आधा दर्जन चलचित्रकी कलाकार हुन् अर्चलबोट, पोखराकी अरुणा पुन। उनको रुचिको क्षेत्र भने मोडलिङ हो। उनले पोखराका केही फेसन सोमा पनि क्याटवाक गरिसकेकी छिन्। १८ वर्षीया अरुणा नृत्यमा पनि अब्बल मानिन्छिन्। ५ फिट ३ इन्च अग्ली अरुणाको लक्ष्य भने एयरहोस्टेज बन्ने छ। अरुणालाई मोडलिङप्रति गरिने नकारात्मक टीकाटिप्पणीले भने दिक्क बनाउँछ। भावनात्मक गीत सुन्न, नयाँ-नयाँ ठाउँको भ्रमण गर्न र धेरै साथी बनाउन मन पराउने अरुणालाई घमन्डी स्वभावका मानिस पटक्कै मन पर्दैनन्।

सबैसँग छिट्टै घुलमिल हुन सक्ने उनको स्वभाव उनका साथीहरूलाई मन पर्छ। अरुणाका आकर्षक तस्बिरहरू ठिकठाक डटकममा हेर्न सकिन्छ।

● साइबर गर्ल ●

● मुखाले ●

संविधान निर्माणले महत्त्व पाएन।

– गिरिजाप्रसाद कोइराला

सत्ता कब्जा गर्छु भन्नु बहुदलीय प्रतिस्पर्धाविरोधी धारणा हो।

– पशुपतिशमशेर राणा

राष्ट्रिय एकताको सरकारबिना टुंगोमा पुग्न सकिदैन।

– नीलाम्बर आचार्य

स्वायत्त मधेस, एक प्रदेश हाम्रो मुख्य माग हो।

– उपेन्द्र यादव, परराष्ट्रमन्त्री

सेनाको भर्ती अहिले पनि गोलमाल नै छ।

– चन्द्रप्रकाश खनाल

राजनैतिक कारणले मलाई माओवादीले षड्यन्त्र गरी फसाएको हो।

– बबन सिंह, स्वतन्त्र सभासद

हतियार दम्भले धम्क्याउनुको सट्टा संसदीय प्रणालीअनुसार सरकार चलाएर देखाऊ।

– रामचन्द्र पौडेल

माओवादी पतनको बाटोमा लागेको छ।

– कृष्ण पहाडी, मानवअधिकारकर्मी

भ्रष्टाचार र घुसखोरीजस्ता कुराहरू रोक्न सक्यौं भने मात्र हामीले मुलुकलाई परिवर्तनको बाटोमा लान सक्छौं।

– दीपक विष्ट, तेक्वान्डो खेलाडी

म एक्लै खुसी छु, मेरो जीवनमा कोही पनि आउनेछैनन्।

– माल्भिका सुब्बा, पूर्व मिस नेपाल

रेडलाइट एरिया र डान्सबार छुट्टा-छुट्टै कुरा हुन्

काठमाडौंको होटल याक एन्ड यति जाने बाटोमा फ्युजन डान्स बारमा नृत्य गर्ने एक आमयुवती हुन् शोभा राई। केही महिनाअघिसम्म दर्शकले खचाखच भरिएको यो डान्सबारमा शोभाको नृत्य हेर्दै नोटका बिटा फाल्नेहरूको तँछाड-मछाड हुन्थ्यो। अहिले पनि शोभाको नृत्यमा कुनै परिवर्तन आएको छैन, तर पनि उनी दर्शकविहीन भएकी छिन्। यो अन्तर्वार्ताले डान्सवारमा काम गर्नेहरूको एउटा अँध्यारो पाटोको प्रतिनिधित्व गर्छ भन्ने हामीलाई लागेको छ।

शोभा राई, बार डान्सर

दर्शक नै नभएको फ्लोरमा किन डान्स गरेको ?

मेरो काम नै डान्स गर्ने हो। म आफ्नो ड्युटी गरिरहेकी छु।

दर्शक नै नभएपछि डान्स कसले हेर्ने ?

रमाइलो गर्न आउनेहरू सुनसान मन पराउँदैनन्। आएको मानिस फर्किहाल्यो भने एउटा ग्राहक घट्छ। ऊ पनि फर्कियो भने मेरो डान्स सधैंका लागि बन्द हुन्छ।

दर्शक किन घटेका होलान् ?

सरकारमा भएका मनिसहरू छन् नि, उनीहरूले डान्स बारमा नचाहिँदो क्रियाकलाप हुन्छ भनेर प्रहरी पठाउन थाले। ११ बज्नेबित्तिकै जथाभावी गाली गरेर बार बन्द गराउन थाले। रमाइलो गर्न आउने मानिसले यस्तो कुरा कसरी सहन्थे र ? त्यही भएर आउन छाडेका हुन्।

११ बजेसम्म कसैले केही गर्दैन भन्ने कुरा दर्शकलाई बुझाउनुभएको छैन ?

मानिसहरू अरूतिर पार्टी सकेर, क्यासिनो खेलेर बोर भएपछि रमाइलोका लागि यहाँ आउने हुन्। उनीहरूलाई यति बजे रमाइलो गर यति बजे नगर भनेको मन पर्दैन। पैसावालाहरूलाई त्यसरी नियम बनाएको कसरी मन पर्छ र ? आफ्नो पैसाले पनि रमाइलो गर्न नपाइने भनेर झगडा हुन थालेपछि यस्तो भएको हो।

सरकारले त गलत कुरा रोक्न यस्तो नियम लगाएको भन्छ नि ?

कस्तो गलत कुरा ? नाच्नु, रमाइलो गर्नु नराम्रो कुरा हो र ? त्यसो भए चलचित्रको गीत पनि बन्द गर्नु नि, टेलिभिजन पनि बन्द गर्नु नि। हामी गाउँघरतिर रातभरि रोधी नाच्छौं, त्यसबेला त सबैले रमाइलो मान्थे। अहिलेचाहिँ के भयो र यस्तो नियम लागेको ?

डान्सबारको आडमा वेश्याबृत्ति पनि हुन्छ भन्ने आरोप छ नि ?

नाचेरै राम्रो आम्दानी भएपछि को अरूसँग सुत्न जान्छ ? म तीन छोरीकी आमा हुँ। घरमा मेरा श्रीमान् यतिखेर सुतिरहेका छन्। अनि मचाहिँ अरूसँग त्यस्तो काम गर्छु त ? नचाहिने आरोप लगाउन पाइन्छ ? के कसैले भन्नेबित्तिकै म वेश्या हुन्छु ?

तपाईंले नगरे पनि अरूले विकृति ल्याएका छन् रे नि ?

नाचेर खान नदिएपछि सुत्न जानु बाध्यता हुन सक्छ। बारमा मानिसलाई आउन नदिएर सरकारले हामीलाई जबरजस्ती वेश्यावृत्तितिर ढल्कन बाध्य बनाउँदैछ। कतिपयलाई मैले नै चिनेकी छु।

तपाईंको कुराले त वेश्यावृत्ति ठीक हो भन्ने अर्थ पो लाग्यो त ?

मैले धेरै पढेकी छैन। नियम-कानुन पनि बुझ्दिनँ, तर कसैले म आफ्नो शरीर बेच्छु भन्दा किन नपाउने ? बाबुआमाले त केही भन्दैनन् भने मन्त्रीहरूलाई किन टाउको दुखेको ? तलब घटेपछि कतिपय रात्रि व्यवसायीले वेश्यावृत्ति सुरु गरेका छन्। अब कसरी रोक्छ, सरकारले यसलाई ? धनीमानिसको घरमा गएर छापा मार्न सक्छ ? ठूला होटललाई थर्काउन सक्छ ?

के पहिलेको भन्दा तलब कट्टा भयो र ?

३० प्रतिशत कट्टा भयो। पहिले ९ हजार पाउँथ्यौं, अहिले ६ हजार पाउन थालेका छौं। आम्दानी घटेपछि साहूहरूको संघले यो निर्णय गरेको रे। पहिले महिनामा कम्तीमा पनि २० हजार टिप्स हुन्थ्यो, अहिले १ हजार पनि हुँदैन। संघले निर्णय गरेपछि यो सबैतिर लागू भएको छ। त्यसैले अरूतिर जान पनि सकिएको छैन।

इज्जत पनि नहुने, आम्दानी पनि नहुने यो पेसा छाडे भैहाल्यो नि ?

छाडेर के गर्नु ? तपाईंले जागीर दिनुहुन्छ ? सरकारले जागिर दिन्छ ? मेरा तीन छोरी कसले पाल्छ ?

गृहमन्त्रीले एउटा रेड लाइट एरिया तोकेर डान्स बार पनि त्यतै सार्ने कुरा गरिरहेका छन् नि ?

हाम्रा गृहमन्त्रीलाई रेडलाइट एरिया भनेकै थाहा छैन। रेडलाइट एरियामा वेश्यावृत्ति हुन्छ। डान्स बारमा डान्स हुन्छ।

तीन जना सन्तान जन्माएपछि पनि तपाईं आकर्षक हुनुहुन्छ, यसको कारण के होला ?

मेरो पेसा नै शरीर देखाएर डान्स गर्ने भएपछि मेन्टेन त गर्नैपर्‍यो नि।

आफ्ना छोरीलाई के बनाउन चाहनुहुन्छ ?

काम राम्रोसँग चल्दा धेरै पढाएर ठूलो मानिस बनाउन चाहन्थें। अहिले त के गर्ने हो भनेर सोच्न पनि सकेकी छैन।

यस्तो अवस्थामा सरकारलाई के भन्नुहुन्छ ?

म काठमाडौंको नयाँबजारमा बस्छु। प्रचण्ड बस्ने घरपछाडि नै छ मेरो डेरा। निर्वाचनका बेला जिल्लामा आमा, दिदी र भिनाजुले माओवादीलाई भोट हाले। उनीहरू माओवादीले हाम्रो भलो गर्छ भन्थे। मलाई पनि प्रचण्डको घरपछाडि बस्न पाएकोमा गर्व लाग्थ्यो, तर जुन बेलादेखि माओवादीको सरकार बन्यो, त्यस बेलादेखि हाम्रा दुःखका दिन सुरु भए। यस्तो सरकारलाई के भन्नु ? अँ, मेरो अवस्था कस्तो छ भनेर एकपटक मेरो डेरामा आउन गृहमन्त्री वामदेवलाई निम्तो दिन्छु। मेरा सन्तानको जिम्मा लिन आग्रह गर्छु।

–अश्विनी कोइराला

आवश्यकता

नेपाल सरकारबाट मान्यता प्राप्त NGO को सहयोगबाट ७ बर्षदेखि निरन्तर संचालित संस्थालाई साखा सञ्चालन गर्नकोलागि २१ कर्मचारी तु आवश्यकता।

तलब - रु ८,५००।-

महिलालाई प्राथमिकता,

सम्पर्क:

२०७३६१६, ९८४१६६११२४ ९८४११९९११९ मित्रपार्क, काठमाण्डौ

शनिबारपनि कार्यालय खुल्ला रहनेछ।

आवश्यकता

काँटी तथा कुरुषले बुन्न जान्ने २० जना भन्दा बढी हुने व्यक्तिको आवश्यकता

सम्पर्क : रेणु श्रेष्ठ

फोन नं.: ४२६९७०१, ४२६००७३

(समय: १०:००-५:००)

AU- PAIR

IN

GERMANY, FRANCE

NETHERLAND & DENMARK

(Only for GIRLS)

Save your cost for study in ABROAD ......

Language: English, Japanese, German @ 500/- only

IELTS @ 1000/- only

WORK & STUDY

NUCLEUS International Educational Pvt. Ltd.

Kupondole, Lalitpur, E-mail: nucleus.education@gmail.com

CONTACT

5 5 2 0 3 1 0

पालो तपाईंको ....!

के तपाईं SLC पास भएर पढाई छोडी निरास हुनु भएको छ ?

अब पीर नमान्नुहोस

Private I.A.

I.Com सजिलै पास गरौं

साथै: Private Test/SLC 2066, १ वर्षे +2, Science, Math नदिई SLC म पनि नयाँ भर्ना खुल्यो।

SANDRA OPEN SCHOOL

Sorakhutte 4361712, 2160393

नयाँ बानेश्वर 9841035814

तु- आवश्यकता

American Multinational Company को लागि कर्मचारी आवश्यकता

योग्यता: SLC or Above

संख्या: 8 Ladies & Gents

समय: 10 am to 5 pm

सुविधा: 8500+TA+अन्य

5532447,9803437476

9741111933

लोकेशन : रिङरोड ललितपुर नख्खु दोबाटो

Note : भेट्न आउँदा Document अनिवार्य छ।

तु- आवश्यकता

L.G company

लाई कर्मचारीको आवश्यकता

योग्यता: Test SLC Or Above

संख्या: 11 Gents & Ladies

तलब: 8500

Unique Reliance

2220042,9803152873

9803309891

लोकेसन: कोटेश्वर SOS को अपोजिट निखिलेश्वर मन्दिर प्रवेश मार्गको छेउको लामो घर

अर्जेन्ट आवश्यकता

NGO बाट विगत ५ वर्ष देखि संचालित संस्थालाई महिला विद्यार्थी कर्मचारीको आवश्यकता। पार्टटाइम, फुलटाईम जबको व्यवस्था

तलब : ७,५००।- + गाडीभाडा

संख्या : १७ जना

योग्यता : साधारण लेखपढ Test, S.L.C + Above

नोट : महिला विद्यार्थीको लागि उपयुक्त तथा ग्राहयता दिइने छ।

सम्पर्क : २०६३१००, ९८०३४८४०२६ ९८४९१६७९२५

(शनिबार पनि अफिस खुल्ला रहने छ।)

अर्जेन्ट आवश्यकता

NGO बाट विगत ५ वर्षदेखि संचालित संस्थालाई कर्मचारीहरुको आवश्यकता। पार्ट टाइम/फुल टाइम जबको व्यवस्था

गृहणी, विद्यार्थीले घरैमा बसी गर्न मिल्ने

तलब : ९००० + गाडी भाडा

संख्या : १० महिला/७ पुरुष

योग्यता : साधारण लेखपढ

S.L.C. +2 & Above

२०७२५४५, ९८४१४९३०२६

९८४९१५२०९२, चाबहिल

शनिबार पनि कार्यालय खुल्ने छ।

सौन्दर्यका सामान

Height बढाउने (Yoko Japanese)	- 1250/-
मोटोपन घटाउने (Sauna Belt)	- 1999/-
अनुहार गोरो बनाउने (Roop Amrit)	- 1299/-
स्तन बढाउने वा घटाउने Cream	- 1299/-
डण्डीफोर हटाउने (Face Pack)	- 1500/-
धुम्रपान छोड्ने रक्सी छुटाउने	- 1500/-
Body Slim Cream र Sauna Belt को	-3000/-
कपाल नझर्ने वा उमार्ने तेल	- 750/-

Free Home Delivery / 100% Guaranteed

Worldwide Shopping Centre

Newbaneshwor

(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)

Ph. 2290871, Mob. 9841506134

तु-आवश्यकता

Unique International company लाई कर्मचारी आवश्यकता।

संख्या: 10 Ladies/ Gents

योग्यता: SLC, Inter

तलब: 8500

सुविधा: Personality Development तथा Office Mgmt सम्बन्धी Free training

9803809968,9841747489

मित्रपार्क चोक, चावहिल

"गजब छ है गजब छ"

होटल तालिम

विदेश जानेहरूको लागि लिनै पर्ने तालिमका कक्षाहरू धमाधम संचालन भई रहेको छ।

कुक वेटर वारम्यात हाउसकिपिङ

होटल तालिम गजब छ !!!

कुक तालिममा वेटर फ्रि

EMTC Hotel Training

New Baneshwor,Thapagun

Contact: 4483969

लिंग परिवर्तनको बाटोमा

पृष्ठ १ बाट जारी

महत्त्वको विषय नबनाएको भूमिका बताउँछिन्। ‘लिंग परिवर्तन सबैको शरीरमा फिट नहुन सक्छ, त्यसकारण तेस्रो लिंगी भन्नेबित्तिकै लिंग परिवर्तन आवश्यक हुन्छ भन्ने छैन,’ भूमिकाले भनिन्- ‘मलाई लिंग परिवर्तन गर्नुपर्छ जस्तो लाग्दैन, लिंग परिवर्तनले विभिन्न समस्या ल्याउन सक्छ।’ लिंग परिवर्तनमा चासो राख्नेहरूलाई ब्लु डाइमन्ड सोसाइटीले आवश्यक परामर्श उपलब्ध गराइरहेको सोसाइटीका पूर्वअध्यक्ष तथा संविधान सभासद सुनिलबाबु पन्त बताउँछन्। ‘लिंग परिवर्तन गर्ने चाहना राखेका साथीहरूलाई डा. जगदीशलाल वैद्यकहाँ सम्पर्क राख्न भनेको छु,’ पन्तले भने- ‘तर मलाई थाहा भएसम्म कुनै साथी त्यहाँ पुग्नुभएको छैन।’

लिंग परिवर्तन भन्नेबित्तिकै त्यसका लागि के-के गर्नुपर्ला भनेर लिंग परिवर्तनको चाहना राख्नेहरू चिन्तित हुने गरेका छन्। त्यस्तै लिंग परिवर्तनपछि बेकार गरिएछ भनेर पछुताउनेहरू पनि हुन्छन् भन्ने सुनेका कारण पनि उनीहरूलाई थप समस्या हुने गरेको छ। कानुनी रूपमा तेस्रो लिंगीको अस्तित्वका लागि लडाइँ लडिरहेका उनीहरू कानुनी रूपमै आफ्नो चाहना कदर हुने भएपछि मात्र लिंग परिवर्तनको बाटोमा जाने हो कि भन्ने द्विविधामा रहेको बताउँछन्। ‘लिंग परिवर्तनपछि पनि हाम्रो परिचय तेस्रो लिंगी नै हो’, भूमिका भन्छिन्- ‘लिंग परिवर्तन भएपछि हामी महिला भैहाल्ने होइन, महिला बन्ने हाम्रो चाहनालाई यसले थप सहयोग मात्र गर्ने हो।’ लिंग परिवर्तन गरेर मासिक रूपमा महिनावारी नहुने, शिशु जन्माउन चाहिने पाठेघर नहुने तथा प्राकृतिक रूपमा अन्य महिलाजस्तो शारीरिक संरचना पनि नहुने हुँदा परिचय तेस्रो लिंगीकै रूपमा हुने भूमिकाले बताइन्।

लिंग परिवर्तन गर्ने चाहना राख्ने उनीहरू सबैका पुरुष साथी पनि छन् जसबाट उनीहरू जैविक यौन आनन्द लिन्छन्। अप्राकृतिक ढंगले यौनसुख लिइरहेका उनीहरूलाई सामान्य मानिसजस्तै व्यवहार गर्न सजिलो होस् भनेर पनि लिंगपरिवर्तनको चाहना बढेको बुझ्न सकिन्छ। तेस्रो लिंगीका पुरुष साथी भने तेस्रो लिंगी हुँदैनन्, कोही साधारण लोग्नेमानिस हुन्छन् भने कोही बाइसेक्सुअल (साधारण मानिस र समलिङ्गी दुवै यौनव्यवहार रुचाउने) हुन्छन्।

वरिष्ठ चिकित्सक जगदीशलाल वैद्यका अनुसार महिलाबाट पुरुष बन्न र पुरुषबाट महिला बन्न दुवै सम्भव छ। डा. वैद्य नेपालमा यो विषयसम्बन्धी ज्ञान भएका एक मात्र चिकित्सक हुन्। बेलायतमा रहँदा लिंग परिवर्तनका थुप्रै शल्यक्रिया गरेका चिकित्सक वैद्यका अनुसार पुरुषबाट महिला बन्न जति सहज हुन्छ, त्यतिकै महिलाबाट पुरुष बन्न गाह्रो हुन्छ।

डाक्टरको अनुभव

तपाईंले कतिवटा शल्यक्रिया गर्नुभएको छ ? डा. वैद्यले भने- ‘यतिवटा भन्ने छैन तर थुप्रै शल्यक्रिया गरेको छु।’ बेलायतमा कार्यरत रहँदा डा. वैद्यले अस्पतालका प्रमुख चिकित्सक लिंग परिवर्तनका निम्ति प्रख्यात भएकाले उनको सहायक भएर काम गरेका थिए। लिंग परिवर्तन जटिल प्रक्रिया भएको डा. वैद्य बताउँछन्। कुनै व्यक्तिको लिंग परिवर्तनअघि दुई वर्ष मनोचिकित्सकको मातहतमा बस्नुपर्छ। दुई वर्षको अवलोकनपछि मनोचिकित्सकले उसका बारेमा रिपोर्ट तयार पार्छन्। जुन रिपोर्टमा शल्यक्रिया आवश्यक छ भनिए मात्र लिंग परिवर्तन गरिने डा. वैद्यले बताए। रिपोर्टमा पारिवारिक तथा सामाजिक वातावरणलाई समेत प्रस्ट पारिएको हुन्छ।

अहिले पनि पश्चिमी मुलुकमा शल्यक्रिया गर्नुअघि यी सबै प्रक्रिया पुऱ्याएको हुनुपर्छ, तर थाइल्यान्ड र भारतको बैंगलोरमा गरिने यस प्रकारको शल्यक्रियाका लागि पूर्वप्रक्रिया पुगेकै हुनुपर्छ भन्ने छैन। डा. वैद्यका अनुसार शल्यक्रिया गरिसकेपछि उसमा आउने परिवर्तनका निम्ति शल्यक्रियापूर्व नै तयारी गर्न सक्नुपर्छ, किनकि शल्यक्रिया गरिसकेपछि उसलाई चाहेर पनि पुरानो अवस्थामा फर्काउन सकिँदैन। ‘एकपटक मैले शल्यक्रिया गरेर एक पुरुषलाई महिला बनाएको थिएँ,’ बेलायतमा रहँदाको अनुभव सुनाउँदै डा. वैद्यले भने- ‘एक महिनापछि उसले पुरानै अवस्थामा फर्काउन भन्यो, तर मैले केही गर्न सक्ने अवस्था थिएन।’

नेपालमा पनि लिंग परिवर्तनका बारेमा चासो लिनेहरू थुप्रै भएको सुने पनि परामर्श गर्न कोही नआएको डा. वैद्य बताउँछन्। बेलायतमै रहँदा उनले ६५ वर्षका एक पुरुषलाई महिला बनाइदिएपछि त्यो व्यक्ति जीवनको उत्तरार्द्धमा आएर आफ्नो भित्री इच्छा पूरा गरिदिएको भनेर असाध्यै खुसी भएको अनुभव पनि डा. वैद्यले सुनाए। ‘म नेपालमा पनि यस प्रकारको शल्यक्रिया गर्न तयार छु,’ उनले भने– ‘तर सामाजिक, कानुनी र माथी भनेजस्तै सबै प्रक्रिया पूरा गरेको अवस्थामा मात्र। शारीरिक रूपमा ठगिएको पीडा बोध गर्नेहरूको उद्धारका निम्ति मात्र म लिंग परिवर्तनको शल्यक्रिया गर्छु। म आफैं सिफारिश भने गर्दिनँ।’ २५ वर्षअघि बेलायतमा यो शल्यक्रिया गरे पनि प्रक्रिया उही नै भएकाले अहिले पनि शल्यक्रिया गर्न सकिने उनको भनाइ थियो। डा. वैद्यका अनुसार यस्तो किसिमको शल्यक्रिया पूर्ण रूपमा विकास हुन नसकेको योनिलाई पूर्ण अवस्थामा ल्याउन पनि गरिन्छ।

लिंग छेदनको होड

तराईका तेस्रो लिंगीहरूले पुरुष लिंग आफ्नो आत्माअनुसार नभएको भनेर सीमावर्ती भारतीय सहरमा गएर लिंग छेदन गर्ने गरेका छन्। यो क्रम बढ्दै गएको छ। ‘निर्वाण प्राप्त गर्न लिंग छेदन गरिन्छ’ मनीषाले भनिन्- ‘भारतमा हिजडा सोसाइटीमा सामेल हुन लिंग छेदन अनिवार्य मानिन्छ। मुक्ति प्राप्त हुने भन्दै उनीहरू लिंग छेदन गर्छन्।’ मनीषाका अनुसार तेस्रो लिंगी पनि अक्वा र निर्वाण दुई प्रकार हुन्छन्। हिजडा सोसाइटीमा सामेल हुन निर्वाण हुनैपर्छ अर्थात् लिंग छेदन गर्नैपर्छ, तर आत्मा महिलाकै भए पनि शारीरिक बनावट पुरुषको हुनेहरू अक्वा वर्गमा पर्छन्।

[redacted]

[redacted]

[redacted]

ट्रान्स-सेक्सुअल (यौन देहान्तर)

डा. राजेन्द्र भद्रा

महेशले आर्थिक रूपमा आफ्नो खुट्टामा उभिएपछि मात्र विवाह गर्ने बताए पनि अझै पनि यस विषयमा आलटाल गर्दैछन्। अब मातापिताको दबाब चर्को भएको छ र त्यसमा क्रोध पनि देखिन थालेको छ, तर उनले विवाह नगर्नुको वास्तविकता अर्कै भएको कुरा भने बताउन सकेका छैनन्। सानैदेखि उनलाई केटी हुन मन लाग्थ्यो र अहिले यो चाहना अझ प्रबल हुँदै गएको छ। उनलाई लाग्छ कि उनी पुरुषको शरीरमा भएका नारी हुन्, तर समस्या के भने सबैले उनलाई केटाकै रूपमा लिएका छन्। उनको मुख्य चिन्ता भनेको कसरी आफू केटी बन्न चाहेको कुरा व्यक्त गर्ने र मातापिता वा अरूलाई मनाउने ?

सामान्यतः कुनै पनि समाजमा जैविक रूपमा पुरुष शरीर भएपछि उसको लैङ्गिक भूमिका र पहिचान पनि पुरुषको नै हुन्छ। त्यसैगरी महिलाको शरीर भएपछि उसको लैङ्गिक भूमिका पनि महिलाको नै हुन्छ। यद्यपि सबै व्यक्तिमा त्यस्तो हुँदैन अनि आफूमा केही कुरा असमान्य भएको अनुभव गर्छ। अरूले अप्राकृतिक कुरा गरेको र लाञ्छना लगाएको मान्छन् अनि भेदभाव पनि गर्छन्। सन् १९५३ मा अमेरिकी नागरिक क्रिस्टिन जर्गेन्सनले डेनमार्कमा शल्यक्रिया गराई लिंग परिवर्तन गरी पुरुषबाट महिला बनेको कुराले संसार नै चकित भएको थियो। इतिहासलाई केलाएर हेर्दा ग्रीक, मेसोपोटामिया होस् वा मिश्रको सभ्यता पुरुष र महिलाभन्दा भिन्न लैङ्गिक स्थिति भएका व्यक्तिका अनेक उदाहरण पाइन्छन्। पुरुष र महिला मात्र नभएर तृतीय प्रकृतिको कुरा हिन्दू सभ्यतामा पनि उल्लेख छ। यो प्रसङ्गमा शिवको अर्धनारीश्वर रूपलाई स्मरण गर्नुपर्ने हुन्छ।

मानवजाति तथा अन्य मेरुदण्ड भएका प्राणीहरूमा पुरुष तथा महिला जातिको विशिष्ट शारीरिक गुण वा जैविक चरित्र देखिन्छ। पुरुषले शुक्रकीट र महिलाले डिम्ब उत्पादन गर्नेजस्ता अति नै फरक कुराका अतिरिक्त शारीरिक रङ्गरूपमा पनि धेरै भिन्नता पाइन्छ। भाले वा पोथी दुवैका कार्य सम्पन्न गर्न सक्ने प्राणीलाई उभयलिंगी भनिन्छ। केही जनावर तथा वनस्पतिका प्रजातिका लागि यो सामान्य भए पनि स्तनधारी प्राणीमा भने यो विरलै मात्र हुने कुरा हो।

मानवजातिमा पुरुष तथा महिलाका दुवै शारीरिक चारित्रिक विशेषता छन् भने उनीहरूलाई अंग्रेजीमा intersex भनिन्छ। उनीहरूलाई जन्मको बेलामा पुरुष वा महिलामध्ये कुनै एक लिंगका रूपमा लिइन्छ वास्तविकता जे सुकै भए पनि, त्यसैअनुसारका सामाजिक व्यवहार हुन थाल्छ। शरीर स्पष्ट रूपमा पुरुष वा महिलाको भए पनि आफ्नो भन्दा विपरीत लिंगीको भूमिका रुचाउने व्यक्तिलाई भने ट्रान्स-सेक्सुअल भनिन्छ। विपरित लिंगीप्रति नभई आफ्नै जस्तो समान लिंग भएका व्यक्तिप्रति यौनका दृष्टिले आकर्षित हुने व्यक्तिलाई समलिंगी भनिन्छ।

पुरुष समलिंगीलाई अंग्रेजीमा गे र महिला समलिंगीलाई लेस्बियन भनिन्छ। केही व्यक्ति भने पुरुष तथा महिला दुवैसँग यौनका दृष्टिले आकर्षित हुन्छन् जसलाई हामी अंग्रेजीमा bi-sexual (द्विलिंगी) भन्छौं। अंग्रेजीमा लेस्बियन, गे, बाई-सेक्सुअल, ट्रान्स-सेक्सुअल तथा इन्टरसेक्स सबैलाई नै छोटकरीमा LGBTI भनिन्छ। नेपालीमा भने LGBTI सबैलाई एकसाथ बुझाउन तेस्रो लिंगी भन्ने शब्दको प्रयोग भएको पाइन्छ, तर LGBTI लाई तेस्रो लिंगी वा अंग्रेजीमा third gender का रूपमा परिभाषित गर्ने वा अन्य रूपमा भन्ने कुरामा सबै सहमत भएको भने पाइँदैन। यसरी कतिपय कुरामा समानता भएको र आफ्ना आधारभूत अधिकारका लागि आबद्ध भएर तेस्रो लिंगी भनिए पनि प्रत्येकका केही फरक चारित्रिक विशेषता हुन्छ। अब तेस्रो लिंगीमध्येका एक महेशको स्थितिलाई केलाउने प्रयास गरौं। उसको जस्तो स्थितिलाई ट्रान्स-सेक्सुअल वा ट्रान्स-जेन्डर भनिन्छ।

ट्रान्स-सेक्सुअल भनेको के हो ?

ट्रान्स-सेक्सुअल व्यक्तिले निरन्तर रूपमा आफ्नो शारीरिक संरचनामा भएको लिंग अर्थात् जैविक लिंग र लैङ्गिक पहिचानमा अमेल भेट्छ अर्थात् एक किसिमको असमञ्जस भेटिन्छ। उनीहरूले आफू गलत शरीरमा भएको मान्छन्। मानसिक रूपमा आफू महिला वा पुरुष भएको (लैङ्गिक) पहिचानसँग शारीरिक रूपमा देखिने यौनाङ्ग वा सहायक चिन्हहरूसँग मेल खाँदैनन्। देखिँदा पुरुषजस्तो अर्थात् जैविक रूपमा पुरुष भए पनि पुरुष ट्रान्स-सेक्सुअल व्यक्तिहरूले आफूलाई महिलाको शरीर संरचनामा पाउन चाहन्छ र एक महिलाजस्तै भएर बाँच्न चाहन्छन्। त्यसैगरी महिला ट्रान्स-सेक्सुअल व्यक्तिहरूले आफूलाई पुरुषको शरीर संरचनामा पाउन चाहन्छन् र पुरुषजस्तै भएर बाँच्न चाहन्छन्।

ठ्याक्कै आँकलन गर्न सकिने अवस्था नभए पनि पुरुष ट्रान्स-सेक्सुअल १ लाखमा १ जना र महिला ट्रान्स-सेक्सुअल १ लाख ३० हजारमा १ जना हुने देखिन्छ। यसलाई चिकित्सा विज्ञानले जेन्डर आइडेन्टिटी डिसअर्डर भन्छ। यसमा निरन्तर रूपमा अर्को लिंगका रूपमा आफूलाई पाउन चाहने तथा आफ्नो जैविक लिंग एवं त्यससँग सम्बन्धित लैङ्गिक भूमिकाबाट परहेज गर्ने वा पर भाग्ने स्थिति देखिन्छ। मनोचिकित्सकले यसको सही मूल्याङ्कनमा सहयोग गर्न सक्छन्। कतिले ट्रान्सभेस्टाइट लाई पनि ट्रान्स-सेक्सुअल भित्रै राख्ने गरेको पाइन्छ, तर ट्रान्स-सेक्सुअलहरूलाई ट्रान्सभेस्टाइट मानिनुहुन्न किनकि उनीहरूले आफ्नो यौन उत्तेजनालाई बढाउन विपरीत-लिंगी पहिरन प्रयोग गर्छन्, तर शारीरिक तथा संरचनागत रूपमा सधैंका लागि लिंग तथा लैङ्गिक परिवर्तन गर्न चाहँदैनन्।

सम्भावित कारण के होला, निकै मतभेद देखिएको छ। जैविक (शारीरिक) तथा मानसिक दुवै कुराले प्रभाव पारेको मानिन्छ। स्पष्ट रूपमा ट्रान्स-सेक्सुअल व्यक्तिहरूमा व्यक्तिमा जहिले पनि उसको शरीरको यौन संरचनाप्रति अमेल भएको स्थिति हुन्छ। यस किसिमको मानसिक असहजता केही बेरका लागि भए पनि आफूले चाहेको जस्तो विपरीत लिंगको व्यक्ति भएको बहाना गर्दा पनि केही बेरका लागि कम हुन्छ।

स्वास्थ्य समस्याका कुरा

उनीहरूमा आफू गलत शरीरमा फसिएको अनुभूतिले एकदमै तनाव ल्याउँछ। समाजमा आफ्ना मनमा भएका कुरा बुझिदिने कोही हुँदैनन्, त्यसले मानसिक समस्या जस्तै कि चिन्ता, निराशाजस्ता कुरा पनि उत्पन्न हुन्छन्।

विशेष गरेर चिकित्साक्षेत्रमा गरिने हेयभाव तथा भेदभावले सामान्य वा अन्य स्वास्थ्य समस्याको उपचारलाई नै दुर्लभ बनाइदिन्छ। त्यसैले उनीहरू स्वास्थसेवा नै लिन नजाने हुन्छन्। उपचार लिन थालिहाले पनि त्यसलाई निरन्तरता नदिन सक्छन् वा उपचारको प्रगतिको अनुगमनका लागि चिकित्सककहाँ फर्केर नआउन सक्छन्। यस्तो स्थितिमा चिकित्सकको सुरपरिवेक्षणमा लिनुपर्ने हार्मोनलगायतका औषधीहरू आफैंले सुरु गर्न सक्छन्, जसको आफ्नै समस्या गर्छ। त्यसै गरेर शल्यचिकित्सा गराउने विचार गरे पनि त्यसको उपलब्धता, शल्यक्रियाका जटिलताजस्ता कुरालाई पनि यहाँ गाँस्नु मनासिव होला।

के गर्ने त ?

शरीर र मनको तालमेल नमिलेको स्थितिमा मानसिक तनाव त हुने नै भयो। त्यसमा पनि समाजमा आफ्नो स्थिति स्वीकार्य नहुँदा समस्या पर्छ नै। त्यसैले सुरुमै मानसिक रूपमा सही मूल्याङ्कन गर्नु आवश्यक छ र आफूले रोजेको जीवनयापन गर्न वा अन्य उपचार गर्न कत्तिको तयार छ भन्ने हेर्नु पनि। यसबेला व्यक्ति लिंग परिवर्तन वा अन्य उपचारका लागि कत्तिको तयार छ भन्ने कुरा समय लगाएर हेर्नुपर्छ। पुरुष वा महिला कुन लैङ्गिक भूमिकामा जीवनयापन गर्ने भन्ने कुराको निर्णय हतारमा गर्नु हुँदैन।

लैङ्गिक भूमिका परिवर्तन एक महत्त्वपूर्ण पाटो हो। एक-दुई वर्षकै परीक्षण अवधि राख्नुपर्ने हुन्छ, जसमा उसले चाहेको लैङ्गिक भूमिकामा ट्रान्स-सेक्सुअल व्यक्तिलाई राख्नुपर्छ। त्यसपछि ट्रान्स-सेक्सुअल विपरीत लिंगी व्यक्तिका रूपमा खुला जीवनयापन गर्न थाल्छ। केशसज्जा, पहिरन र रहनसहन पनि आफूले चाहेको लिंगको व्यक्तिजस्तै हुन्छ। हार्मोन निरन्तर लिइरहनुपर्ने हुन्छ, अर्को किसिमको पहिरन र नयाँ लैङ्गिक भूमिका गर्न लगाएपछि, के कस्तो तालमेल गर्न सकियो, व्यक्तिलाई कत्तिको सजिलो वा गाह्रो भयो भन्ने कुरा र उसले गरेका प्रगति हेरिरहनुपर्छ।

पुरुषलाई महिला हार्मोन इस्ट्रोजेन दैनिक रूपमा दिइँदा यसको प्रभावले छाला केही नरम हुने, मांसपेशीको मात्रा केही कम हुने हुन्छ, तर शरीरका सबै रौं जस्तै कि दाह्री जुँगा हटाउन इलेक्ट्रोलाईसिस नै गर्नुपर्ने हुन्छ। महिलाका हकमा भने पुरुष हार्मोन टेस्टोस्टेरोन दिइन्छ।

लिंग परिवर्तनको चाहना धेरैले गर्न सक्छन्। यसका लागि शल्यचिकित्सा गर्नुपर्छ। यस्तो उपचार महँगो मात्र होइन सहजै उपलब्ध पनि हुँदैन। यो एकपल्ट गरेपछि पुरानै स्थितिमा फर्काउन नसकिने हुन्छ। त्यसैले धेरै सोचविचारपछि व्यक्तिको चाहना र तयारीमा भर पर्छ। पुरुषबाट महिला बनाइँदा, अण्डकोष हटाउने, स्तन बनाउने वा लिंग हटाई योनिको संरचना बनाउने शल्यक्रिया गर्नुपर्ने हुन्छ। त्यसैगरी महिलाबाट पुरुष बनाइँदा पाठेघर र डिम्बाशय हटाउने, लिंगको संरचना बनाउने र स्तनलाई सानो पार्ने वा हटाउने काम हुन्छ।

अन्तमा,

भाग्यवश अन्य धेरै मुलुकको तुलनामा नेपाल यौन अल्पसंख्यकको यौन तथा मानवअधिकारको कुरामा निकै अघि छ। सन् २००७ डिसेम्बर २१ मा सर्वोच्च अदालतले गरेको निर्णयले यसको सुनिश्चितता गरेको छ, तर यसलाई व्यवहारमा उतार्न समाजमा भएका सबैको उत्तिकै भूमिका हुन्छ। आफूलाई गलत शरीरमा परेको जस्तो लागेको छ भने खुलेर मनका कुरा भन्ने आत्मविश्वास जुटाउनुपर्छ र अझै पनि समाजमा विद्यमान हेयभाव तथा भेदभावविरुद्ध संघर्ष गर्नुपर्छ।

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
मुहारको दाग चायाँपोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाइ बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
आस्था हेल्थ केयर
काठमाडौं, गोशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944

+2/SLC १ वर्षमै
❒ १ वर्षमै + २ पास गर्न चाहनुहुन्छ ?
❒ ७, ८, ९, १०, पास नगरी SLC दिन चाहनुहुन्छ ?
❒ Maths/Science नपढी SLC पास गर्न चाहनुहुन्छ ?
❒ SLC/+2 मा ५ वटा विषय पढे पुग्ने।
❒ जागीरे गृहिणीहरूले घरमै बसी पढ्न सक्ने।
❒ TU/HSEB/KU तथा विश्वभर मान्यताप्राप्त।
❒ Nepali/English भाषामा परीक्षा दिन सकिने।
पाथ-फाईन्डर
पुतलीसडक चोक, काठमाडौं 2005077, 9803003585

कष्मेटिक सर्जरी
- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
सम्पर्क:
PLASTOKOS
प्लाष्टिक सर्जरी क्लीनिक
०१६९१०५३२,९८०३८८३५७७
मानभवन, जावलाखेल

होटल तालिम
Cook,Waiter, Waitress, Room Boy, Front office, Bar man, Housekeeping
Chinees,Indian,Continental, Italian, Cooking Indian Veg. Special, Bakery, Ice-cream, Tamato, Ketchup, Jam & Squash, Pickles
सिट सिमीत छ
विशेषताहरु
Theory तथा Practical संगै गरीने छ।
तारे होटलमा Practical गर्न लगिने।
विदेश जानेको लागि विशेष व्यवस्था
५ तारे होटलका दक्षप्रशिक्षकबाट तालिम
अभियान पर्यटन तथा होटल
तालिम केन्द्र कुपण्डोल बस स्टप
५५३६०५७, ५५२३०८२, ९८४१२०८७४९

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

OASIS
Is old name plate for Institute in valley & still in use with us. We have no branches. If there's any this is the childish/shameful try to eat in others plate. O.L.C. family
Learn to Speak English
★Different level & packages (2 & 3 Months)
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

सम्पन्न भयो क्यान इन्फोटेक

शिव मुखिया

काठमाडौं– सूचना-प्रविधि क्षेत्रको बृहत् मेला क्यान इन्फोटेकको पन्ध्रौं संस्करण सोमबार सम्पन्न भएको छ। मेलामा सफ्टवेयर विकासकर्ता, इन्टरनेट सेवा प्रदायक, मोबाइल सेवा प्रदायक, नेटवर्किङ उपकरण, कम्प्युटर व्यवसायीलगायत १ सय १५ कम्पनीको सहभागिता थियो। मेलाअवधिभर ४ लाखभन्दा बढी अवलोकनकर्ताले भ्रमण गरेको आयोजक कम्प्युटर एशोसिएसन अफ नेपाल (क्यान)का अध्यक्ष सुरेशकुमार कर्णले बताए। मेला माघ १ गतेदेखि छ दिनसम्म भृकुटीमण्डपमा सञ्चालन भएको थियो।

'अपेक्षा गरेअनुसार मेला भव्य रूपमा सम्पन्न भयो,' क्यान इन्फोटेकको समापनपछि अध्यक्ष कर्णले भने- 'हामी धेरै उत्साही छौं।' सूचना-प्रविधिको क्षेत्रमा भित्रिएको नयाँ उपकरणका बारेमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले मेला आयोजना गरेको कर्णले बताए। 'मेलामा विभिन्न कम्पनीले उत्पादन गरेका प्रविधिका पछिल्ला संस्करण सार्वजनिक गरिएका थिए,' क्यानका द्वितीय उपाध्यक्ष किशोर पन्तले भने- 'बजारमा नदेखिएका प्रविधिहरू एकै थलोमा देख्न पाउनु मेलाको विशेषता हो।'

मेलामा गेमिङ पिसी, भिडियो कन्फरेन्सिङ, डिजिटल फोटो फ्रेम, एयर माउस, टचस्क्रिन ल्यापटपजस्ता नयाँ प्रविधि सार्वजनिक गरिएका थिए। त्यस्तै, विभिन्न ब्रान्डका ल्यापटप तथा डेक्सटप कम्प्युटर, मोबाइल सेट, आइपड, अत्याधुनिक प्रिन्टर, खाना पकाउने कम्प्युटर, डिजिटल पकेट भिडियो रेकर्डर मेलाको आकर्षण बनेको थियो। 'कतिपय प्रविधि यही अवसरमा प्रथम पटक सार्वजनिक गरिएको छ,' क्यानका महासचिव विनोद ढकालले भने। श्रेष्ठ अमृत ट्रेडर्सको कलर सेपेरेसन गर्ने इन्कजेट सीटीबी, इलेक्ट्रोनिक डायरी, शास्त्र नेटवर्कको नेटवर्क सोलुसन मेलाका अन्य आकर्षण थिए।

'एकै ठाउँमा विभिन्न थरीका प्रविधि हेर्न पाइयो,' लगातार तीन दिन मेला अवलोकन गरेका धनकुटाका नरेश श्रेष्ठले बताए। एकै थलोमा विभिन्न प्रविधिका सम्बन्धमा बुझ्न पाउने र मन परे छानी-छानी किन्न पाउने अवसरलाई उनले गुमाउन चाहेनन्। 'तीन दिन चहारेर पेन ड्राइभ किनेको छु,' चार जिवीको पेनड्राइभ हातमा खेलाउँदै श्रेष्ठले बताए- 'क्यान अफरसहित यसलाई ६ सय पचास रुपियाँ तिरें।' पेन ड्राइभ, हुफर, हेडसेट, आइपड, मोबाइल सेटजस्ता सामग्री छुट मूल्यमा किन्न पाउने भएकाले ती सामग्री राखिएको स्टलहरूमा युवायुवती झुम्मिएका देखिन्थे।

मेलामा विभिन्न ब्रान्डका ल्यापटपले अवलोकनकर्ताको मन लोभ्याएको थियो। ९ इन्च र १० इन्च आकारको मोडलमा उपलब्ध पछिल्लो संस्करणको इ-पीसी ल्यापटप हातमा लिएर खेलाउनेहरू धेरै देखिन्थे। 'महिनौं लगाएर खोज्नुपर्ने ल्यापटप एकै ठाउँमा भेटियो,' ल्यापटपको खोजीमा छ महिना गुजारेका मोरङका पुण्य अधिकारीले भने- 'कुन कम्पनीको ल्यापटप कस्तो हुन्छ भनेर जानकारी लिन लामो समय खर्च गर्नुपरेन।'

मेलामा सफ्टवेयर विकासकर्ता कम्पनीहरूले आफूले उत्पादन गरेका विभिन्न सफ्टवेयर प्रदर्शनीमा राखेका थिए। 'हामीले नेपाल लिपि, रञ्जना लिपि, थूहिती लिपिको सफ्टवेयर ल्याएका छौं,' सफ्टवेयर विकासकर्ता देवदास मानन्धरले भने- 'यो भाषा लिपि रूपान्तरणमा सहयोग पुर्‍याउने सफ्टवेयर हो।' क्यान अफरसहित २ सय रुपैयाँमा उनका सफ्वेयर सिडी धमाधम बिक्री भैरहेको थियो। त्यस्तै, लोडसेडिङको मार खेपिरहेका उपभोक्ताहरूलाई लक्षित गरेर विभिन्न विद्युतीय सामग्रीहरू पनि मेलामा राखिएका थिए। शैक्षिक परामर्शका लागि पनि मेलामा शैक्षिक संस्थाहरूको बाक्लै उपस्थिति देखिन्थ्यो।

नेपाल टेलिकम, स्पाइस नेपाल, नियोटेरिक प्रा.लि., वर्ल्ड लिंक, मर्कन्टायल, सागर इन्टरनेशनल, श्रेष्ठ अमृत ट्रेडर्स आईईसी नेपाल आदि सेवाग्राही तथा व्यावसायिक संस्थाहरूले आफ्ना नयाँ सेवा सार्वजनिक गरेका थिए। 'सानो आकारको ल्यापटप, सिपीयुले दर्शकको मन जितेको छ,' महासचिव ढकालले भने। अप्टिकल फाइवर, कम्प्युटर डिजाइन गरेर काठको ढोका कुद्ने मेसिन, एटेन्ड रजिस्टार, सेन्सर स्विच, वोर्ड प्रिन्ट गर्ने फ्लेक्स प्रिन्टर, अर्थक्यु अलार्मजस्ता थुप्रै नयाँ प्रविधिप्रति अवलोकनकर्ता आकर्षित भए। मनिटरमा नै सीपियुजडित हाइब्रिड पिसी कम्प्युटर, सीसीटिभी क्यामेरा, मेगाटेकले सार्वजनिक गरेको पेटालको ब्रान्डेड फोन सेट, डब्लु डिको एक्सट्रनल हार्ड डिक्सजस्ता प्रविधि मेलामा प्रदर्शन गरिएका थिए।

सूचना प्रविधिको मेला विद्यार्थीवर्गका लागि अध्ययनस्थल बनेको थियो। विभिन्न विद्यालयका विद्यार्थीहरू अध्ययन भ्रमणका लागि मेलामा पुगेका थिए। मेलाको तेस्रो दिन बिजनेस डे राखिएको थियो। 'उपभोक्ता र व्यवसायीबीच दोहोरो सम्बन्ध स्थापित गर्न बिजनेस डे राखेका हौं।' अध्यक्ष कर्णले बताए।

क्यान इन्फोटेककै अवसरमा दुई दिन अन्तर्राष्ट्रिय स्तरको सूचना तथा सञ्चार प्रविधि (आईसीटी) सम्मेलन पनि भएको थियो। सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सूचना तथा सञ्चार प्रविधिविज्ञहरूले कार्यपत्र प्रस्तुत गरका थिए। 'आईसीटी माइलस्टोन फर न्यू नेपाल' शीर्षकमा आयोजना गरिएको यो सम्मेलनको उद्घाटन गर्दै वातावरण विज्ञान तथा प्रविधि मन्त्री एवं सम्मेलनको कि-नोट स्पिकर गणेश शाहले सूचना प्रविधिको वर्तमान अवस्था र भविष्यको प्रस्तावना विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए। त्यस्तै, अर्का कि-नोट स्पिकर इन्टरनेट विशेषज्ञ भारतका अमिताभ सिंघलले आईसीटी डेभलपमेन्टका विषयमा मन्तव्य व्यक्त गरेका थिए।

टेलेक्स कन्सल्टिङ सर्भिस प्रा.लि. भारतका निर्देशक सिघंलले सूचना तथा प्रविधिलाई माध्यम बनाएर विकसित बनेका मुलुकहरूको उदाहरण दिँदै त्यसबाट नेपालले शिक्षा लिनुपर्ने बताए। पहिलो पटक सम्मेलनमा लाइभ भिडियो कन्फरेन्सिङबाट जापान, अमेरिका तथा कोरियाका सूचना प्रविधि विज्ञहरूले कार्यपत्र प्रस्तुत गरेका थिए। उद्घाटनसत्रमा क्यान अमेरिकाका तर्फबाट भिडियो कन्फरेन्सीमार्फत सम्मेलन शीर्षकमा कार्यपत्र प्रस्तुत गरिएको थियो। लाइभ भिडियो कन्फरेन्समा सम्मेलनका सहभागीहरूले कार्यपत्र प्रस्तोतामाझ सीधा अन्तर्क्रिया गरेका थिए। सम्मेलनमा साइवर क्राइम, साइवर ल, इ गभर्नेन्स, नेटवर्किङ कम्युनिकेसन, पब्लिक एक्सेस टु इन्फरमेसन आदि विषयमा कार्यपत्र प्रस्तुत भएका थिए।

बुटवलमा इन्फोटेक

बुटवल– कम्प्युटर एसोसिएसन अफ नेपाल लुम्बिनीको आयोजनामा माघको दोस्रो सातादेखि बुटवलमा सूचना-प्रविधि प्रदर्शनी हुने भएको छ।

हाटबजारलाइनस्थित बालमन्दिर प्राङ्गणमा माघ १६ देखि १९ गतेसम्म सञ्चालन हुने इन्फोटेकमा स्वदेश तथा विदेशका नयाँ सफ्टवेयर, सूचना-प्रविधि इन्स्टिच्युट, कम्प्युटर व्यवसायी, नेटवर्क र इन्टरनेट सेवा प्रदायक संस्था, टेलिकम सेवा प्रदायक संस्था, एजुकेसनल कन्सल्टेन्सी, आइटी कलेज तथा विश्वविद्यालयका गरी १ सय २० वटा स्टल रहने आयोजकले जानकारी गराएका छन्।

इन्फोटेकमा स्वदेशी तथा विदेशी विज्ञहरूको सहभागितामा आईसीटी कन्फेरेन्स, पश्चिमाञ्चलमै पहिलोपटक 'एडीएसएनएल' सेवाको सुरुवात र मा.वि. तथा उच्च मा.वि.का विद्यार्थीबीच 'आइटी नलेज डेमोन्स्ट्रेसन' प्रतियोगिता हुनेछ।

इन्फोटेकमा ल्यापटप कम्प्युटर, मल्टिमिडिया प्रोजेक्टर आदि सामान खरिदमा विशेष छुट दिइने आयोजकहरूको दावी छ। इन्फोटेकले बताएका छन्। लुम्बिनी अञ्चलमा सूचना-प्रविधि पढाइ हुने दुई कलेजसहित झन्डै २ सय संस्था र ६ सय जना विद्यार्थी सूचना-प्रविधिमा उच्च शिक्षा अध्ययनरत छन्। सूचना-प्रविधिमा उच्च शिक्षा अध्ययन गर्न विदेश जाने नेपाली विद्यार्थीहरूको संख्यामा ६० प्रतिशतले कटौती भै नेपालमै अध्ययन गर्न थालेको दाबी क्यान लुम्बिनीले गरेको छ।

-टोपराज शर्मा

क्यान इन्फोटेकमा नयाँ प्रविधिको आकर्षण

काठमाडौं– स्याङ्जाका पदमप्रसाद पाण्डे भृकुटीमण्डपस्थित सूचना-प्रविधि मेलामा नेपाली बजारकै सबैभन्दा सस्तो ल्यापटप हेर्न बाक्लो भिड छिचोल्दै थिए। उमेरले ५६ को नेटो काटिसकेका पाण्डेले १२ हजार रुपियाँमा ल्यापटप पाइन्छ भनेर कल्पनै गरेका थिएनन्। केही घण्टाअघि मात्र आफ्ना छोराका लागि ५५ हजार रुपियाँ मूल्य बराबरको ल्यापटप बुक गरेका पाण्डेले १२ हजार रुपियाँ पर्ने ल्यपटप खेलाउँदै भने- 'अब कम आय भएका नेपालीले पनि ल्यापटप बोकेर हिँड्ने दिन आएछ।' चिनियाँ ज्वाइनटेक कम्पनीले उत्पादन गरेको सस्तो मूल्यको ल्यापटपले पाण्डेलाई मात्र होइन, सबैलाई चकित बनाएको थियो।

क्यान इन्फोटेकमा विभिन्न नयाँ-नयाँ उपकरणले अवलोकनकर्ताको ध्यान खिचेको थियो। गत माघ १ गतेदेखि छ दिनसम्म चलेको मेलामा विश्वबजारमा भित्रिएको नयाँ प्रविधिहरू अवलोकनकर्ताका निम्ति विशेष आकर्षण वने।

[redacted]

नेपाली बजारमा नयाँ प्रविधिका रूपमा भित्रिएको गेमिङ पिसी, डिजीटल पकेट भिडियो रेकर्डर, डिजिटल फोटो फ्रेम, सानो फोटो प्रिन्टर, भिडियो कन्फरेन्सिङ, खाना पकाउने कम्प्युटर, कम्प्युटरको ताररहित किबोर्ड तथा माउस, अल्मुनियमको ल्यापटप, सस्तो ल्यापटप, ए थ्री पेपर इन्कजेट मल्टीफङ्सन प्रिन्टर आदि मेलामा पहिलो पटक सार्वजनिक गरिएको थियो। 'बजारमा नआएका नयाँ प्रविधि यहाँ देख्न पाइयो,' डिजिटल फोटो फ्रेमको स्टल अघिल्तिर भेटिएका बिकल्प सुब्बाले भने- 'नयाँ उपकरण हेर्नुका साथै मन परेको सामग्री खरिद गर्न यहाँ अएको हौं।' मेलामा उनले डिजिटल पकेट भिडियो रेकर्डर पनि खरिद गर्न भ्याए। ज्वाइनटेक कम्पनीको उत्पादन यो रेकर्डरमा ३ मेगा पिक्सलको भिडियो खिच्न सकिने सुविधा छ।

कम्प्युटर गेमका लागि उपयुक्त गेमिङ पिसी पनि मेलामा पहिलो पटक सार्वजनिक गरिएको थियो।

एसपाइर-जी मोडलको यो प्रविधि एसर कम्पनीको उत्पादन हो। यसबाट उच्च स्तरको भिडियो एवं ग्राफिक एडिटिङसमेत गर्न सकिन्छ। इप्सन कम्पनीले उत्पादन गरेको सानो आकारको फोटो प्रिन्टरले पनि अवलोकनकर्ताको मन लोभ्याएको थियो। उक्त प्रिन्टरबाट डिजिटल क्यामेरामा खिचेको तस्बिर सोझै धुलाउन मिल्छ।

विभिन्न कम्पनीका आकर्षक ल्यापटपप्रति युवाहरूको विशेष रुचि देखिन्थ्यो। एसर, एचसीएल, सोनी, सामसुङ आदि कम्पनीले उत्पादन गरेका विभिन्न मोडलका ल्यापटपहरू मेलामा सार्वजनिक गरिएको थियो। ७ देखि १० इन्च सम्मको स्क्रिन भएको एक किलोग्रामभन्दा पनि कम तौलको ल्यापटपले आगन्तुकलाई आकर्षित गरेको थियो। 'टचस्क्रिन ल्यापटप, टचस्क्रिन एलसीडी मनिटर नौलो लाग्यो,' पोखराका आदित्य गुरुङले भने। आफूलाई चित्त बुझ्ने ल्यापटप खरिद गर्ने सोचमा उनी मेलामा आएका थिए। थरी-थरीका मोबाइलका स्टलमा पनि भीड जमेको थियो। जी-टाइडले मेलाकै अवसरमा सार्वजनिक गरेका मोबाइल सेटले अवलोकनकर्ताको मन जितेको थियो। एप्पलका आकर्षक आइपोड पनि धेरेको रोजाइ बने।

अमेरिकन डायबोल्ड कम्पनीले विकास गरेका एटीएम मेसिनहरू पहिलो पटक सार्वजनिक गरेको थियो। मेलामा अप्टिकल फाइबरको पनि प्रदर्शनी गरिएको थियो। वर्ल्ड लिंकले अनलाइन ब्याकअप सोलुसनका रूपमा 'डेटासेफ' प्रविधि मेलामै पहिलो पटक सार्वजनिक गरेको थियो। कम्प्युटर प्रयोगकर्ताले आफूले चाहेका फायल तथा डकुमेन्ट इन्टरनेटमार्फत वर्ल्ड लिंक डेटा सेन्टरको सर्भरमा राख्न पाइने यो सुविधाले भरपर्दो ब्याकअप हुन्छ। वर्ल्डलिंकले होस्टेड इमेल सेवा पनि मेलामा पहिलो पटक प्रस्तुत गरेको थियो। ठूलो आकारको सिपियु (सेन्ट्रल प्रोसेसर युनिट) को सानो स्वरूप इ-बक्स पनि मेलामा सार्वजनिक गरिएको थियो। यसलाई उपभोक्ताले युएसबी पोर्टको सहायताले जुनसुकै मनिटरमा राखेर पनि काम गर्न सक्छन्। ई-बक्स सिपियुलाई स्क्रुको सहायताले एलसिडी मनिटरको पछिल्तिर टाँस्न पनि मिल्छ।

साप्ताहिक इनको

त्यसै बिग्रियो सम्बन्ध

जेनी कुँवर निर्मात्री हुन्। पछिल्लो पटक उनले बनाएको चलचित्र हो 'हलचल'। नाम जस्तै उनको चलचित्रले हलचल मच्चाउला-नमच्चाउला तर यसका केही कलाकारले सुटिङमा भने राम्रै हलचल मच्चाए। जेनी समयमै सुटिङ सक्ने निर्मात्रीका रूपमा चिनिन्छिन्। सुटिङमा लफडाको कारण बनेकी थिइन् अभिनेत्री मेलिना मानन्धर। अन्य दृश्यको सुटिङ सकेपछि क्लाइमेक्स दृश्यका लागि मेलिनाले थप १५ हजार पारिश्रमिक माग गरेपछि हलचलको सुटिङ केही दिन रोकिएको जानकारहरू बताउँछन्। सुटिङ युनिटका अन्य सदस्यले यस विषयमा मुख खोले पनि जेनी स्वयं भने केही बताउन चाहन्नन्। 'खै मैले त कसरी भन्ने र ? थाहा नभए जस्तो गर्नु परेको छ'- जेनीले भनिन्।

युनिटका एक सदस्यले दिएको जानकारी अनुसार हलचलको डबिङ बाँकी नै रहेकाले जेनी यस विषयमा खुल्न चाहेकी छैनन्। भनिन्छ, अहिले जेनी र मेलिनाबीच राम्रो बोलचाल छैन। १५ हजारकै कारण उनीहरूको सम्बन्ध बिग्रने सम्भावना प्रवल छ।

हिरोलाई हलको समस्या

कुनै समय थियो नायक श्रीकृष्ण श्रेष्ठले निर्माण नियन्त्रकको सेड्युल अनुसार हिंडे पुग्थ्यो। सुटिङ कुन स्थानमा हुँदैछ तोकिएको स्थानमा पुगेर निर्देशकको आदेश अनुसार काम गरेपछि श्रेष्ठ आफ्नो सुरमा हिंड्न पाउँथे तर अहिले त्यस्तो छैन। आफ्नो सेड्युल अनुसार धेरैलाई हिंडाउनुपर्ने बाध्यता छ। किनकि अब उनी नायकमै सीमित रहेनन्, निर्माता पनि बनेका छन् । 'कहाँ भेटिएला' शीर्षकको चलचित्र बनाएका श्रीकृष्ण प्रदर्शनका लागि हल नपाएर चिन्तित छन्। श्रेष्ठ भन्छन्- 'चलचित्र त बनाइयो बनाउन भन्दा चलाउन धेरै गाह्रो पर्ला जस्तो छ।' चलचित्र चलाउन यति गाह्रो होला भनेर उनले कहिल्यै सोंचेका थिएनन्। तीन महिनाभन्दा बढी भयो उनले प्रिन्ट निकालेको। प्रिन्ट आएपछि काठमाडौंमा चलचित्र चलाउने शैली पनि भताभुङ्ग भएको छ। कहिले क्यु सिस्टम त कहिले के ? काठमाडौंका ठालु निर्माता र हलवालाले आफूखुसी नियम बनाउने गरेका छन् चलचित्र चलाउन। त्यसकै मारमा परेका छन् निर्माता-नायक श्रीकृष्ण श्रेष्ठ।

जन्म दिनको शुभकामना

माघ १० गते : त्रिलोक राना
इतु जोजिजु
माघ १३ गते : भरत सिटौला
तारा थापा
माघ १५ गते : सरोज के.सी.

साप्ताहिक आइइसी डिजाइनर कन्टेस्ट

काठमाडौं- फेसन र डिजाइनिङका समाचार तथा लेखहरू प्रकाशित गरिरहने कान्तिपुर पब्लिकेसन्सको साप्ताहिक प्रकाशन *साप्ताहिक* आगामी माघ १७ गते बृहद् रूपमा आयोजना हुन गैरहेको फेसन डिजाइनरहरूको स्पर्धाको आयोजनामा प्रत्यक्ष संलग्न भएको छ। फेसन डिजाइनिङसम्बन्धी औपचारिक प्रशिक्षण प्रदान गर्ने नेपालको एक अग्रणी फेसन डिजाइनिङ कलेज आइइसीले बर्सेनिजसो आयोजना गर्दै आएको फेसन डिजाइनिङ प्रतिस्पर्धा 'आइइसी डिजाइनर कन्टेस्ट' यो वर्षदेखि 'साप्ताहिक आइइसी डिजाइनर कन्टेस्ट' का रूपमा आयोजित हुँदैछ।

युवादेखि वृद्ध, फेसनदेखि चलचित्र तथा संगीतका सम्पूर्ण खुराक समेटिने साप्ताहिकसँग संलग्न भएपछि निश्चय पनि यसपटकको प्रतिस्पर्धा रोचक तथा स्मरणीय हुनेछ।

त्यसमा पनि आइइसीका नेपालभरिका शाखामा अध्ययनरत झण्डै १ सय ८० जना प्रतिस्पर्धीले दिइएका नौवटा विषयमा फेसन कला प्रस्तुत गर्दैछन्। जसमा काठमाडौंबाट १ सय २५, पोखराबाट २४, धरानबाट १० जनाका साथै बुटवल तथा वीरगन्जबाट पनि प्रतिस्पर्धीहरू सहभागी हुने क्रम चलिरहेको छ। दिइएका विषयमध्ये सबैभन्दा बढी काठमाडौंका प्रतिस्पर्धीहरूको भागमा परेको छ। जसमा उनीहरूले वायु, बोटविरुवा, जंगल, अन्तरिक्ष, जीवजन्तु र ज्वालामुखी विषयमा केन्द्रित रही आफ्ना सिर्जना प्रस्तुत गर्नेछन्। त्यसैगरी पोखराका प्रतिस्पर्धीहरूले प्रकाश, जल र फूल विषयमा आफ्ना सिर्जना देखाउनेछन् भने धरानका प्रतिस्पर्धी डिजाइनरहरूले एउटा मात्र विषय फूलमा आफ्नो कला देखाउनेछन्।

साँझ साढे चार बजेपछि कान्तिपुर टेलिभिजनबाट प्रत्यक्ष प्रसारण गरिने उक्त बृहद् कार्यक्रममा देशका चलचित्र, मोडलिङ तथा खेल जगतमा आफ्नो विशिष्ट परिचय बनाइसकेका सेलिब्रेटीहरू पनि विशिष्ट अतिथिका रूपमा र्‍याम्पमा प्रस्तुत हुँदैछन्। नाम कहलिएका गायकहरूका गीत तथा केही रोचक नृत्य पनि कार्यक्रमको आकर्षणका रूपमा रहनेछ। निर्णायक मण्डलमा पनि चलचित्र, मोडलिङ, फेसन डिजाइनिङ, सौन्दर्य, व्यवसाय, सञ्चार आदि क्षेत्रका कहलिएका व्यक्तित्वहरूको संलग्नता रहनेछ।

विशेषगरी विशिष्ट पाहुनाहरूका सामुन्ने बृहद् ढंगबाट होटल याक एन्ड यतीको रिगल हलमा हुन लागेको यो प्रतिस्पर्धा नेपालको फेसन उद्योग तथा फेसनप्रेमीहरूका लागि दर्शनीय हुने कुरामा दुईमत छैन। आइइसीकी सञ्चालिका शैलजा अधिकारीका अनुसार २० जना मोडलका साथ सेलिब्रेटीहरूको र्‍याम्प वाकले सोलाई विशेष बनाउनेछ र यो सो आइइसीकै इतिहासमा सबैभन्दा भव्य सोका रूपमा सम्झनामा रहनेछ।

फेसन डिजाइनिङमा आईईसी

सम्भावना, चुनौती, अवसर तथा प्रतिस्पर्धाको वर्तमान परिस्थितिमा रोजगारमूलक, व्यावहारिक एवं व्यावसायिक शिक्षा समयानुकूल मानिन्छ। आममानिसको फेसनप्रतिको लगाव, यस क्षेत्रमा विद्यमान अवसर एवं सम्भावनासँगै नाम, दाम र चर्चा–आर्जनका दृष्टिले फेसन डिजाइनिङतर्फको आकर्षण बढ्दो छ। मोफसललगायत राजधानीमा बढ्दै गएको फेसन डिजाइनिङसम्बन्धी शिक्षा दिने संस्था एवं बढ्दो बुटिकहरू संख्याले फेसन डिजाइनिङ क्षेत्रको विकसित हुँदै गएको अवस्थातर्फ संकेत गर्छ।

भारतको इन्डियन एजुकेसन सेन्टरको शाखाका रूपमा ११ वर्षअघि काठमाडौंको बागबजारमा स्थापना भएको आईईसी सेन्टर एक दशकपछि आईसी कलेज अफ आर्ट एन्ड फेसनका रूपमा रूपान्तरण हुन सफल भएको छ। आईईसी, आईएसओ ९००१ : २००० गुणस्तर प्राप्त संस्था हो, जसको काठमाडौं शाखाले सन् २००३ मा अमेरिकाको गोल्ड क्वालिटी एजुकेसन एवार्डसमेत प्राप्त गरिसकेको छ। काठमाडौंमा ११ वर्षको अनुभव सँगालिसकेकको आईईसीले पोखरा, वीरगन्ज, जनकपुर, बुटवलमा सफतलापूर्वक आफ्नोशाखा विस्तारित गरिसक्केकोछ भनेधरान र विराटनगरमा पनि यसले चाँडै आफ्नो उपस्थिति जनाउने लक्ष्य लिएको छ।

नेपाली फेसन डिजाइनिङ क्षेत्रमा आफ्नो छुट्टै पहिचानका साथै चर्चामा रहन सफल आईईसीले आफ्नो स्थापनाकालदेखि नै विभिन्न फेसन एवं र्‍याम्प गतिविधिमा आफ्नो सक्रिय उपस्थिति जनाउँदै आएको छ। लिटिल लेडी पेजेन्ट, किड क्विन नेपाल, मास्टर स्टार, मिस लिटिल नेवा:जस्ता बालसौन्दर्य एवं प्रतिभामापनका प्रतिस्पर्धा होस् वा लक्स ब्युटी स्टार, लक्स सुपर मोडल हन्ट, मिस नेवा:लगायतका प्रतिस्पर्धामा आईईसीका डिजाइनरहरूले आफ्ना सिर्जना प्रस्तुत गरेर प्रशंसा बटुल्न सफलता प्राप्त गरेका छन्। प्रतियोगितात्मक कार्यक्रमका अतिरिक्त थुप्रै फेसन सोमा समेत आईईसीका डिजाइनरहरूको कल्पनाले र्‍याम्पको माध्यमबाट दर्शकसामु पुग्ने दर्जनौं अवसर पाइसकेको छ। फेसन सप्ताहको अवधारणालाई नेपाली परिवेशमा भित्र्याउने श्रेय पनि आईईसीलाई नै जान्छ। सन् २००४ मा सनसिल्क नेपाल फेसन सप्ताहका रूपमा प्रारम्भ भएको फेसन सप्ताहको यात्राले ल्याक्मे फेसन सप्ताह–२००७ सम्म आइपुग्दा चारवटा संस्करण भव्य रूपमा प्रस्तुत गरिसकेको छ।

आईईसीका डिजाइनहरूको सिर्जना र्‍याम्पमा सीमित नभएर ठूलो पर्दाको आवरणलाई सजाउनसमेत सफल देखिन्छ। खानदान, यो मायाको सागर, जिन्दगानी, हिरो, पिंजडा, उपकार, ढुकढुकी, उपहारजस्ता थुप्रै चलचित्रको फेसन र स्टाइलको संवाहकका रूपमा आईईसीका डिजाइनरहरूको कल्पनशीलताले भूमिका खेलेको छ। फेसनको व्यावसायिक बजारमा ७० भन्दा बढी बुटिक आईईसीबाट प्रशिक्षित डिजाइनरहरूले सञ्चालन गरिरहेका छन्। समग्रमा डिजानरको जन्म, उसको सिर्जनाको विकास एवं व्यावसायिक उपस्थितिसम्ममा आईईसीको भूमिका महत्त्वपूर्ण देखिन्छ।

पृष्ठभूमि डिजाइनर प्रतिस्पर्धाको



भनिन्छ, सुन्दरता व्यक्तिको हेराइमा निर्भर गर्छ, तर व्यक्तिलाई पहिरनको माध्यमबाट आवरणीय सुन्दरता तथा आकर्षण थप्ने कुरा भने फेसन डिजाइनरको सिर्जनाशीलता एवं कल्पनशीलतामा निर्भर गर्छ। बदलिँदो परिस्थितिसँगै सुन्दर हुने र देखिने चाहना आममानिसमा बढ्दै गएको अनुभव हुन्छ। यही चाहनालाई मूर्त रूप दिने कार्यमा फेसन डिजाइनरको सिर्जनाले प्रमुख भूमिका निर्वाह गर्छ।

यिनै फेसन डिजाइनरका कल्पना र सिर्जनालाई प्रतिस्पर्धाको माध्यमबाट मूल्यांकन गर्ने आधार बनेको देखिन्छ फेसन डिजाइनर प्रतिस्पर्धा। नेपाली फेसन डिजाइनिङ क्षेत्रमा अग्रणी स्थान ओगट्न सफल आईईसी फेसन डिजाइनर प्रतिस्पर्धा संस्थाको स्थापनाकालयता सञ्चालन गर्दै आएको भए पनि आफ्नो पाँचौं वार्षिक उत्सवका अवसरमा सञ्चालन गरेको आईईसी डिजाइनर कन्टेस्ट-२००३ बृहत् बनेको थियो। बौद्धस्थित हयात रिजेन्सी होटलमा सम्पन्न उक्त प्रदर्शनीमा कुल १ सय १५ जना डिजाइनरका सिर्जनाहरूबीच प्रतिस्पर्धा भएको थियो, जसमा सविता श्रेष्ठको कल्पनाशीलताले सर्वोत्कृष्टताको एवार्ड हात पारेको थियो।

सन् २००४ मा काइनेटिक आईईसी डिजाइनर कन्टेस्टका रूपमा प्रस्तुत प्रतिस्पर्धामा १ सय ५० जना डिजाइनरले आफ्नो सिर्जनालाई प्रतिस्पर्धाको मैदानमा उतारेका थिए। यसपटक प्रतिष्ठा शाहले डिजाइनरको एवार्ड जितेकी थिइन्। हयात रिजेन्सी होटलमै सम्पन्न सन् २००५ को डिजाइनर प्रतिस्पर्धा बजाज वेब आईईसी डिजाइनर कन्टेस्टका रूपमा सञ्चालन भएको थियो। १ सय ५७ जना डिजाइनरबीचको उक्त प्रतिस्पर्धामा पोखराकी समिता अधिकारीले बाजी मारेकी थिइन्। सन् २००७ मा आएर अझ बृहत बनेको आईईसी डिजाइनर कन्टेस्टमा १ सय ७० जना फेसन डिजाइनरबीच प्रतिस्पर्धा भएको थियो। राजधानीलगायत मोफसलका डिजाइनहरूको सहभागिता रहेको उक्त प्रतिस्पर्धामा जनकपुरका विश्वास सिलवालको सिर्जनाले पहिलो स्थान हात हात पार्‍यो। उल्लेखित सबै प्रतियोगिता 'साप्ताहिक'मा समेटिएका थिए, तर यसपटक यो प्रतिस्पर्धा अझ बृहत् एवं भव्य हुने निश्चित छ, साप्ताहिकको प्रत्यक्ष संलग्नतासँगै।

आगामी शुक्रबार अर्थात् माघ १७ गते याक एन्ड यति होटलमा समपन्न हुने डिजाइनर प्रतिस्पर्धा यसपटक 'साप्ताहिक आईईसी डिजाइनर कन्टेस्ट'का रूपमा प्रस्तुत हुँदैछ। राजधानीलगायत पोखरा, वीरगन्ज, जनकपुर, बुटवल, विराटनगर तथा धरानका गरी १ सय ८० जना डिजाइनरद्वारा तयार पारिएका अनुपम, अकल्पनीय एवं अतुलनीय सिर्जनात्मक परिकल्पनाहरूबीच यो प्रतिस्पर्धा सञ्चालन हुनेछ।

● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

म १७ वर्षीया युवती हुँ। हाल म कक्षा १० मा अध्ययनरत छु। तीन महिनादेखि म एउटा युवकलाई प्रेम गर्न थालेकी छु, तर उसको विवाह भैसकेको छ। मैले उसलाई एकै नजरमा मन पराएँ। हामी एकदमै मिल्ने साथी भयौं। उसले मलाई आफ्नो वैवाहिक जीवनबाट सन्तुष्ट नभएको बताएको थियो। दुई वर्षअघि विवाह भए पनि उनीहरूको सन्तान छैन। म उसलाई मिसकल गर्छु, त्यसपछि उसले मलाई फोन गर्छ। हामी सँगै धुलिखेल घुम्न पनि गएका छौं। ऊ अहिले दस वर्षका लागि विदेश गएको र चार महिनाको बिदामा आएको हो। नेटमा भेट हुने र फोन गरिरहने बताउँछ, तर मैले आजसम्म के कुरा बुझ्केकी छैन भने उसले मलाई मन पराउँछ कि पराउँदैन ? म ऊबिना मर्छु, किनकि ऊ मेरो पहिलो प्रेम हो। मैले उसको माया पाउन के गर्नुपर्ला ?

–आर.एच.

'जून देखे जूनै राम्रो, फूल देखे फूलै राम्रो,' तपाई उमेरको त्यो चरणमा हुनुहुन्छ, जतिबेला मानिस कुनै पनि कुराप्रति सजिलै आकर्षित हुन्छन्। प्रेमका मामिलामा त एक-अर्कालाई मन पराउने उमेर नै यही हो। तपाईं अहिले प्रेम गरिरहनुभएको छैन। पत्रअनुसार तपाई ती युवकको व्यक्तित्वबाट आकर्षित हुनुभएको छ। प्रेम जथाभावी गर्नुहुँदैन, पछि पछुताउनुपर्छ। यो कुरा म तपाईंलाई किन पनि भनिरहेकी छु भने ती युवक विवाहित हुन्। हुनसक्छ– उनको वैवाहिक जीवन राम्रो छैन। यो कुरा तपाईंले ऊबाट मात्रै थाहा पाउनुभएको छ। त्यसमाथि ऊभन्दा तपाईं ऊप्रति आकर्षित हुनुभएको छ। जसको फाइदा उसले उठाउन सक्छ। विदेश फर्कने मानिस, त्यसमाथि विवाहित, तसर्थ तपाईंले उसलाई बिर्सन नसके पनि उसले तपाईंसँग सजिलै बिर्सन सक्छ। उसले अहिलेसम्म तपाईंलाई प्रेम गरेको कुरा स्वीकार गरिसकेको छैन। कतिपय पुरुष विवाहित भएर पनि परस्त्रीगमनमा रुचि राख्छन्। अन्यथा नलिनु होला, तर मलाई ती युवकको नियत ठीक लागेन। यदि मेरो सल्लाह स्वीकार गर्नुहुन्छ भने तपाईं आफ्नो अमूल्य जीवन र भविष्यलाई अन्धकारमा नधकेल्नुहोस्। भनिन्छ– लुगा फाटे जोडिन्छ, मन फाटेपछि जोड्न सकिँदैन। आफ्नो मन फाट्नुअगावै ऊबाट टाढा हुनुमै तपाईंको कल्याण छ।

● फिल्मी खबर ●

पुन फिल्म्स प्रा.लि. को दोस्रो प्रस्तुति मगर कथानक चलचित्र बाराहीपुत्रको निर्माण अन्तिम चरणमा पुगेको छ। यो चलचित्रमा प्राविधिकदेखि सम्पूर्ण कलाकार मगर नै छन्। बाराहीपुत्रका मुख्य कलाकारमा विवेक गर्बुजा पुन, खिमन शेर्पुजा पुन, जमुना अर्मजा पुन, कमला गर्बुजा पुन (आत्मीय नायिका), हेमा शेर्पुजा पुन, सुशील गर्बुजा पुन आदि छन्।

चलचित्रसम्बन्धी नयाँ वेबसाइट सञ्चालनमा आएको छ। सिनेसरोकार डटकम शीर्षकको उक्त वेबसाइटको उद्घाटन हालै एक समारोहबीच नेपाली चलचित्रकी प्रथम नायिका भुवन चन्द र चलचित्र अभिनेत्री गौरी मल्लले गरेका छन्। वेबसाइटमा नेपाली चलचित्र क्षेत्रका गतिविधि, कलाकारहरूका बारेमा जानकारी, तस्बिर तथा वालपेपर, गसिप आदि अनेकौं विषय समावेश छन्।

चलचित्र 'द मस्ट वान्टेड'को छायांकन तीव्र गतिमा भैरहेको छ। निखिल उप्रेती प्रहरी र राजेश ढुंगानाले मस्ट वान्टेड अपराधीको भूमिका निर्वाह गरिरहेको यो चलचित्रका निर्देशक दिनेश पौडेल हुन्। चलचित्रमा रमित ढुंगाना, रेजिना उप्रेती तथा नयाँ नायिका तेलुजा खतिवडाको मुख्य भूमिका छ।

चलचित्र 'प्रेमयुद्ध' को निर्देशनपछि प्रथम महिला नेपाली निर्देशक भनिएकी सुचित्रा श्रेष्ठ दोस्रो चलचित्रको निर्देशनका लागि तयार भएकी छिन्। हाल लेखन कार्य भैरहेको उक्त चलचित्रको घोषणा फिल्म नेपाल डटकममार्फत् गरिएको छ। वेवसाइटका अनुसार उनले आफ्नो चलचित्रको शीर्षक 'तिमी पनि त तड्पिन्छौ' जुराएकी छिन्।

Vaseline Intensive Care
keeping skin amazing since 1870
Vaseline
Pure Petroleum Jelly
جلي نقي
Nº 1 Skin Protection
EN/1100317/09

Vaseline Petroleum Jelly ले
म्वाइस्चर कम हुन दिँदैन।
प्रमाण यहाँ छ।

तपाईंको त्वचाले निरन्तर पानीको मात्रा गुमाइरहेको हुन्छ - एकदिनमा आधा लिटरसम्म। Vaseline Petroleum Jelly ले त्वचामा म्वाइस्चर कायम राख्न एकप्रकारको सुरक्षात्मक तह बनाउँछ र म्वाइस्चर कम हुन दिँदैन जसले गर्दा तपाईंको त्वचा रहन्छ सधैँ स्वस्थ।

इन्डियन आइडलमा अर्का नेपाली

इन्डियन आइडलको चौथो संस्करणको उपाधि विजेता बन्ने दौडमा आफ्नो बलियो उपस्थिति जनाइरहेका नेपालीभाषी गायक कपिल थापा आज उत्कृष्ट छ भित्र पर्न प्रतिस्पर्धामा उत्रँदैछन् । पछिल्ला तीनवटा राउन्डमा सबै निर्णायकबाट 'ग्रीन सिग्नल' पाएर ह्याट्रिक गरेका कपिलले गत वर्षका विजेता प्रशान्त तामाङको भन्दा राम्रो पर्फमेन्स गरेकाले पनि उनको सम्भावना बलियो देखिएको सोनी टेलिभिजनलाई उद्धृत गर्दै डीएमआई नेपालका राजु सिंह बताउँछन् ।

पछिल्लो अवधिमा देहरादूनका नेपालीभाषी थापाको पक्षमा भारतका देहरादून, आसाम, मणिपुर, मिजोरम, सिलोङ, सिक्किम, दार्जीलिङमा अभियान सञ्चालन भैरहेका छन् । गत वर्षका विजेता प्रशान्त तामाङ गत साता दार्जीलिङ र सिक्किममा उनको पक्षमा भोटिङका लागि अपिल गर्न सहभागी भए । गत वर्ष प्रशान्तलाई जिताउन सबै नेपाली एक भएजस्तै कपिललाई जिताउन पनि नेपालीहरूले सक्रियता बढाउनुपर्ने प्रशान्तलाई उद्धृत गर्दै स्रोतले बतायो ।

इन्डियन आइडलको यस पटकको संस्करणमा नेपालबाट भोटिङ गर्ने सुविधा थपिएको भए पनि नेपालबाट उनको पक्षमा खासै भोट नगएको डीएमआईका सिंह बताउँछन् । इन्डियन आइडल प्रसारण हुने समयमा अधिकांश स्थानमा लोडसेडिङ हुने भएकाले पनि उनको पक्षमा नेपालबाट उल्लेख्य भोट जान सकेको छैन ।

कपिललाई नेपालमा बस्ने नेपालीहरूले नेपाल टेलिकम र मेरो मोबाइलका ग्राहकले २७२२ मा भोट गर्न सक्छन् । शुक्रबार बेलुका सवा ९ बजेदेखि भोलिपल्ट शनिबार बिहान सवा ९ बजेसम्म भोटिङ लाइन खुला रहन्छ । भोटिङ आधारमा पाँचौं स्थानमा रहेका कपिलले अबको यात्रामा उपस्थित रहन कडा टक्कर दिनुपर्ने अवस्था आइसकेको छ । स्रोतका अनुसार रेमो, प्रसनजित, सौरभीको भोटिङ कपिलको भन्दा बढी छ ।

नगरकोटमा निर्देशक

कामको चापले दिक्क भएकाहरूले बिदा मनाउनुपर्‍यो भने सम्झने ठाउँ हो नगरकोट, त्यो पनि राम्रै कमाइ हुनेहरूका लागि मात्रै बास बसाउन सक्छ नगरकोटले । गत साता नेपाली निर्देशकको एउटा सिंगो टोली नगरकोट पुग्यो । ती निर्देशक मनोरञ्जन लिन वा सुटिङका लागि त्यहाँ गएका थिएनन्, गएका थिए त केही सिक्न । निर्देशक समाजले आयोजना गरेको तीनदिने स्क्रिप्ट राइटिङ वर्कसपमा सहभागी निर्देशकहरूको टिप्पणी थियो– 'राम्रो काममा सहभागी हुन पाउँदा खुसी लाग्यो ।'

एक दर्जन फिल्म बनाएका पाका निर्देशकको उपाधि पाएकादेखि निर्देशनमा लाग्ने सोच बनाएकासमेत सामेल थिए कार्यक्रममा । निर्देशक ऋषि लामिछाने भन्दै थिए– 'नयाँ कुरा सिक्ने अवसर मिल्यो, अर्को फिल्म बनाउँदा सिकेको कुरा देखाउँछु ।'

त्यसो त पाका निर्देशक राजेन्द्र सलभ पनि सन्तुष्ट देखिन्थे 'यस्ता कार्यक्रमले नेपाली निर्देशकको क्षमता अभिवृद्धिमा सघाउँछ ।' उनले भने । तीन दिनसम्म सञ्चालित कार्यक्रममा विभिन्न मुलुकमा बनेका फिल्म देखाइनुका साथै फिल्मको महत्त्वका बारेमा बुझाउने चेष्टा गरेका थिए समीक्षकद्वय राजेश गोंगजु र अनुप सुवेदीले ।

नेपाली निर्देशकहरूसँग प्रायः टाढै रहँदै आएका समीक्षक अनुप सुवेदीको अनुभवमा यस्ता कार्यक्रमले जोकोहीलाई अपडेट हुन सघाउँछ । त्यो बसाइमा उनले राम्रो फिल्म कसरी बनाउन सकिन्छ भनेर विधि सिकाएका थिए । विषेशगरी स्क्रिप्ट लेख्नेले ध्यान दिनै पर्ने विषयमा बेलिविस्तार लगाएका थिए । कार्यशालाको महत्त्वमाथि प्रकाश पार्दै अनुप भन्छन्– यो कार्यशाला निर्देशक र फिल्म लेखकलाई विश्वका राम्रा चलचित्रका बारेमा जानकारी पाउने एउटा माध्यम भयो, तर यसको प्रभाव नेपाली चलचित्रमा पर्छ-पर्दैन, यसै भन्न नसकिने उनले बताए ।

त्यसो त अर्का प्रशिक्षक राजेश गोंगजु पनि खुसी थिए नेपाली निर्देशकका बीचमा बसेर सिनेमाको कुरा गर्न पाउँदा । 'नेपाली निर्देशकहरू जिज्ञासु भएको पाएँ ।' उनले भने । नेपाली निर्देशकसँग दोस्रो पटक सहभागी भएका राजेश युवा निर्देशकले वर्कसपप्रति चासो देखाएकाले आशावादी भएको धारणा व्यक्त गरे ।

साँच्चै यो कार्यक्रममा फलदायी थियो त ? निर्देशक नरेश पौडेल भन्छन्– 'सिक्न चाहनेहरूका लागि यो राम्रो अवसर हो ।' विश्वका सिनेमा नहेर्नेहरूका लागि अझ बढी उपलब्धिमूलक भएको टिप्पणी गरे उनले । आयोजक संस्था निर्देशक समाजका अध्यक्ष केपी पाठक नेपाली निर्देशकका क्षमता अभिवृद्धिकै लागी यस किसिमको कार्यक्रम आयोजना गरेको बताउँछन् । 'नेपाली चलचित्रमा रूपान्तरण आओस् भनेर यस किसिमको कार्यक्रम गरेका हौं, यस्ता कार्यक्रमलाई निरन्तरता दिनेछौं,' उनले भने ।

कार्यक्रममा जिज्ञासु शैलीमा प्रस्तुत भएका निर्देशक नीलहरि काफ्लेले यो कार्यक्रमबाट चलचित्रका विषयमा धेरै औपचारिक ज्ञान पाएको धारणा व्यक्त गरे । काफ्ले भन्छन्– 'सिनेमाका विधि जान्ने अवसर मिल्यो, अब यसलाई व्यवहारमा लागू गर्छु । कार्यक्रमको अन्तिम दिन सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो भने प्रमाणपत्र प्रदान गर्न पुगेका विकास बोर्डका अध्यक्ष गणेश भण्डारीले प्रचण्डकै शैलीमा भने– 'अब जनताको चलचित्र बन्नुपर्छ र बन्छ भन्नेमा म आशावादी छु ।'

CHOICE OF THE YEAR
LOG ON

निजामती प्रशासनसम्बन्धी वृत्तचित्र

निर्देशक रामहरि कोइरालाले 'शब्दचित्रमा नेपालको निजामती प्रशासन' नामक वृत्तचित्र निर्माण गर्ने भएका छन्। मंगलबार राजधानीमा नेपाल सरकारका मुख्य सचिव डा. भोजराज घिमिरेले वृत्तचित्र निर्माण सचिवालयको उद्घाटन गरे।

नेपालका निजामती कर्मचारीसम्बन्धी यो वृत्तचित्रको निर्माण अवधि दुई वर्ष छ। प्रारम्भिक चरणमा मुलकका पचहत्तरै जिल्लामा पुगेर त्यहाँका निजामती कर्मचारीहरूबीच अन्तर्क्रिया गरी वृत्तचित्र कस्तो, कसरी निर्माण गर्ने भन्ने विषयमा राय-सल्लाह लिएर स्क्रिप्ट तयार गरिनेछ। दोस्रो चरणमा वृत्तचित्रको छायांकन गरिनेछ अनि निर्माण भएको वृत्तचित्रलाई मुलुकभरका लगायत विदेशमा रहेका कूटनीतिक नियोगहरूका समेत हरेक निजामती कर्मचारीसमक्ष पुऱ्याइनेछ।

'वृत्तचित्रले निजामती कर्मचारीको दुःखसुखको कथा प्रस्तुत गर्नुका साथै निजामती प्रशासनलाई अझ चुस्त कसरी पार्न सकिन्छ भन्ने विषयमा एउटा स्पष्ट खाका प्रस्तुत गर्नेछ।' निर्देशक रामहरि कोइराला भन्छन्– 'हामीले यो वृत्तचित्रमा राणाकालीन निजामती प्रशासन, शाहीकालीन निजामती प्रशासन तथा लोकतान्त्रिक निजामति प्रशासन सबै समेट्नेछौं।'

–ऋषिराम कट्टेल

येले दोङमा सांगीतिक कार्यक्रम

साप्ताहिक समाचार

धनकुटा– माघको चिसो मौसमलाई तताउन धनकुटामा भिन्नै किसिमको सांगीतिक उत्साह थियो। न त त्यहाँ स्थापित गायक-गायिका थिए, न त चर्चित कलाकारहरू नै। माघ महिनाको सुरुका दिनमा नै धनकुटेलीले अन्य समयभन्दा भिन्न किसिमको संगीतिक मनोरञ्जन लिए।

देशकै जेठो संवत् येले दोङ २०६९ मनाउन यलम्बर चोकमा भेला भएका दर्शकलाई किराँत भाषाका विभिन्न गीत गाएर स्थानीय कलाकारहरूले मनोरञ्जन प्रदान गरेका थिए। प्रतियोगितात्मक रूपमा सञ्चालन भएको भाषाभाषी गीत-संगीत प्रतियोगितामा फाङ्दुवाली भाषाको गीत गाएर पाखीवासका धनबहादुर राई र छुलुङ्ग भाषाको गीत गाएर आँखीसल्लाकी विमला राई सर्वोत्कृष्ठ गायक-गायिका घोषित भए भने अप्रतियोगीका रूपमा पत्रकार सन्तवीर लामाले तामाङ भाषाको गीत गाएका थिए। रमेश साङ्पाङ्ग र स्वर्णिम राईले पनि आ-आफ्नो भाषाको गीत गाएर दर्शकलाई मख्ख बनाएका थिए। किराँत-राई यायोक्खा धनकुटाको आयोजनामा सम्पन्न उक्त प्रतियोगीतामा वान्तवा, कुलुङ्ग, चाम्लिङ आदि भाषाका गीतहरू प्रस्तुत भएका थिए। किराँतीहरूको नयाँ वर्ष येले दोङ विगत केही वर्षदेखि धनकुटामा पनि मनाइँदै आइएको छ।

साप्ताहिक विवज ६

- साप्ताहिक-कुसुमे रुमाल क्विजको उत्तर आगामी शुक्रबारसम्म आइपुग्ने गरी साप्ताहिकको ठेगानामा पठाउनुहोला।
- कुपनमा पठाइएको उत्तर मात्र स्वीकार्य हुनेछ।
- विजेताहरूमध्ये गोलाप्रथाबाट पाँच जनालाई गोपीकृष्ण मुभिजका तर्फबाट निरक पौडेलद्वारा निर्देशित एवं सौर्यजित बास्कोटाद्वारा संगीतबद्ध चलचित्र 'नयाँ कुसुमे रुमाल'का सुमधुर गीतहरू संग्रहित एक-एकवटा अडियो सिडी वा क्यासेट प्रदान गरिनेछ। साथै पाँच जनालाई काठमाडौंको चाबहिलस्थित गोपीकृष्ण मुभिजमा प्रदर्शन भैरहेको चलचित्रको २-२ वटा टिकट प्रदान गरिनेछ।
- यो 'साप्ताहिक-कुसुमे रुमाल' क्विजका सर्त तथा नियमहरूमा सर्वाधिकार संयुक्त रूपमा कान्तिपुर पब्लिकेसन्स तथा गोपीकृष्ण मुभिजको रहनेछ।

क्विज-३ को उत्तर : भानु बराल र उद्धव पौड्याल

नयाँ 'कुसुमे रुमाल' का नायक को हुन् ?

....

....

नाम : ....

ठेगाना : ....

....

फोन नम्बर : ....

क्विज–३ का टिकट विजेताहरू:

१. विपुल भट्टराई, गौशाला
२. सुबल पन्थी, धापाखेल
३. संगीता आचार्य, कलंकी
४. सुजना पौडेल, आरुबारी
५. सलिल श्रेष्ठ, थानकोट

क्विज–३ का सीडी विजेताहरू:

१. पियुष मानन्धर, ब्रम्हटोल
२. राकेश यादव, भैरहवा
३. सम्झना चौधरी, चन्द्रगढी
४. सन्दिप चालिसे, पाल्पा
५. गंगा शर्मा, तनहुँ

विजेताहरुले परिचय पत्रसहित गोपीकृष्ण मुभिज, चावहिल फोन नं. ४४७९८९३/४ मा एक महिनाभित्र सम्पर्क राख्नुहोला। उपत्यका बाहिरका विजेताले परिचित व्यक्तिमार्फत परिचय पत्र पठाई पुरस्कार पाउन सक्नुहुनेछ।

• पहिलो विश्व •

इन्टरनेटमा स्तनपान प्रदर्शन

कुनै पनि आमाले आफ्ना सन्तानलाई स्तनपान गराएको क्षण सर्वाधिक सुखद मानिन्छ, तर इन्टरनेटका केही वेबसाइटले स्तनपानलाई पनि अश्लील क्षणका रूपमा व्याख्या गर्न थालेका छन्। अहिले विश्वको लोकप्रिय नेटवर्किङ वेबसाइट फेसबुकले कुनै पनि आमाले आफ्नो सन्तानलाई स्तनपान गराएको क्षणलाई अश्लील क्षणका रूपमा परिभाषित गर्दै त्यस्ता तस्बिर आफ्नो वेबसाइटबाट हटाउने निर्णय गरेको छ। फेसबुकको यो निर्णयबाट रुष्ट भएका आमाहरूले स्तनपान कुनै पनि हालतमा अश्लील नभएको र यसले आममानिसमा स्तनपानप्रति जागरूकता ल्याउने हुनाले यसको विरोध गर्न स्तनपान गरेका तस्बिरहरू वेबसाइटमा राख्ने निर्णय गरेका छन्। उनीहरूको तर्क छ- कुनै पनि शिशुले प्रकृतिको सर्वोत्तम खुराक खाएको क्षणलाई कसरी अश्लील भन्ने ? यो अभियानमा अहिले ७५ हजारभन्दा बढी महिलाले समर्थन जनाउँदै आफ्ना सन्तानलाई स्तनपान गराएको तस्बिर आ-आफ्नो पेजमा अपलोड गरेका छन्। यो अभियानप्रति विभिन्न संस्थाले समर्थन जनाएका छन्।

सर्प मसाज : इजरायलको उत्तरी भागस्थित एडा बाराक स्नेक स्पामा सर्प मसाज पार्लर सञ्चालनमा आएको छ। क्यालिफोनिर्या र फ्लोरिडा किङ्ग सर्पद्वारा गरिने यो मसाजले मांसपेशी एवं हड्डी दुखेको सन्चो हुने दाबी गरिन्छ। यो मसाज गराउन ग्राहकले ७० अमेरिकी डलर तिर्नुपर्छ।

• सानो पर्दा •

▸▸ लोडसेडिङका कारण विद्युत् अभाव भएपछि पाँचवटा निजी टेलिभिजन च्यानलले पाँच घण्टा प्रसारण रोकेका छन्। राति १२ बजेदेखि बिहान पाँच बजेसम्मको प्रसारण रोकिएको हो। कान्तिपुर टेलिभिजन, इमेज च्यानल, एबीसी टेलिभिजन, एभिन्युज टेलिभिजन तथा सगरमाथा टेलिभिजनले प्रसारण अवधि घटाएका हुन्। टेलिभिजन सञ्चालकहरूले लोककल्याणकारी विज्ञापन निजी टेलिभिजन च्यानललाई पनि दिनुपर्ने माग गरेका छन्। यसबीच टेलिभिजन सञ्चालकले इमेज च्यानलका अध्यक्ष आरके मानन्धरको अध्यक्षतामा टेलिभिजन ब्रोडकास्टर्स अफ नेपाल (टीबीएन) स्थापना गरेका छन्। टीबीएनले प्रसारण नियमित राख्न टेलिभिजनलाई नियमित विद्युत् उपलब्ध गराउने व्यवस्था मिलाउन माग गर्नुका साथै प्रसारण संकटकाल घोषणा गर्नुपरेको अवस्थामा विज्ञापनदातालाई सहुलियत दिने निर्णय गरेको छ।

▸▸ मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको नयाँ टेलिश्रृंखला 'न्यानो माया' को प्रसारण कान्तिपुर टेलिभिजनबाट हुने भएको छ। यो श्रृंखलामा नेपालमा विद्यमान बाल मृत्युदर घटाउने लक्ष्य लिइएको छ। यो श्रृंखला कान्तिपुर टेलिभिजनको 'मह टाइम' अन्तर्गत प्रत्येक शनिबार राति नौ बजेदेखि दस बजेसम्म प्रसारण हुनेछ। टेलिश्रृंखलामा महका मदनकृष्ण श्रेष्ठले भने अभिनय गरेका छैनन्। उनी श्रृंखलाको प्रस्तुतकर्ताका रूपमा मात्र सहभागी छन्। श्रृंखलामा हरिवंश आचार्य, चलचित्र अभिनेता दिलीप रायमाझी, अभिनेत्री रेजिना उप्रेतीका साथै सावित्री शर्मा, सिरू बिष्ट, शर्मिला शर्मा, राजु भुजू आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

● साताको स्वर ●



सञ्जय खड्गी

शायद तिम्रो रोजाइ... कुन शैलीमा आधारित गीत हो ?
यो पपशैलीमा आधारित मेलोडियस गीत हो।

गीतको कुन पक्ष आकर्षक छ ?
शब्द तथा संगीत आकर्षक छ। श्रोताले यसको मेलोडीलाई बढी रुचाएका छन्।

कस्ता श्रोताका लागि यो गीत गाउनुभएको हो ?
मेलोडियस गीत रुचाउने सबै वर्गका श्रोताका लागि यो गीत तयार पारेको छु।

तपाईंका अघिल्ला गीतको तुलनामा यो गीतमा के पृथक् छ ?
यसअघि श्रोताले मन पराउनुभएको 'तिमीबिना...' शैलीकै भए पनि यसको मेलोडीलाई कर्णप्रिय बनाउन प्रशस्त मेहनत गरेको छु।

म्युजिक भिडियो कस्तो बनेको छ ?
छोटो-मीठो कथा समेटिएकाले हेरुन्जेल रमाइलो लाग्ने भिडियो बनेको छ।

● म्युजिक अपडेट ●

▶▶ झन्डै दुई महिनाको संगीतिक शून्यतालाई चिर्दै गत शनिबार धनकुटा एक पटक फेरि तातेको थियो राष्ट्रिय स्तरका कलाकारको स्वरमा। छोटो समयको प्रचार-प्रसार र तयारीका बाबजुद पनि धनकुटेली युवायुवतीहरूले कलाकारसँगै नाच्ने मौका भने छुटाएनन्। कलाकारहरू राधा राई, कमला राई, कन्कास राई र राज राईका साथमा स्थानीय कलाकार किरण राईको स्वरले शनिबार धनकुटा चुवाबोट परिसर गुञ्जायमान भएको थियो।

▶▶ सांगीतिक समूह म्याडजोनका संगीतकर्मी राकेश श्रेष्ठको मृगौलामा पत्थरी देखा परेपछि शल्यक्रियामार्फत उनको पत्थरी झिकिएको छ। हाल स्वास्थ्य लाभ गरिरहेका संगीतकर्मी श्रेष्ठ केही साताभित्रै अध्ययनका लागि अस्ट्रेलियातर्फ जाँदैछन्।

▶▶ नेपाली कलाकारहरूको एक समूहले सिक्किममा सांगीतिक कार्यक्रम प्रस्तुत गरेको छ। सिक्किम सरकारको आयोजनामा गत शनिबार सम्पन्न सांगीतिक कार्यक्रममा काठमाडौंबाट गएका गायक-गायिकाहरू कुन्ति मोक्तान, सिन्धु मल्ल, रामचन्द्र काफ्ले तथा रोज मोक्तानले सिक्किमेली दर्शकलाई गीत-संगीतमार्फत मनोरञ्जन प्रदान गरेका थिए।

▶▶ लोकगायक रवीन्द्र सुवेदीको लोकदोहोरी गीतिसंग्रह 'संझना साँचेको छु' को दैलेख सदरमुकामस्थित टुँडिखेलमा लोकार्पण भएको छ। नारायण नगरपालिका र सामुदायिक रेडियो, पञ्चकोसी एफएमको सहयोगमा रेकर्डिङ गरिएको उक्त गीतिसंग्रहमा नवोदित लोकगायक रवीन्द्र सुवेदी र चर्चित लोकगायिका विष्णु माझी तथा देवी घर्तीको समेत स्वर सुन्न सकिन्छ।

▶▶ गायक धीरज राई लन्डनमा आयोजित सांगीतिक कार्यक्रममा सहभागी भएर स्वदेश फर्किएका छन्। गायक राईको यो तेस्रो लन्डन भ्रमण हो। यसपटक उनलाई गायिका अञ्जना गुरुङले पनि साथ दिएकी थिइन्। विभिन्न छ स्थानमा आयोजित सांगीतिक कार्यक्रममा उनीहरूले गीत-संगीत प्रस्तुत गरेका थिए। सांगीतिक कार्यक्रमपछि गायक राईले आफैंद्वारा निर्मित वृत्तचित्र 'ओमविक्रम' पनि प्रदर्शन गरे।

▶▶ गत साता राजधानीमा दुई गीतिसंग्रह सार्वजनिक गरिए। नरप्रसाद धितालको गीतिसंग्रह 'धुनको पर्खाइमा रोएका शब्दहरू' तथा अनिता श्रेष्ठको 'अनिताका आकांक्षा' संग्रह चलचित्र निर्देशक यादव खरेलले लोकार्पण गरेका हुन्। ती कृतिको समीक्षा रामहरि लम्साल तथा अनिश गजमेरले गरेका थिए।

▶▶ पोखरेली गायक अर्जुन पोखरेलको नयाँ गीतिसंग्रह 'डिमान्ड' को विमोचन गत शनिबार सम्पन्न भएको छ। पुरानो बानेश्वरमा आयोजित एक सांगीतिक समारोहमा गायक तिलकबम मल्ल तथा सञ्चारकर्मी कुसुम बज्राचार्यले संयुक्त रूपमा उक्त संग्रह विमोचन गरेका थिए। संग्रहमा एउटा अंग्रेजी भाषाको गीतसहित आठवटा गीत समावेश छन्। विमोचन समारोहमा संग्रहको एउटा गीतको म्युजिक भिडियो पनि प्रदर्शन गरिएको थियो।

▶▶ लोकगायक बिमल डाँगी पहिलो पटक एकल गायन कार्यक्रममार्फत दर्शकमाझ प्रस्तुत भए। गत शनिबार राष्ट्रिय नाचघरमा आयोजित एकल गायन कार्यक्रममा गायक डाँगीले आफ्ना एक दर्जन लोकप्रिय गीत गाएर दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे। कर्णाली संस्कृति सम्पदा संरक्षण मञ्चले आयोजना गरेको 'विमल डाँगी एकल साँझ' मा गायक डाँगीलाई शान्ता न्यौपाने, सुमन बूढा, निशा सुनार, सरिता डाँगी आदि गायक-गायिकाले साथ दिएका थिए। सांगीतिक कार्यक्रमकै क्रममा जनवादी गायक जेबी टुहुरे, देउडा गायक नन्दकृष्ण जोशी, संगीतकार बीबी अनुरागी, रचनाकार एकनारायण भण्डारी आदि व्यक्तित्वलाई सम्मानित गरिएको थियो।

▶▶ गत साता भक्तपुरमा आयोजित एउटा सांस्कृतिक कार्यक्रममा तीन वर्षीया बालिका जलुज प्रजापतिको गायनले उपस्थित सयौं दर्शकको मन जित्यो। गायिका कुन्ती मोक्तानले स्वर दिएको 'मनको माया हजुरको' गीतको लयमा आधारित भएर बालिकाका बुबा तुलसीहरि प्रजापतिले नेपालका ७५ जिल्लाका नाममा रचना गरेको गीत गाएर दर्शकलाई आश्चर्यमा पारेकी हुन्।

▶▶ सांगीतिक कार्यक्रमका क्रममा गायक विजय लामा जापान पुगेका छन्। आदिवासी जनजाति संघ, जापानद्वारा आयोजित सांगीतिक कार्यक्रममा सहभागी हुन उनी जापान पुगेका हुन्। गत साता सम्पन्न सांगीतिक कार्यक्रममा गायक लामाले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेका थिए।

▶▶ स्टेज काठमाडौं नामक संस्थाले शुक्रबार गोंगबुस्थित वसन्त नगरको खुला चौरमा 'राम्रो गर्नु, राम्रो बन्नु' भन्ने मूल नाराका साथ लागूपदार्थ दुर्व्यसनरहित समाज निर्माणमा हाम्रो चाहना भन्दै सन्देशमूलक सांस्कृतिक कार्यक्रम सम्पन्न गऱ्यो। स्थानीय बालबालिकादेखि बूढापाकाहरूको समेत उपस्थिति रहेको कार्यक्रममा विभिन्न सांगीतिक समूह तथा गायकहरू राज्य राई, लक्ष्मी राई, अनुमा राई, मनोज दीक्षित तथा बर्ता गन्धर्वले लागूऔषध विरुद्धका सन्देशमूलक गीत गाएर सबैलाई भावुक बनाउनुका साथै आफूसँगै नचाएका थिए।

लाइभ शो

- चर्चित रियालिटी-सो स्टार भ्वाइस अफ इन्डिया साथै बालसंस्करण छोटे उस्तादमा उत्कृष्ट तीनमध्येका नेपालीभाषी रोहित सुनार तथा प्रकृति गिरी गीतसंगीतका साथ हङकङेली नेपालीमाझ प्रस्तुत हुँदैछन्। आउँदो सोमबार साँझ वानचाईस्थित क्विन एलिजावेथ स्टेडियममा हुने उक्त कार्यक्रममा नायक दिलीप रायमाझीको नृत्यलगायत जिरे खुर्सानीका चर्चित तीन पात्र जितु नेपाल, देवीराम पराजुली र शिवहरि नेपालका हास्य प्रहसन पनि रहनेछन्। दोहरीमा सँगै नाच्न-गाउन चर्चित गायक राजु परियार र देवी घर्तीमगरसमेत उक्त मञ्चमा देखिँदैछन्।
- भोलि शनिबारदेखि कास्कीको लेखनाथ नगरपालिकामा आयोजना हुने लेखनाथ महोत्सवमा राजधानीबाट गएका संगीतकर्मीहरूले सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने भएका छन्। पाँच दिनसम्म चल्ने महोत्सवमा रामचन्द्र काफ्ले, अभिनाश घिसिङ, किरण पुडासैनी, प्राश्ना शाक्य, जुना प्रसाईं आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गर्दैछन्।

● अफबिट ●

लौ न के गऱ्या ? : बन्दिपुरमा छायांकन गरिएको रिमिक्स गीत 'उकालीमा पनि हजुर' मा अभिनय गर्दै मोडलहरु। तस्विर : सारासंसार

● नजिकबाट ●

कुमार कान्छा

जन्ममिति	: सन् १९५७ जुलाई २३
घरमा बोलाउने नाम	: कुमार शाह
नामको अर्थ	: विवाह नभएको, कुमार
जन्मस्थान	: मूल घर दैलेख (तर जन्मिएको कलकत्तामा)
हालको बसाइ	: गोरेगावँ, मुम्बई
रुचि	: गीत गाउने
प्रकाशित एल्बम	: तीन वटा
सांगीतिक गुरु	: उस्ताज सुल्तान खान
नजिकको साथी	: सुरेश (हिन्दी फिल्म डाइरेक्टर)
पकाउन जानेको परिकार	: दाल र भात
मनपर्ने रंग	: हरियो
मनपर्ने पहिरन	: साधारण पेन्ट र सर्ट
मनपर्ने मौसम	: जाडो
मनपर्ने खेल	: फुटबल
पहिलो गीत	: आमैले भन्थे धाराको पानी (फिल्म साइनो)
गायक नभएको भए	: आर्मीमा हुन्थे
फसुर्दमा	: गीत सुन्छु
रिस उठेको बेला	: गीतै गाउँछु
मनपर्ने बाजा	: मादल
पहिलो प्रेम	: पाल्पाको तानसेनमा भएको थियो
राम्रो बानी	: हाँसिरहने, रिस नउठ्ने
नराम्रो बानी	: जे पाए पनि खान्छु (मुख बार्न सक्दिनँ)

● ब्यान्ड ●

सांगीतिक समूह 'बाइपास' को स्थापना पृथक् रूपमा भएको छ। यो समूह करिब १२ वर्षअघि नै स्थापना भएको हो। स्थापना भएलगत्तै एउटा मात्र गीतिसंग्रह श्रोतामाझ ल्याएपछि यो समूहका सहकर्मीहरू सांगीतिक क्षेत्रबाट टाढिए। स्थापनाकालमा यो समूहमा ब्रुनो (जय), योशी, पिटर, एलेक्स, सुमन तथा सिर्जन गरी छ जना सहकर्मी थिए। स्थापनाको केही वर्षसम्म यो समूहले श्रोतालाई केही कर्णप्रिय गीत सुनाएको थियो। समूहले तयार पारेका दुई लोकप्रिय गीत तिमी आउनु... तथा अँधेरी...लाई क्रमशः आस्था तथा क्याच २२ ले रि-रेकर्डिङसमेत गरे।

स्थापना भएको १२ वर्षपछि अहिले यो समूह पुनः सांगीतिक क्षेत्रमा सक्रिय भएको छ, तर यस पटक समूहमा तीन जना मात्र सहकर्मी आबद्ध छन्। ब्रुनो (जय) मल्ल, सुमन थापा तथा सिर्जन नेपालले अहिले संगीत सिर्जनालाई अघि बढाउने निर्णय गरेका छन्। तीन जना सहकर्मीकै प्रयासमा समूहले दोस्रो गीति संग्रह 'बाइपास-२' सार्वजनिक गरिसकेको छ। अचम्मको कुरा के छ भने, सांगीतिक समूहले पुनर्जीवन पाए पनि समूहका तीन सक्रिय सहकर्मी भिन्दा-भिन्दै स्थानमा रहेर संगीत सिर्जना गरिरहेका छन्। उनीहरू छुट्टा-छुट्टै रूपमा गीत-संगीत सिर्जना गर्छन् अनि इन्टरनेटमार्फत एक-अर्कालाई सुनाउँछन्। तीनै जना सहकर्मीको चित्त बुझेपछि मात्र उनीहरू ती गीतलाई श्रोतामाझ प्रस्तुत गर्छन्। समूहका तीनै जना सहकर्मी आ-आफ्नो पेसामा आबद्ध छन्। सुमन नेत्र चिकित्सक हुन्। ठमेलस्थित मोक्षमा उनी बेला-बेलामा गिटार तथा हार्मोनियम बजाइरहन्छन्। सिर्जन रेकर्डिङ क्षेत्रमा सक्रिय छन्। उनले आफ्नै लगानीमा एउटा स्टुडियो पनि सञ्चालन गरेका छन्। उनी राम्रो गिटार बजाउँछन्, साथै गीतका लागि संगीत पनि तयार पार्छन्। ब्रुनो पेसाले सफ्टवेयर कन्सल्टेन्ट हुन्। उनी गिटारवादनमा निकै सिपालु छन्। समूहका तीनै जना सहकर्मी गीत गाउँछन्। गिटार, बास, ड्रम, पियानो, हार्मोनियम वादनमा पनि तीन जना सहकर्मी पोख्त छन्। आगामी दिनमा सांगीतिक कार्यक्रममा पनि सहभागी हुने लक्ष्य यो समूहका सहकर्मीहरूले लिएका छन्।

● तालुमा आलु ●

प्रकाश ओझा

आमा आफ्नो आठवर्षे छोरालाई फेमिली एल्बमको तस्बिर देखाउँदै थिइन्- 'बाबु, यो तिम्रो बाबा अनि यो म हामी पिकनिक गएको बेलाको तस्बिर ।'

'अनि यो पिकनिकमा म चैं गएको थिइनँ ?' छोराले सोध्यो ।

'जाँदा थिएनौ बाबु, आउँदा त थियौ ।' आमाले उत्तर दिइन् ।

000

दुई जना व्यापारी जो सधैं बाझ्थे, एक दिन साँघुरो गल्लीमा भेट भयो ।

'म कुनै गधाका लागि बाटो छोड्दिनँ,' एउटाले भन्यो ।

'म त सधैं छोड्छु,' दोस्रोले बाटो छोडिदियो ।

000

एउटा व्यक्ति साइकल हाँकिरहेको थियो, साइकलको अगाडिको डण्डामा नानी बसेको थियो । ऊ नानीलाई कुट्दै साइकल हाँक्दै थियो नानी रोइरहेको थियो ।

कसैले सोध्यो- 'किन नानीलाई कुटेको ?'

'साइकलमा घण्टी छैन,' उत्तर आयो ।

000

'तिमी अहिलेसम्म किन अविवाहित बसेको ?'

'म सानैदेखि यस्तै हो ।'

000

एउटा मानिसले रिक्सावालासँग सोध्यो-

'कृष्णपुर गएको भाडा कति हो ?'

'४० रुपैयाँ' रिक्सावालाले भन्यो ।

'४० रुपैयाँ त धेरै भयो, २० रुपैयाँ मा जाने हो ?'

'२० रुपैयाँमा कृष्णपुर कसले लान्छ हजुर ?'

'तिमी रिक्सामा बस म लान्छु ।'

000

'व्यापार मन्दी भए पनि बजारमा मेरो साख बढिरहेको छ ।' जहिले पनि घाटा हुने एउटा व्यापारीले अर्को साथीलाई भन्यो ।

'ए हो र, कसरी ?' साथीले सोध्यो ।

'हिजो मैले एक जनासँग २० हजार सापट माग्दा ऊ मसँग राम्रोसँग प्रस्तुत भयो । मलाई व्यवहार गर्‍यो ।'

'ए हो... पैसा तुरुन्त सापट दियो ?'

'हैन, पैसा त दिएन तर धेरै बेर हिचकिचाएर मात्र छैन भन्यो, सरी पनि भन्यो ।'

मेरो कुरो

खरबुजा : गरम क्षेत्रमा फल्ने एउटा यस्तो फल जसलाई तपाईं खान सक्नुहुन्छ, पिउन सक्नुहुन्छ अनि मौका पर्‍यो भने हातमुख पनि धुन सक्नुहुन्छ ।

● कविता ●

रेशमका गजलहरु



हारहरु

चुँडिएछन् कि जिन्दगीका तारहरू कसो
डुब्दैछ कि बाँच्नुका ती सारहरू कसो
मनोरम कथाको पाटोभित्र कता हरायौ
भत्किए कि खुसीका बारहरू कसो
मनको प्रत्येक केस्रा-केस्रा केलाएर हेर्दा
बाँकी रहे क्यार व्यर्थका भारहरू कसो
थाहा छैन रेशमलाई के छन् यात्रामा
बाँच्यौ कति सहेर नै ती हारहरू कसो ।

जिन्दगी जिन्दाबाद

लाउनुपर्छ जिन्दावाद नारा जिन्दगीको
कसले राख्छ अभिलेख सारा जिन्दगीको
बढ्नुपर्छ अघि-अघि पछि हट्ने त होइन
उठाउनु छ लाखौंलाख वेसाहरा जिन्दगीको
खडेरीमा कक्रिएको उजाड सुख्खा भूमिझैं
चुँडिनुचाहिं पक्कै हुन्न त्यो लहरा जिन्दगीको
संघर्षको तलाउमाझ पौडँदै छ रेशम पनि
बनाउनै छ सबैले यहाँ हराभरा जिन्दगीको ।

मनको लडाइँ

कति चल्छ मनभित्र यो अर्न्तद्वन्द्व पनि
ढुक्क फुल्छ मुटु र फेरि बन्द हुन्छ पनि
दिमागी यो मैदानभरि चल्छ अनेक हुरी
सबैलाई लाग्ने बास्ना हुँदो रै'छ गन्ध पनि
किरिङ-मिरिङ अक्षरको पंक्तिभरि के हो यो
गज्याङ-मज्याङ अक्षरको हुँदो रै'छ छन्द पनि
आफैसँग युद्ध गर्दै बाँचेको छ रेशम यहाँ
मनमा लडाइँ हुँदा काम छैन वक्तरवन्द पनि ।

पानी-पँधेरामा

सुःख्खा भयो कि मन यहाँ बल्यो खडेरीमा
त्यही भएर अल्झियो जीवन पानी-पँधेरीमा
मेलापात, घाँस-दाउरा, चुला-चौका गर्दा
कहिले लेक, कहिले बेसी यहाँ बसाइँ सर्दा
थाहा भएन उज्यालो त्यो बित्यो अँधेरीमा
त्यही भएर अल्झियो जीवन पानी-पँधेरीमा
कहाँ तिमी कहाँ म भूगोलको पाटो भित्र
खोज्दैछौ कि पहिचानलाई देशको माटोभित्र
हाँस्यौ, खेल्यो, बित्यो जीवन आफ्नै मझेरीमा
त्यही भएर अल्झियो जीवन पानी-पँधेरीमा ।

कच्चा धागोजस्तै

फुङ्ग उड्ने धूवाँजस्तै उडी जान्छ जीवन
कच्चा त्यो धागोजस्तै चुँडी जान्छ जीवन
हजार सपनाको बिपना कति अधुरो
कहिले बल्छ झिलीमिली कहिले मधुरो
समयको सडकमा त्यो गुडी जान्छ जीवन
कच्चा त्यो धागोजस्तै चुँडी जान्छ जीवन
मृत्यु नामको छायाँ बोकी हिँडिन्छ दिन-दिन
बदलिन्छ मनको बहाउ कुइनेटोमा छिन-छिन
अमिलोले नै कतिपल्ट त कुँडी जान्छ जीवन
कच्चा त्यो धागोजस्तै चुँडी जान्छ जीवन ।

–रेशमकुमार सुनुवार

कलेजबाट एक क्षितिज



● लघु कथा ●

देशकै दुर्गम गाउँबाट जसोतसो एसएलसी उत्तीर्ण गरें । त्यसपछि झोलाभरि सामान र आँखाभरि सपना बोकेर सहर पसें ।

कलेजको गेट पार गर्दा-नगर्दै भित्ताहरूमा थुप्रै सूचनापाटी देखें । मलाई लाग्यो, यो देशकै ठूलो कलेज रहेछ । 'तपाईंलाई हाम्रो संगठनमा स्वागत छ ।' एक जनाले मेरो हात समात्दै भन्यो । मैले 'धन्यवाद' भनेर उसको स्वागत स्वीकार गरें । 'तपाईंलाई केही अप्ठ्यारो परे हामी सहयोग गर्नेछौं । तपाईं हाम्रो संगठनको सदस्य बन्नुपर्छ ।' त्यो व्यक्ति अरू के-के भन्दै थियो, मैले केही बुझ्न सकिरहेको थिइनँ । म त कलेजमा भर्ना हुन गएको थिएँ । उसले भने मेरो हात छोडेको थिएन । हामी कुराकानी गर्दै अघि बढिरहेको थियौं ।

फेरि अर्को नयाँ व्यक्तिले मेरो अर्को हात समात्यो र पहिलेको व्यक्तिले जस्तै स्वागत र सहयोग गर्ने कुरा बतायो । ती दुई व्यक्ति मेरा दुई हात दुईपट्टि समाउँदै तानातान गर्न थाले । उनीहरूको तानातान्मा मेरो हात भाँच्चियो । यतिखेर म अस्पतालको शैय्यामा छु ।

–नवराज श्रेष्ठ

तस्बिर : सञ्जीव खनाल

इन्दिरा भइन् ग्ल्यामर ब्युटिसियन

कमल रिमाल

विराटनगर- ब्युटिसियनहरूबीच गराइएको ग्ल्यामर प्रतियोगितामा इन्दिरा लामिछाने प्रथम भएकी छन् । गएको सोमबार विराटनगरको रत्ना होटलमा सम्पन्न ब्युटिसियनहरूबीचको प्रतिस्पर्धामा १९ जना प्रतिस्पर्धीलाई पछि पार्दै विराटनगरकी इन्दिराले प्रथम स्थान हासिल गरेकी हुन् । प्रतियोगितामा पूर्वाञ्चलका विभिन्न जिल्लाका सौन्दर्य व्यवसायीहरू सहभागी थिए ।

बीएस सप्लायर्सले आयोजना गरेको प्रोफेसनल ब्युटी सेमिनारमा सहभागी ३ सय ५० जना ब्युटिसियनमध्येका १९ जनाले ग्ल्यामर कम्पिटिसनमा भाग लिएका थिए, जसमध्ये फस्ट रनरअपको उपाधि अन्जु चाम्लिङ र सेकेन्ड रनरअपको उपाधि अरुणा तामाङले प्राप्त गरे । ग्ल्यामर प्रस्तुतिका साथ प्रतिस्पर्धामा उत्रिएका ब्युटिसीयनमध्ये कानेपोखरी मोरङकी उमा खरेल (डोल्मा) ले बेस्ट स्किन, धरानकी मिनु राईले बेस्ट हेयर तथा धरानकै सुधा गुरुङले बेस्ट ड्रेसको उपाधि पाए ।

प्रतियोगितामा भाग लिएकी पूर्व मिस कोसी तथा हालकी ब्युटिसियन रनिता भगतले भने कुनै उपाधि हासिल गर्न सकिनन् । आफ्नो सौन्दर्यमा ध्यान दिँदै अरूलाई सुन्दर बनाउने ब्युटिसियनहरूको प्रतिभा बाहिर ल्याउन ग्ल्यामर प्रतियोगिता गराइएको आयोजक बीएस सप्लायर्सकी बिनुजा थापाले बताइन् ।

प्रतियोगितामा सामेल ब्युटिसियनहरूले अपरान्ह डान्सपार्टीमा भाग लिए । प्रतियोगिसहित सेमिनारमा भाग लिएका अधिकांश ब्युटिसियन तीन घण्टा चलेको डान्सपार्टीमा नाचे । होटल मुनको गजल टिमको लाइभ प्रस्तुतिमा फरक गीतहरूको माग गर्दै उनीहरू पसिना झार्दै नाचेका थिए । दुई दिनसम्म चल्ने सेमिनार बन्दको हल्ला चलेपछि एकै दिनमा सक्नुपरेको थियो ।

महोत्सवको आकर्षण : बिच भलिबल

प्रवीण दत्त

चितवन– महोत्सवको लहरले देशलाई तताएका बेला चितवन पनि गत साता महोत्सवको रमझममा तात्यो । महोत्सव, मेला व्यावसायिक दृष्टिकोणले महत्त्वपूर्ण भए पनि त्यहाँ हुने मनोरञ्जनात्मक कार्यक्रमले किनमेल गर्न आउनेहरूलाई मात्र होइन, सबै वर्गलाई तान्ने गरेको छ । नारायणगढको नारायणी नदी किनारमा आयोजित महोत्सवमा १० दिनसम्म चलेको थियो । विगतमा सांगीतिक कार्यक्रमले तताउने महोत्सवमा यस पटक प्रायः सबै खेलकुदमा रमाए । नारायणी नदीमा मोटरबोट नभए पनि यसपटक ऱ्याफ्टिङ चढ्नेहरूको घुइँचो थियो । नदीको पानी माथि हल्का कुहिरो देखिनु त्यसमाथि ऱ्याफ्टिङ आफैंले गर्न पाउनु आफैंमा रमाइलो रह्यो । अर्कातिर चितवनकै इतिहासमा पहिलो पटक महोत्सवस्थलमै आयोजना गरिएको बीच भलिबलले सबैलाई तान्यो । महोत्सव घुम्न आएका प्रायःजसो दर्शक कोर्ट वरिपरि झुम्मिए ।

नारायणी नदीको किनारमा बीच भलिबलका लागि कोर्ट बनाइएको थियो । बीच भलिबल प्रतियोगितामा प्रमुख स्थानका टिमहरू सहभागी थिए । तीन दिनसम्म चलेको बीच भलिबल प्रतियोगिताको उपाधि नेपाल प्रहरीले चुम्यो भने महिलातर्फबाट काभ्रेले उपाधिमा कब्जा जमायो । खचाखच दर्शकले भरिएको फाइनल खेलमा पुरुषतर्फ प्रहरीबाट सहभागी भएका राष्ट्रिय भलिबल टिमका क्याप्टेन भरत शाह र प्रेम भण्डारीको जोडीले त्रिभुवन आर्मीका दीपबहादुर खड्का र रामचन्द्र हुमागाईंको जोडीलाई सोझो सेटमा २१-१५, २१-१५ ले पराजित गर्‍यो ।

त्यसैगरी महिलातर्फ काभ्रे अफसेट प्रेसबाट सहभागी कोपिला उप्रेती र विनीता बुढाथोकीको जोडीले नेपाल प्रहरी 'ए' बाट सहभागी भएका निता शाह र निमा श्रेष्ठको जोडीलाई सोझो सेटमा २१-१८, २१-१४ ले पराजित गर्दै उपाधिमाथि कब्जा जमाए । महिला जोडीबीच भएको प्रतियोगिताका क्रममा दर्शकको हुटिङले नारायणी नदी किनार नै उल्लासमय भएको थियो ।

प्रतियोगितामा प्रथम हुने दुवै टिमलाई नगद २० हजार, ट्रफी, प्रमाणपत्र र दोस्रो हुने टिमलाई नगद १० हजार प्रदान गरियो । प्रहरीका तर्फबाट दक्षिण एसियाली क्लब च्याम्पियनसिपमा दुई पटक गोल्ड मेडल जीकेको नेपाली राष्ट्रिय टोलीका कप्तान भरत शाहले संक्षिप्त प्रतिक्रिया दिँदै यो खेलको धेरै सम्भावना रहेकाले यसको विकास गर्नुपर्ने बताए । प्रतियोगितामा सेना र प्रहरीका विभागीय टिमसहित १६ पुरुष र ५ महिला टिमले सहभागिता जनाएका थिए ।

चील हेर्न नगरकोट

हिजोआज चीलहरू वातावरण प्रदूषणका कारण काठमाडौंका सहरी क्षेत्रमा कम मात्र देखिन्छन्, तर नगरकोटमा भने दिनभरि चीलहरू उडिरहेको देख्न सकिन्छ । त्यसैले नगरकोटको पर्यटकीय गतिविधिलाई सुचारु राख्न नगरकोट गाविसले नगरकोट महोत्सव-२०६५ को आयोजना गरेको छ । माघ १३ गतेदेखि माघ १५ गतेसम्म नगरकोट महोत्सव हुन लागेको हो । तामाङ समुदायको बाहुल्यता रहेको नगरकोटमा सोनाम ल्होछारका अवसरमा महोत्सवको कार्यक्रम राखिएको हो ।

महोत्सवमा ५० वटा स्टल राखिने आयोजकहरूले बताएका छन् । स्थानीय हस्तकलाका सामनहरू, तामाङ संस्कृति झल्कने वेशभूषा, नगरकोटका होटल-लजका सेवासम्बन्धी स्टलहरू महोत्सवमा राखिनेछन् । सांगीतिक कार्यक्रमअन्तर्गत निमा रुम्बाको गीतमा दर्शकहरूले नाच्ने अवसर पाउनेछन् । गायक दीपक बज्राचार्यले पनि आफ्ना गीतहरू श्रोतामाझ प्रस्तुत गर्नेछन् । स्थानीय गायक गायिकाले लोकदोहरी गाउनेछन् ।

महोत्सवको अर्को उद्देश्य त्यहाँ रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको प्रचार गर्ने छ । नगरकोटमा चमेरो गुफा, जल्पादेवी मन्दिर, पञ्चकन्या मन्दिर, महादेव पोखरी, कालीदेवी मन्दिर आदि सम्पदा प्रचारको प्रतीक्षामा छन् ।

–रविन राचलिका

● सन्देश ●

सुनिता, विचित्रको यो संसारमा जिन्दगी साँच्चिकै अनौठो खेल रहेछ, तपाईं कहाँकी, म कहाँको, संयोगवश इलाममा गरिएको त्यो रमाइलो चिनजानपछि हाम्रो मित्रता सुरु भएको हो। तपाईंसँगको यो नातामा खै कहिलेदेखि मेरो मनमा प्रेम बनेर टुसायो, मलाई नै थाहा छैन।

मवीन्द्र

नानी, म तिमीलाई यसरी नै जिन्दगीभर माया गरिरहन्छु, हामीबीचको सम्बन्धमा कुनै बाधा नआओस्, आई लभ यु।

पागल

रेनु, तिमी मबाट जति टाढा भए पनि तिम्रो लाखौंलाख माया मसँग छ। त्यसैले तिमी जहाँ जाऊ, जोसँग जस्तै हालतमा भए पनि म तिमीलाई माया गरिरहनेछु। एक दिनको समय मिलाएर भेट्न आऊ, म तिमीलाई सबै कुरा भन्छु। मेरो भावनालाई बुझ्ने प्रयास गर, मसँग धेरै समय छैन। यो महिनाभित्रै भेट ल।

शे.

मेरो मुटुको टुक्रा विनिताको शुभ-जन्मदिनका अवसरमा उत्तरोत्तर प्रगतिका साथै सफलताको मंगलमय शुभकामना।

सहयात्री

प्यारो दाइ (साथी) वसन्त, सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको कामनाका साथ

जन्मदिनको हार्दिक शुभकामना।

काली म

अन्धाका लागि पालन-पोषणदेखि डोऱ्याएर घुमाउने जो-कोही ईश्वर बराबर हुन्छन् भन्थे, सोहीअनुरूप टोखा खरीबोटसम्मको दिशा निर्दिष्ट गराइदिने अपरिचित उनलाई हृदयदेखि प्रगतिको कामना।

punya.karki@yahoo.com

निरु, परिस्थितिले टाढा बनाए पनि मेरो मन, मुटु र माया त केवल तिमीसँग छ नि। प्रगति र उन्नतिका फूलहरू फुलाउँदै आफ्नो सुन्दर जीवनमा सधैं हाँसीखुसी अनि सुखी रहनु, ढिलै भए पनि तिमीलाई जन्मदिनको शुभकामना।

पी. मायालु

सूचना

प्रेम दिवस (भ्यालेन्टाइन डे) १४ फ्रेबुअरीका अवसरमा आफ्ना हितचिन्तक प्रेमी-प्रेमिकालाई शुभकामना सन्देश दिन चाहनेहरूले आफ्नो सन्देश माघ २४ गतेसम्म साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध गरिन्छ।

–सम्पादक

कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

[redacted]

[redacted]

नाम : ....

उमेर : .... उचाइ : ....

पेसा : .... शिक्षा : ....

स्वभाव : .... वैवाहिक स्थिति : ....

अभिरुचि : .... वर्ण : ....

इमेल : ....

ठेगाना : ....

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

....

....

नोट : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

● जीवनको गोरेटोमा ●

विवशताकी मूर्ति

उषा एउटी गाउँले केटी। दुई छाक खानमात्र पुग्ने घर भए पनि ऊ रहरकी छोरी भएर हुर्की। स्नातकसम्मको अध्ययन घरमै बसेर सकेपछि स्नातकोत्तर तहको पठनपाठनका लागि ऊ काठमाडौं आई। आफ्नो क्यारियर बनाउने सपना सजाएकी उषाले ६ हजारको जागिर गर्न थाली। उसको जीवनमा संघर्ष नै ठूलो थियो।ऊ कम बोल्थी। आफ्नो काम सरासरी गर्ने, कसैलाई केही नभन्ने उसको बानीले झट्ट हेर्नेले उसलाई घमन्डी भन्थे। कार्यालयमा उसको बानी मन पराएर प्रस्ताव राख्ने कम थिएनन्। अनगिन्ती प्रस्ताव आए पनि उसले आमाबाबुले देखाएको संस्कार भुलेकी थिइन।

हरेक स्वास्नीमानिसको जस्तो उसको पनि चाहना थियो। उसको सपनाको राजकुमार आउँछ भन्ने, जो उसलाई औधी चाहने होस्। ऊ आफ्नो सपनाको राजकुमारको हर इच्छा पूरा गर्न तयार थिई। जब उसको राजकुमार विवेक अगाडि आयो। विवेकको अगाडि उसले तीन शर्त राखी। जस्तै- अहिलेको जस्तो भड्किलो विवाह नगर्ने। दोस्रो, मध्यमवर्गीय परिवारकी छोरी भएकाले दाइजोसमेत गच्छेअनुसार मात्र हुने तथा तेस्रो– उषाको परिवारलाई विवेकले इज्जत दिनुपर्छ। विवाहपछि विवेकमा धेरै परिवर्तन देखिन थाल्यो। बाहिर अरूले केही भनेमा स्वास्नीसँग आएर रिस पोख्थ्यो। उषाले राखेको शर्तअनुसार उसको व्यवहार ठीक विपरीत भयो। उसका लागि ससुराली भएन, दाइजो भएन, हुँदाहुँदै जेनतेन गरेर पढेकी उषाको पढाइ भएन। उषा विवेकलाई सम्झाउँदै गई किनकि उषाका लागि त विवेक नै भगवान् थियो। उसले विवेकलाई आत्मादेखि नै चाहेकी थिई। विवेकले जतिसुकै नराम्रो भने पनि घरपरिवारलाई कदापी नराम्रो भन्दिनथी।

उषा लोग्नेबाट अलग भएर बस्न चाहन्नथी। लोग्नेले छैन सुख-दुःखमा साथ दिने भनेर सात फेरो लगाएर ल्याएकी स्वास्नी कति अनमोल हुन्छे भन्ने। विवेकले माया नगरेको भन्दा पनि पढेलेखेको मानिसको बुद्धि देखेर उषाका आँखा आँसुले रसाएका थिए।

अन्तमा उषाले हार खाई। आफ्नो संघर्ष अघि बढाउन एक्लै बस्न बाध्य भई। जीवनमा उसले मात्र एक व्यक्तिलाई नै चाहेकी थिई, माया गरेकी थिई तर



स्वास्नीबाट पाउने हरकिसिमको माया दिन चाहन्थी तर आधुनिकतामा भिजेको विवेकलाई यी सबै कुरा गौण थिए। उसका लागि उषा मानसिक अवस्था बिग्रिएकी केटी मात्र थिई।

यति हुँदाहुँदै पनि उषाको मनमा अझै निश्चल माया झल्किन्थ्यो। ऊ भन्दै थिई- मैले जीवनमा जति धोका खानुपऱ्यो त्यति विवेकले खानु नपरोस्। ऊ भन्दै थिई- विवेकको सुरुको दुःख थाहा पाउँदा त मेरा लागि यो दुःख केही होइन। अहिले फरक यत्ति मात्र छ कि ऊ कमाउँछ। पैसाको घमण्डमा पहिलेको दुःख सबै बिर्सिएको छ। उसलाई थाहा उसैबाट उषाले धोका खानुपऱ्यो।

समाजमा दुःख गरेर बनाएको इज्जत, सामाजिक परम्परा (वैवाहिक बन्धन), रीतिरिवाज निभाउन खोज्दाखोज्दै गुमेर गयो। अझै विवेकको घमण्ड चुर भएको थिएन। उषालाई सबैले थुक्ने बनाएरै छाड्ने दृढ अठोट लिएको थियो।

उषाले मन, वचनले नै माया गरेकी हुनाले उसलाई केहीको परवाह थिएन अनि भन्दै थिई- मलाई नराम्रो देखे पनि उसको बाटो नराम्रो नहोस्। हिँड्दा ठेस नलागोस्, काँडा नपरोस्, बाधा नहोस्। यही विवशताकी नारी मूर्तिको शुभकामना।

– यस

● साथी ●

पर्यटक आकर्षित गर्न टेम्के महोत्सव

राजधन कुलुङ

भोजपुर– पूर्वी पहाडी जिल्ला भोजपुरमा पर्यटकीय आकर्षणका निम्ति टेम्के महोत्सव हुने भएको छ। पूर्वाञ्चलको रमणीय टेम्के चुचुरो प्रचार-प्रसारको अभावमा पर्यटकीय स्थलका रूपमा विकसित हुन नसकेकाले महोत्सव गर्न लागिएको हो।

सदरमुकाम भोजपुरदेखि करिब ५५ किलोमिटर पश्चिममा रहेको टेम्के चुचुरोमा हरेक वर्ष शिवरात्री र बालाचतुदर्शीका दिन मेला लाग्ने गरेको छ। महोत्सव आयोजक समितिका संयोजक नन्दमणि राईले टेम्केमा यातायातको पूर्वाधार विकास हुनेबितिकै आन्तरिक एवं बाह्य पर्यटन प्रबर्द्धन हुन सक्ने बताए। भोजपुर-खोटाङको सिमानामा रहेको टेम्के, सेल्मे, मैयुङ, साल्पा, सिलिचुङ पर्यटकीय आकर्षणयोग्य स्थलहरू हुन्। यहाँबाट विश्वको सर्वोच्च शिखर सगरमाथा, मकालु, कञ्चनजङ्घा, गौरीशंकर, ल्होत्से, दार्जीलिङको टाइगर हिल आदि ठूला-साना हिमश्रृङ्खलाको मनोरम दृश्य हेर्न सकिन्छ।

भोजपुरमा टेम्केबाहेक हतुवाराज्यको दरबार, आमचोक, घिन्ताङ, पाक्माखाम, पानधारे, टक्सार, याङपाङ, दिंला आदि दर्जनौं पर्यटकीय स्थल छन्। टेम्के चुचुरोमा भोजपुर खोटाङ, सोलुखुम्बुलगायत विभिन्न जिल्लाका सर्वसाधारण पैदलयात्रा गरी पटक-पटक पुग्छन्। टेम्केमा पर्यटकहरू पिकनिक, भेला र प्राकृतिक मनोरञ्जनका लागि जान्छन्। 'टेम्केमा छुट्टै रमाइलो हुन्छ,' समितिका उपसंयोजक हरिबहादुर राईले भने- 'स्वदेशी र विदेशीका निम्ति अन्य डाँडाहरूभन्दा कम छैन।'

भोजपुरबजारबाट पश्चिममा नजिकै देखिने टेम्के चुचुरोबाट उदाउँदो र अस्ताउँदो सूर्यको राम्रोसँग अवलोकन गर्न सकिन्छ। मौसम सफा भएको बेला काठमाडौं उपत्यका, सिक्किम, दार्जीलिङ, कालेम्पोङ, सिलिगुढी, भुटान, भारतको पूर्णिया, बीरपुर आदि विभिन्न सहर अवलोकन गर्न सकिन्छ। सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, संखवासभा, धनकुटा, तेह्रथुम, ताप्लेजुङ र इलाम जिल्ला प्रस्टै देखिन्छ। 'सनराइज हेर्न अरु ठाउँ जानुपर्दैन,' संयोजक नन्दमणि राई भन्छन्– 'अन्य चर्चित ठाउँहरूको तुलनामा टेम्केले छुट्टै आनन्द दिन्छ।'

यातायातको असुविधा भए पनि टेम्के चुचुरो पुग्न भोजपुर सदरमुकामदेखि चिहानडाँडासम्म ४८ किलोमिटर कच्ची मोटरबाटोसमेत पुऱ्याइएको छ। चखेवादेखि टेम्के पुग्न ५ किलोमिटर मोटरबाटो निर्माणका लागि प्रयत्न भैरहेको समितिका संयोजक राईले बताए। भोजपुरको पानधारे, चखेवा, चोलन्ती, खोटाङको रतन्छा, डाडागाउँ, खिदिमा र बाझोचिहानडाँडाबाट पैदल बाटो गरी आसपासका बासिन्दाहरू टेम्के पुग्ने गरेका छन्। टेम्केमा हवाईमार्ग हुँदै थोरै पैदल यात्रा गरे सजिलै पुगिन्छ। भोजपुरको टक्सार विमानस्थल, खोटाङको थामखर्क, खानीडाँडा र लामिडाडा विमानस्थलमा अवतरण भै यातायात तथा पैदलमार्गबाट टेम्के पुग्न कठिन छैन।

टेम्के आसपासको क्षेत्रमा विशाल जङ्गल र जडिबुटी प्रशस्त रहेकाले प्राकृतिक सम्पदाका रूपमा जिल्लावासीले संरक्षण गर्दै आएका छन्। पर्यटकीय आकर्षणका लागि टेम्केमा भ्यू टावर राख्नुपर्ने, खानेपानी, बास बस्ने घर, रिसोर्टका साथै विभिन्न आकर्षक बगैंचा निर्माण गर्ने प्रस्तावसमेत गरिएको छ।

कस्ता युवती राम्रा हुन्छन् ? किन ?

लजालु स्वभाव, कोमल हृदय, मनको कुरा बुझ्न सक्ने, समझदार र धैर्यवान्, त्यसमा पनि शिक्षित नारी राम्रा हुन्छन् ।

कमल जी.सी. (२५), **दित्क्तेल**

अब के भनूँ सम्पादकज्यू ? एउटीको नाक-नक्सा भने अर्की रिसाउने, अर्कीको भने अर्की रिसाउने डर !

राई रमेश, दोहा, कतार

नशालु आँखा, लाली ओठ, मीठो मुस्कान, बारुले कम्मर भएका युवती राम्रा हुन्छन् । मलाई त उनीहरूको फोटोसम्म देख्नुहुन्न, आङै सिरिङ्ङ पार्छन् मोरीहरूले ।

प्रकाश शर्मा (१७)

मलाई पूरा सेक्सी पाराका केटीहरू मन पर्छन् ।

जेम्स प्रधान (१९), **रामेछाप**

छोटा लुगा लगाएर हिँड्ने युवती राम्रा लाग्छन्, किनभने छोटा लुगा लगाउनेहरू सेक्सी हुन्छन् ।

भरत आले (२२), **इराक**

बौद्धिक अनि भित्री सुन्दरताले भरिएका मिलनसार र अरूको भावना बुझ्न सक्ने युवतीहरू राम्रा हुन्छन् ।

resham-sunuwar@yahoo.com

शारीरिक बनावट अनि सुन्दरता त चाहियो नै, त्यसपछि उनीहरूको बोलीचाली एवं व्यवहार राम्रो हुनुपर्छ । त्यसका साथै सामाजिक मानमर्यादालाई कायम राख्ने महिला राम्रा हुन्छन् ।

गोपाल सुब्बा (१८), **मोरङ**

खै कस्ता भनू सम्पादकज्यू ? भन्नै नमिल्ने पो हो कि ? आजभोलि मिस नेपाल त हुन नदिने भन्दैछन् । त्यो छ नि छोटा लुगा.... उफ गाल पो पऱ्यो होला ।

कमल जी.सी. (२६), **दित्क्तेल**

राम्रो पढ्ने, सबैसँग समान व्यवहार गर्ने, बौद्धिक क्षमता भएका, जानेका कुरा साथीलाई सिकाउने, नढाँट्ने, भित्री कुरा पनि व्यक्त गर्ने बानीबेहोरा र व्यवहार राम्रो भएको, दुर्व्यसनमा नलागेका युवती राम्रा हुन्छन् ।

असीमबाबु श्रेष्ठ (२२), **गौरीघाट**

ओहो सम्पादकज्यू ! दुनियाँका छोरीबुहारीमाथि आँखा नगाड्नुहोस् है, फन्दामा पर्नुहोला । तपाईंकी श्रीमतीले चाल पाइन् भने घरमा पस्नै नदेलिन् नि ।

श्याम घायल (१७)

सम्पादकज्यूले विवाह गर्नुभएको छैन कि क्या हो ?

सरस्वती दनुवार, काभ्रे

प्रेमलाई सुमधुर बनाउने, प्रेमीको हरेक कुरामा साथ दिने युवती काली हुन् वा गोरी, राम्रा मानिन्छन् ।

प्रवीण ज्ञवाली (२०), **काठमाडौँ**

स्लिम, रूप र धनको घमन्ड नगर्ने, मनको सफा युवती राम्रा हुन्छन् । किनभने जीवन काट्न सहज हुन्छ ।

good-deepak20@yahoo.com

कपडा पूरै लगाएकी, नरम स्वभाव एवं लजालु स्वभावकी ।

रमेश खड्का (२७), **लखनपुर**

जसले रूप र धनले होइन, मनले जित्न सकोस् । इमान्दार र मायालु युवती ।

टीकाराम अर्याल, स्याङ्जा

सिल्की केश, छिनेको कम्मर, अलिक अग्ली, गहुँगोरी, काली, मुसुक्क हाँस्दा अलिकति डिम्पल होस् अनि मधुर स्वरमा धेरै नबोल्ने युवती राम्री लाग्छन् । त्यसमाथि सेतोमा बुट्टे गुलाफी कुर्था लगाउँदा सुनमा सुगन्ध हुन्छ ।

अनुप प्रेमी, भीमढुंगा

३६X२६X३२ शारीरिक बनावट होस् । अलि अग्ली तर लुगा छोटो होस् काठमाडौँको गल्लीमा पेन्सिल हिल लगाई टुटेफुटे इङ्लिस बोल्ने नै राम्रा हुन्छन् अचेल, होइन र ? सोझो नेपालीपन त कहाँ पाउन सकिन्छ र काठमाडौँको गल्लीमा ?

अनुप भट्टराई

● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
२. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
३. नेपालको राजनैतिक हिरो को हो ? किन ?
४. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
५. सबैभन्दा ठूलो धर्म के हो ?
६. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
७. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
८. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
९. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
१०. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

● यौन जिज्ञासा र समाधान ●

प्रश्न : म २५ वर्षीय युवक हुँ । म धेरै पहिलेदेखि हस्तमैथुन गर्थें । हाल आएर मेरो विवाह भएको छ महिना भयो, तर यौनसम्पर्क गर्दा मेरो लिङ्ग त्यति उत्तेजित हुँदैन । यो समस्या निराकरणका लागि मैले के गर्नुपर्ला ? यसको कुनै औषधी पाइन्छ ? औषधीले के असर गर्ला ?

– पृ.

डा. राजेन्द्र भद्रा

उत्तर : सर्वप्रथम विवाहको बधाई तथा सुखी दाम्पत्य जीवनको शुभकामना । तपाईंको मूल प्रश्नमा प्रवेश गरिहाल्नुभन्दा पहिले लिङ्ग कसरी उत्तेजित हुन्छ, छलफल गरौं ।

लिङ्ग उत्तेजित कसरी हुन्छ ?

यौन इच्छाका साथै हामी यौन उत्तेजना पनि महसुस गर्छौं । हामी हाम्रा इन्द्रियहरूबाट सन्देशहरू ग्रहण गर्छौं र त्यो मस्तिष्कसम्म पुग्छ अनि चेतन रूपमा हामीले सो कुरा थाहा पाउँछौं । यौनसम्बन्धी कुराहरू पनि यसै गरी हाम्रो मस्तिष्कसम्म विभिन्न तरिकाले पुग्छन् । विभिन्न अङ्गहरू (स्रोत) बाट सन्देशहरू स्नायुप्रणालीका नसाहरूबाट विद्युतीय तरंग वा रसायनहरूको माध्यमबाट मस्तिष्कसम्म पुग्छन् र त्यसलाई मस्तिष्कले अर्थ लगाएपछि हामीले थाहा पाउँछौं । यौनउत्तेजना हुने किसिमका सन्देशहरू प्राप्त भए व्यक्तिमा यौन उत्तेजना बढ्छ । व्यक्तिअनुसार कुन किसिमको सन्देश बढी यौन उत्तेजक हुन्छ भन्ने कुरा चाहिँ फरक-फरक हुन सक्छन् ।

यसरी यौन उत्तेजित हुन थालेपछि लिङ्गका धमनीहरूबाट बढी मात्रामा रगत लिंगमा भएको उत्थित हुन सक्ने विशेष तन्तुमा जम्मा हुन थाल्छ, साथै लिङ्गबाट रगत बाहिर निस्कने क्रम घट्छ र लिङ्ग कडा, मोटो र लामो हुन्छ । यसलाई नै हामी लिङ्ग उत्तेजित भएको भन्छौं । यौन क्रिया शारीरिक क्रिया मात्र नभै मानसिक तथा भावनात्मक सम्बन्धहरूको मिश्रणसहितको एक जटिल कार्य हो । यौन उत्तेजनाका सन्देश मस्तिष्कसम्म यौन अङ्गबाहेक अन्य इन्द्रियबाट पनि आउँछन् । स्पर्श एक प्रमुख कुरा हो, हातले लिङ्ग हल्लाउनु वा यौनसम्पर्क गर्नु पनि स्पर्श नै हो । मानिसमा यौन उत्तेजनाको सन्देश पाउने अर्को प्रमुख तरिका आँखा (दृष्टि) हो । नग्न वा अर्धनग्न चित्र वा शरीरका अंग देख्दा यौन उत्तेजना हुने कारण यिनै हुन् । लिङ्गको कडापन उत्तेजनाको स्रोत तथा शारीरिक तथा मानसिक स्थितिमा भर पर्छ । तपाईंलाई पक्कै थाहा होला कि यौनका विषयमा सोच्दा मात्र यौन उत्तेजना हुनसक्छ ।

लिङ्ग किन त्यति दऱ्हो नभएको होला ?

जीवनमा सबैजसो पुरुषले कुनै न कुनै बेला लिङ्ग उत्तेजना हुन अप्ठ्यारो भएको वा कडापन कम भएको महसुस गरेका हुन्छन् । लिङ्ग उत्तेजित नहुनु वा उत्तेजित अवस्थामा आइसकेको लिङ्गलाई सो स्थितिमा राख्न नसक्ने समस्यालाई अंग्रेजीमा impotence वा erectile dysfunction भनिन्छ । लिङ्ग उत्तेजित हुन नसक्ने थुप्रै कारण हुन सक्छन् । हस्तमैथुन वा स्वप्नदोषको बेलामा लिङ्ग राम्रोसँग उत्तेजित भए लिङ्ग उत्तेजनाको सन्दर्भमा शारीरिक पक्ष ठीक मान्नुपर्छ । कुरा जे भए पनि यहाँ मानसिक पक्ष महत्त्वपूर्ण देखिन्छ । तनावपूर्ण वा डर भएको स्थितिमा भने लिङ्ग उत्तेजित नै नहुन वा भएको उत्तेजना पनि हराउन सक्छ । त्यसमा पनि हतारमा यौनसम्पर्क गर्नुपर्दा वा कसैलाई आफ्नो यौनक्षमता प्रदशित गर्नुपर्ने दबाब भए समस्या अझ चर्को हुनसक्छ ।

के उपचार गर्नुपर्ला ?

लिङ्ग उत्तेजनामा अप्ठ्यारो परेकाहरूलाई सहयोग पुऱ्याउन लिङ्ग उत्तेजित बनाउने औषधी जस्तै कि भियाग्रा वा केही शल्य चिकित्साको विकास नै नभएको होइन । लिङ्ग उत्तेजित गराउने यस्ता औषधीहरू चिकित्सकको निगरानी र सिफारिसमा मात्र प्रयोग गर्न सकिन्छ । शल्यचिकित्साका लागि चिकित्सक नै चाहियो । केही गम्भीर असर पनि हुने भएकाले पक्का आवश्यक नभै त्यसो गर्नु बुद्धिमानी होइन ।

मुख्य कुरा तपाईंले यी तनावलाई कम गर्न सक्नुपर्छ । सहज वातावरण र तनावरहित भएर यौन क्रियाकलापमा संलग्न हुँदा फाइदा पुग्छ । यसका लागि आफ्नी श्रीमतीसँग यौनसम्पर्करहित यौन क्रियाकलापमा पर्याप्त समय बिताए सहयोग पुग्न सक्छ । एक-दुई पटक यस्तो हुँदैमा कुनै विशेष औषधोपचारको आवश्यकता हुँदैन । आवश्यकताभन्दा बढी पीर गर्दा समस्या झन् बढ्न सक्छ । समस्या कायम नै रह्यो भने कारण र त्यसअनुसारको उपचार खोज्नुपर्छ ।

भियाग्राको कुरा ?

पक्कै पनि भियाग्राका बारेमा सुन्नुभएकै होला । यो लिङ्गको उत्तेजनामा कठिनाइ हुने व्यक्तिको उपचारका लागि प्रयोग गरिने चक्की हो । यसमा सिल्डेनाफिल साइट्रेट (Sildenafil citrate) नामक औषधी हुन्छ । औषधी खाँदैमा स्वःस्फूर्त रूपमा अर्थात् आफसे आफ लिङ्ग उत्तेजित हुने भने होइन । यदि कुनै पुरुषले यौनका दृष्टिकोणले उत्तेजित हुन पुगे लिङ्गमा रगत भरिने क्रम सामान्य अवस्थामा भन्दा बढी हुन्छ । त्यसैले लिङ्गमा राम्रोसँग उत्तेजना आउँछ । यौनसम्पर्क सकिएपछि लिङ्ग पुनः पुरानै अर्थात् उत्तेजित नभएको अवस्थामा फर्कन्छ । हृदयरोग भएका व्यक्तिहरूले अन्य बढी शारीरिक परिश्रम गर्नुपर्ने स्थितिजस्तै यौनसम्पर्क राख्दा पनि विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ । विशेष गरेर हृदयरोगका लागि नाइट्रेट (nitratre) भएका औषधीको प्रयोग गर्ने व्यक्तिले यो औषधी प्रयोग गर्नु हुँदैन । अचानक रक्तचापमा कमी भएर ज्यानै जाने खतरा पनि हुनसक्छ । विशेष गरेर हृदयरोग, रक्तचाप, कलेजो वा मृगौलासम्बन्धी खराबी भएका व्यक्तिहरूले यो औषधीको सेवन गर्नुअघि विचार पुऱ्याउनुपर्छ । यी औषधी त्यसै बजारमा किनेर खानु हुँदैन, चिकित्सकको सल्लाहमा मात्र प्रयोग गर्नुपर्छ ।

त्यसैगरी यो औषधी यौन इच्छा वा क्षमता वृद्धि गर्ने वा हार्मोन भएका औषधी पनि होइन भन्ने कुरा बुझ्नु आवश्यक छ । त्यसले तपाईंको लिङ्ग उत्तेजनसम्बन्धी सबै समस्यालाई समाधान नगर्न सक्छ । प्रयोगकर्तामध्ये कतिपयलाई टाउको दुख्ने, अनुहार रातो भएर आउने तथा पेटमा गडबडी हुनेजस्ता असरहरू देखिन सक्छन् । दृष्टि क्षमतामा नीलो र हरियो रंग छुट्ट्याउन नसक्ने, प्रकाशसँग बढी संवेदनशील हुने तथा धमिलो देखिनेजस्ता समस्या कसै-कसैलाई हुन सक्छ । अति विरलै हुने भए पनि कसै-कसैमा लिङ्गको उत्तेजना भए पनि पुरानै अवस्थामा नफर्किएर उत्तेजित अवस्थामा नै रहने हुनसक्छ । यदि यस्तो चार घण्टासम्म निरन्तर भए तुरुन्तै चिकित्सकको मद्दत लिनुपर्ने हुन्छ, नत्र लिङ्गमै स्थायी रूपमा खराबी देखिन सक्छ ।

कसलाई हुँदैन र ! सुन्दर हुने चाहना
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. ३,४९९/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झार्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १,४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,८९९/-
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारीबैंकपछाडिफोन:४२४२०६१,४२३०८१५

छैन अधुरो
वर्षौंको सफल अनुभवी Specialist सँगको परामर्श र १००% प्रमाणित आयुर्वेदिक औषधि सहित ग्यारेण्टी उपचार
★लिङ्ग विकास, शिघ्रपतन र यौन उत्तेजनाका लागि
★३ ईन्च उचाई बढाउने Height-Plus
★Breast बढाउने/घटाउने र टाईट गराउने
★मोटोपना घटाउने/तौल बढाउने (१२ Kg. सम्म)
★१००% रक्सी छुटाउने- Anti Alcohol
★३ महिनामा ७५% भन्दा बढी स्मरण शक्ति बढाउने
Memory Plus
विद्यार्थी र व्यापारीहरूका लागि अपरिहार्य ।
0% Side Effect, 100% Satisfaction
4672065, 4008512
4282138, 9841883397
2084130

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिंदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

कोठालाई न्यानो बनाउन खोज्दा

रामप्रसाद धिताल

पुस महिना सकिनै लाग्दा चिसो ह्वात्तै बढ्यो। अझ आधाभन्दा बढी माघ महिना त बाँकी नै छ। माघमा अझ धेरै चिसो बढ्ने हुनाले पनि नेपाली समाजमा एउटा उखान चलेको पाइन्छ- 'बलिया बांगा बाघलाई, निर्धाजति माघलाई।' तराईभेगमा शीतलहर चलेर कति व्यक्तिको मृत्यु भैसकेको समाचार आइरहेका छन्। हामी चिसोबाट बच्न भनेर विभिन्न वस्तुको जोहो गर्छौं। तिनै वस्तुमध्ये एक हो– आगो। जाडो महिनामा राति खाना खाइसकेपछि आगो ताप्ने हाम्रो पुरानो चलन हो। गाउँघरतिर दाउरा प्रशस्त हुनाले आगो बाल्न त्यति समस्या पर्दैन तर सहरी क्षेत्रमा दाउरा नपाइने हुनाले दाउराका कोइला मट्टीतेल वा बिजुलीबाट चल्ने हिटर आगो ताप्न प्रयोग गरिन्छ।

हामी कोठालाई न्यानो पार्न बन्द कोठाभित्र कोइला वा हिटर बालेरै सुत्छौं। उपत्यकामा पनि यो मौसममा निकै जाडो हुने हुँदा झ्यालढोका सबै थुनेर कोइला वा हिटर बालेर सुत्ने गरेको पाइन्छ। अझ परिवारका धेरै सदस्य एउटै कोठामा सुतेको पनि पाइन्छ। यसो गर्दा कतिपय व्यक्ति मृत्युको मुखमा पुगेको समाचार हामी बर्सेनि पढ्छौं। केही साताअघि मात्र पनि काठमाडौंमा यस्तै प्रकारले मकलमा आगो बालेर सुत्दा भर्खर जन्मिएको शिशुसहित तीन जनाको मृत्यु भएको खबर आयो।

धूवाँ नआउने कोइला वा हिटर बालेर सुत्दा त के नै होला भन्ने आममानिसको विचार पाइन्छ। कसै-कसैको सोच हुन्छ– जब बलेको कोइला वा हिटरले कोठा तातो हुन्छ, श्वास फेर्न गाह्रो हुन्छ, त्यतिबेला उठेर निभाउँला नि, तर बलिरहेको कोइला वा हिटरबाट उत्पन्न भएको तत्त्वबाट रासायनिक क्रिया भै अक्सिजन कार्बन मोनोअक्साइडमा परिणत हुन्छ, जुन प्राणका निम्ति घातक हुन्छ।

वायुमण्डलीय हावा यदि शुद्ध अवस्थामा छ भने त्यसमा ७८ दशमलव ९ प्रतिशत नाइट्रोजन, २० दशमलव ९४ प्रतिशत अक्सिजन, १ दशमलव ५ प्रतिशत जलवाष्प, शून्य दशमलव ३ प्रतिशत आर्गन र शून्य दशमलव ३ प्रतिशत कार्बनअक्साइड हुन्छ। यीमध्ये सबैभन्दा गतिशील वा प्रतिक्रियाकारक ग्याँस अक्सिजन हो। त्यसैले पनि यो ग्याँसले प्राणीको जीवनका लागि, धातुसँग मिलेर यौगिक बनाउन, ज्वलनशील वस्तुसँग सम्पर्कमा ल्याएर अक्साइड बनाउन आफ्नो रूप तत्कालै परिवर्तन गरिदिन्छ।



साधारण वस्तु काठ, तेल, रवर, पेट्रोल आदि पदार्थ कार्बनयुक्त हुन्छन्। त्यसैले यी पदार्थहरू जल्दा यिनीहरूभित्रका कार्बन र वायुको २१ प्रतिशत अक्सिजन लिएर रासायनिक प्रतिक्रिया भै स्वतः कार्बनडाइअक्साइड बन्न पुग्छ। दाउरा बलेन भने हामी मुख वा ढुंग्रीको सहायताले फुक्छौं। यसबाट के प्रस्ट हुन्छ भने हामीले फुकेको हावामा भएको अक्सिजनको मात्राले गर्दा आगो ह्वार्र बल्छ। यसरी बल्ने कार्य अक्सिजनमा नै निर्भर हुन्छ तर शुद्ध वायुमा २१ प्रतिशत मात्र अक्सिजन हुने तथ्यबाट पनि हिजोआज धूलो र धूवाँ भएको प्रदूषणयुक्त वायुमा त्यति मात्रामा अक्सिजन नहुने कुरा प्रस्ट हुन्छ। यही अक्सिजन मानिसको नाक र मुख हुँदै फोक्सोमा पुग्छ जहाँ रगतसँग मिलेर हेमोग्लोबिनलाई कार्बनडाइअक्साइडमुक्त बनाउँछ। अक्सिजनयुक्त ताजा रगत शरीरका विभिन्न भागमा पुगेर नै हाम्रो जीवन सुचारु रूपले चल्न सक्छ। जब रगतमा अक्सिजन पुग्ने कार्य बन्द हुन्छ मानिसको मृत्यु हुन्छ।

वैज्ञानिक नियमअनुसार कार्बनको एक परमाणुले अक्सिजनको दुई परमाणु लिएर कार्बन डाइअक्साइड बनाउँछ। त्यसैले आगो बालेर बन्द गरिएको कोठामा शुद्ध वायुको प्रसार हुन पाउँदैन, तर मानिसका लागि प्रयोग भैरहेको हुन्छ र कोठाभित्रको अक्सिजन कम हुनपुग्छ। अक्सिजन कम हुनेबित्तिकै कार्बनको एक परमाणुले अक्सिजनको दुई भाग परमाणु लिएर प्रतिक्रिया गर्न थाल्छ र कार्बन मोनोअक्साइड बनाउँछ। यही कार्बन मोनोअक्साइड अक्सिजनको खोजीमा रहन्छ। यसले जहाँ-जहाँ अक्सिजन पाउँछ त्यहाँ जबर्जस्ती खिचेर कार्बनडाइअक्साइड बनाउन थाल्छ। यस्तो प्रक्रिया अत्यन्त तीव्र रूपमा भै अन्त्यमा मानिसको फोक्सोसम्म पुगेर रगतमा भएको अक्सिजनलाई खिचेर रगत नै नष्ट गरिदिन्छ। फलस्वरूप सुतेको मानिस अक्सिजनको अभावमा उठ्न सक्दैन र बेहोशीमै उसको मृत्यु हुन्छ।

● पारिवारिक स्वास्थ्य ●

डा. प्रकाश बुढाथोकी

विगतमा बढ्दो चिसोले दर्जनौं जिल्लाका हजारौं प्रभावित भै कैयौंको मृत्यु भएको सरकारी तथ्यांक छ। यस वर्ष पनि करिब एक दर्जनलाई मृत्युवरण गराइसकेको छ चिसो र शीतलहरले। यो तथ्यांकभित्र नसमेटिएका अझ थुप्रै हुन सक्छन्। तराईका कतिपय स्थानमा बाटो हिँडिरहेका तथा ओछ्यानमा सुतिरहेका बालबालिका, वृद्धवृद्धाको चिसोले कठ्याङ्ग्रियर मृत्यु भएको खबर सञ्चार-माध्यमबाट विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि आइरहेका छन्।

तराईमा शीतलहर, बाक्लो हुस्सुले ५ मिटर पनि देखिंदैन, चिसोले कठ्याङ्ग्रिएर, शीतलहरले गर्दा दर्जनौंको मृत्यु बाँके, बर्दिया, कैलाली, रुपन्देही र कपिलवस्तुजस्ता तराईक्षेत्रमा जीवन अस्तव्यस्त, भिजिविलिटी नहुनाले तराई क्षेत्रमा हवाईउडान रद्द, विद्यालयमा विद्यार्थीको उपस्थिति न्यून, कृषि बजार, पशुपक्षी प्रभावित, चिसोबाट जोगाउन निःशुल्क दाउरा वितरण, कम्बल लुगा वितरण, शरीर तताउन चिया, ऊनी व्यापार, दाउराको माग बढ्दो जस्ता थुप्रै समाचार पढ्न-हेर्न पाइन्छ।

भनिन्छ, चिसोको हिसाबले पुस महिना फासफुस र माघ महिना बाघ हो, तर माघ महिना नआउँदै चिसोले दर्जनौंको ज्यान लिइसक्यो भने माघमा झन् कति पीडित हुने हुन्, कतिको मृत्यु हुने हो?

पहाडी क्षेत्रमा हिउँ तथा तुसारो, तराई क्षेत्रमा चिसो हावा, बाक्लो कुहिरो र शीतलहरले मानिस प्रभावित हुँदै आएका छन्। परिवर्तित चिसो मौसमी वातावरणको प्रत्यक्ष सम्बन्ध मानिसको शारीरिक तथा मानसिक स्थितिसँग रहने भएकाले मौसम परिवर्तन जनस्वास्थ्य समस्यासँग जोडिन्छ।

जाडो मौसममा रुघाखोकी, पिनास, भाइरल इन्फ्लुएन्जा, ब्रोङ्काइटिस, झाडापखाला, निमोनियाँ, टाउको र छाती दुख्ने, हातखुट्टाका औंला र कान रातो हुने, चिलाउने, सुन्निने र घाउ हुने, दम र यसका जटिलताहरू, छालासम्बन्धी समस्याहरू, दाद, अनुहारमा सेतो, कालो दाग, चाउरिने, ओठ फुट्ने, हातखुट्टा फुट्ने, शरीर चिलाउने, छाला सुख्खा हुने, फुस्रो हुने र फुट्ने, चिसोको एलर्जी हुने, अपच, पखाला, आउँजस्ता पाचनसम्बन्धी रोगहरू र जोर्नी सुन्निने अवस्था पनि त्यत्तिकै देखा पर्छ। चिसोले मुटु र मस्तिष्कमा असर पारी हृदयाघात बढी हुने, कोलेस्ट्रोल बढाउने, पक्षाघात गराउने र बालबालिकामा दादुरा, ठेउला पनि ल्याउँछ। कतिपय वयस्क तथा वृद्धवृद्धामा वाथ, सन्धिवाथ, आमवाथ आदि रोगबाट ग्रसित हुँदा जाडोमा पीडा बढी हुन्छ। मुटु, श्वासप्रश्वास र दमका पुराना बिरामी, कुपोषित बालबालिकालाई बढी आक्रान्त पार्छ चिसोले।

हाइपोथर्मिया

शरीरको भित्री तापक्रम ३५ डिग्री सेल्सियसभन्दा कम भएर उत्पन्न हुने समस्यालाई हाइपोथर्मिया भनिन्छ। यो एउटा मेडिकल इमरजेन्सी हो, जसमा तुरुन्तै उपचारको आवश्यकता पर्छ। शरीरको तापक्रम ३२ डिग्री सेल्सियस पुग्दासम्म शरीरले अनुकूल काम गर्छ तर त्योभन्दा कम भए ३० डिग्री सेल्सियसभन्दा कम हुँदा शरीरमा अक्सिजनको परिपूर्तिमा ह्रास तथा कार्बनडाइअक्साइडको मात्रा वृद्धि भै शरीर काम्नुको साटो मांसपेशी कडा हुने, निदाउने, शिरा धमनी संकुचन हुने र रक्तचाप, मुटुको चाल र श्वासप्रश्वास घट्दै जाने समस्या देखा पर्छ।

हाइपोथर्मियाका जोखिम समूह

- बालबालिका,
- वृद्धवृद्धा
- अत्यधिक मद्यपानी
- चिसोपानीमा काम गर्नेहरू
- चिसोमा भिजेको कपडा लगाउनेहरू
- एडिसन र मिक्सोएडमा रोग भएका
- मस्तिष्क तथा हृदयाघात भएका
- कलेजो बेकम्मा भएका
- चिनीको मात्रा कम भएका
- फिनोथाइजाइड औषधी प्रयोग गरिरहेका

लक्षणहरू

शरीरको तापक्रम एक्कासि आवश्यकताभन्दा कम हुँदा कम्पन भएर संवेदनशील अङ्गहरू फोक्सो, मुटु, मस्तिष्कमा नकारात्मक असर पर्छ। श्वासको गति, मुटुको गति र रक्तचाप कम हुन्छ। शरीरको मांसपेशी कडा भै हातखुट्टा सुचारु रूपले चलाउन सकिँदैन। कम्पनका साथै हिँडाइको गतिमा असन्तुलन आउँछ, बोली अस्पष्ट हुन्छ, सोच्ने शक्ति ह्रास हुन्छ। अकस्मात् अचेत हुन्छ, आँखाको नानी चल्दैन, पेट तथा पैताला छुँदा हिउँजस्तो चिसो हुन्छ।

जब शरीरको तापक्रम २६ डिग्री सेल्सियसभन्दा कम हुन्छ, बिरामी बेहोस हुन्छ, जीउ सुन्निन्छ, आँखाको नानी चल्दैन, जोर्नीहरूमा हुने टेन्डन रिफ्लेक्स हराएर जान्छ। जब गुदद्वारको तापक्रम २५ डिग्री सेल्सियस वा ७७ डिग्री फरेनहाइटभन्दा कम हुन्छ तब व्यक्तिको मृत्यु हुन्छ। यो समस्याबाट ग्रसित व्यक्तिले अरूसँग सहयोग माग्न सक्दैन र कसैले थाहै नपाई कठ्याङ्ग्रिएर उसको मृत्यु हुन्छ।

उपचार

शीतलहर वा हाइपोथर्मियाबाट प्रभावित व्यक्तिलाई उपचारका क्रममा प्राथमिक उपचार अपरिहार्य छ। न्यानोपन नै यसको प्रमुख उपचार हो, तर बिमारीलाई एकैपटक वा छिटो तताउनु हुँदैन। प्लास्टिकको झोला वा स्पेस ब्लाङकेटलाई घाँटीसम्म राखी तातो पार्न सकिन्छ। मुटुको फोक्सोको, रक्तचाप, रगतको मात्रा, हाइपोथाइराडिज्ममा ध्यान पुऱ्याउनुपर्छ। शरीरको तापक्रम २५ डिग्री सेल्सियस रहँदा कृत्रिम श्वास प्रक्रिया, बाह्य मुटु मर्दनका साथै अक्सिजन परिपूर्तिको आवश्यकता पर्ने भएकाले यथाशीघ्र नजिकको साधन सम्पन्न स्वास्थ्य संस्था र अस्पतालमा पुऱ्याउनुपर्छ।

समस्यालाई न्यून गर्ने तथा रोग लाग्न नदिन भने धूवाँ-धूलोबाट बच्ने, न्यानो लुगा लगाउने, पोषणयुक्त सन्तुलित खाना खाने, न्यानो लुगा लगाउने, भिटामिन सी पर्याप्त मात्रामा भएका फलफूल सुन्तला, कागती, अमलाजस्ता मौसमअनुसारका ताजा फलफूल तथा सागपात पर्याप्त मात्रामा खाने, सरसफाइमा बढी ध्यान दिने, प्रशस्त मात्रामा झोल पदार्थ खाने हो भने चिसोबाट बच्न सकिन्छ। यसका अतिरिक्त धूलो, धूवाँ, चिसो र संक्रमणबाट जोगिन मास्क लगाउनुपर्छ।

पूरै झ्याल-ढोका बन्द गरी भुसको आगो बाल्ने, मकल ताप्ने, मटीतेलयुक्त हिटर, कोइला र आगो बाल्दा कोठाभित्रको अक्सिजन आगोले लिइदिने, अक्सिजनको मात्रा कम हुँदै जाने समस्या एकातिर हुन्छ भने अर्कातिर आगोले कार्बन मोनोअक्साइडजस्ता विषालु ग्याँस बढी हुँदै गै मानिसलाई आवश्यक पर्ने अक्सिजन कम भै विस्तारै अचेत बनाई थाहै नपाई मृत्युसमेत हुने खतरा बढ्छ। यसबाट आगोलागी हुने डर पनि हुन्छ।

सरकारले वर्षात्को समयमा पानी उमालेर खान जनचेतना फैलाएजस्तै जाडो मौसममा झ्याल-ढोका थुनेर आगो नबाल्ने, दाउराको सट्टा न्यानो कपडा र कम्मल बाँड्नेजस्ता सन्देश फैलाउनुपर्छ। हुने-खानेहरूले समेत न्याना लुगा, न्याना ओढ्ने-ओछ्याउने, स्वास्थ्यको हेरविचारजस्ता कुराको सामाजिक चेतना जगाउनु आवश्यक छ। मुख-पेटको समस्या भएका निःसहाय र गरिबका लागि न्यानो वातावरण र कपडा उपलब्ध गराउनैपर्छ। नसक्नेलाई सक्नेले उपहार वा सहयोग गर्नुपर्छ। नयाँ न्यानो, बाक्लो कपडा उपलब्ध गराउन नसकिए पनि सहरबजार तथा गाउँघरकै धनीमानीले प्रयोग नगर्ने, थन्काइएका, पुराना लुगा संकलन गरी प्रभावित वर्गमा पुऱ्याउनुपर्ने दायित्व सामाजिक संघसंस्था एवं कार्यकर्ताहरूको हुन्छ।

(डा. बुढाथोकी लुम्बिनी अञ्चल अस्पताल, बुटवलमा कार्यरत हुनुहुन्छ।)

लिटिल क्विन पोखरा

पोखरा- थला परेको पोखराको फेसन गतिविधि केही समययता फस्टाउने क्रममा द लुक्स फेसन होम्सले गएको साता स-साना नानीहरूलाई केन्द्रित गरेर गरेको बालसौन्दर्य प्रतियोगिताको रमझमले भिन्नै रौनक प्रदान गर्‍यो।

बालिकाहरूको क्याटवाकले कुनै स्थापित फेसन शोको झझल्को पनि दिलायो फेसन पारखीहरूलाई। लामो समयको अन्तरालपछि भएको प्रतियोगितामा नानीहरूबीच कडा प्रतिस्पर्धा भएको थियो। ठूला युवतीहरूबीच हुने सौन्दर्य प्रतियोगिताको शैलीमा भएको प्रतियोगितामा उमेरले काँचा भए पनि बालबालिकाले पाको शैलीमा आफ्ना प्रस्तुतिहरू दिएका थिए।

प्रतियोगितामा पार्दी बिरौटा पोखराकी-९ वर्षीया अपेक्षा ढकालले मिस लिटिल क्विन-२००८ पोखराको मुकुट पहिरिन्। अघिल्लो वर्षकी लिटिल क्विन सोफिया बरालले उनलाई क्राउन पहिराएकी थिइन्। नर्स बन्ने उद्देश्य लिएकी अपेक्षाले उपाधि चुमेपछि भनिन्- 'ब्युटीकन्टेस्टलाई सबैले सकारात्मक रूपमा लिइदिनुहोला।'

प्रतियोगितामा गोल्डेन फ्युचर स्कुलकी १२ वर्षीया सुस्मिता ज्ञवाली, फस्ट रनर-अप भइन् भने बालकल्याण स्कुलकी ९ वर्षीया रीतिका गुरुङ सेकेन्ड रनर-अप बनिन्। त्यसै गरी फोटोजेनिक मनिचा गुरुङ, बेस्ट क्याटवाक तारा गुरुङ, बेस्ट पर्फर्मेन्स रेजिना गुरुङ, बेस्ट डिसिपिलिन परिधि श्रेष्ठ, बेस्ट वाक तारा गुरुङ, बेस्ट पर्सानालिटी र बेस्ट डान्स खुसी खान, बेस्ट ड्रेस अन्जली गुरुङ, बेस्ट स्माइल राधिका गुरुङ, मोस्ट फ्रेन्डली मुस्कान थापा तथा बेस्ट हेयरको टाइटल ज्यास्मिन श्रेष्ठले पाएकी थिइन। कार्यक्रममा स्थानीय विद्यालयका ७ देखि १२ वर्ष उमेरका १४ जना बालिका सहभागी थिए। कार्यक्रममा तेस्रो लिङ्गीहरूको आकर्षक नृत्यले दर्शकलाई थप मनोरञ्जन प्रदान गरेको थियो।

- शिव शर्मा

All Nepal Musical Tour with DJ Tenzing

अल नेपाल म्युजिकल टुर विथ डिजे तेन्जिङ

साप्ताहिक समाचार

डिजे तेन्जिङको नेतृत्वमा करिब एक दर्जन कलाकारको टोलीले भोलि शनिबार तातोपानीको वातावरण तताउनेछन्। अंग्रेजी वर्षको न्यू इयर इभबाट प्रारम्भ भएको राष्ट्रव्यापी सांगीतिक यात्रा 'अल नेपाल म्युजिकल टुर विथ डिजे तेन्जिङ २००९' अन्तर्गत डिजे तेन्जिङका अतिरिक्त मिङ्मा शेर्पा, रोज मोक्तान, रेश्मा सुनुवार, द युनिटी आदि कलाकार एवं समूह सहभागी छन्। 'भोलिको कार्यक्रममा मिलन लामा, डम्बर नेपाली, मेघ लामा, राजन इशान, कुमार बस्नेत र ज्योति मगर पनि सहभागी हुनेछन्,' डिजे तेन्जिङले भने- 'प्रत्येक स्थानमा स्थानिय जनतामाझ लोकप्रिय कलाकारलाई लाने नीतिअन्तर्गत उहाँहरूलाई पनि सांगीतिक टोलीमा समावेश गरिएको हो।'

धरानबाट प्रारम्भ भएको यो सांगीतिक टुरको दोस्रो गन्तव्य तातोपानीमा सहभागी कलाकारहरूले आफ्ना उत्कृष्ट गीत प्रस्तुत गर्नेछन्। सांगीतिक यात्राका क्रममा दिउँसो कन्सर्ट र बेलुका डान्स पार्टी हुने तेन्जिङ बताउँछन्। प्रत्येक वर्ष हुँदै आएको तातोपानी महोत्सवका क्रममा देशव्यापी सांगीतिक यात्रामा रहेको टोलीलाई निम्ता गरिएको आयोजक सिन्धु ११ स्पोर्ट्स क्लबका अध्यक्ष सूर्य खड्काले बताए। खड्काकाअनुसार महोत्सवका क्रममा जिल्लाव्यापी लोकदोहोरी प्रतियोगितासमेत हुनेछ।

१४ गते निजगढमा

डिजे तेन्जिङको नेतृत्वमा रहेको सांगीतिक समूहले आगामी मंगलबार बारास्थित निजगढमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्दैछ। ल्होसारको उपलक्ष्यमा आयोजना गर्न लागिएको निजगढको कार्यक्रममा मिङ्मा शेर्पा, अविनाश घिसिङ, रेश्मा सुनुवार, द युनिटी, डिजे तेन्जिङका अतिरिक्त स्थानिय स्ट्रगल ब्यान्डले उपस्थित दर्शकलाई मनोरञ्जन प्रदान गर्नेछन्। आयोजक विछोड युवा परिवार निजगढका अध्यक्ष पेमासिद्धि लामाका अनुसार कन्सर्टमा दसौं हजार दर्शकको उपस्थिति हुने अपेक्षा राखिएको छ। यसबाहेक काठमाडौं, पोखरा, हेटौंडा, नाम्चेबजार र लुक्लामा सांगीतिक टोलीले कार्यक्रम प्रस्तुत गर्ने टोली नेता डिजे तेन्जिङले बताए।

नेपाली सांगीतिक बजार सुस्ताएको देखेर राष्ट्रव्यापी सांगीतिक यात्रा प्रारम्भ गरेको बताउने यो टोलीले नेपाली संगीतका पारखीहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गर्दै यात्राबाट संकलित केही रकम समाजसेवाका क्षेत्रमा कार्यरत संघसंस्थालाई पनि प्रदान गर्ने बताएको छ।

कलाकारहरूसँग रमाइलो

गत साता मोरङको बेलबारीमा धेरैले नेपाली राष्ट्रिय कलाकारहरूको सुरिलो स्वर सुन्ने मौका पाए। 'लागुऔपध तथा दुर्व्यसनीबाट बचौं र बचाऔं' तथा 'बेतना सीमसार क्षेत्रको विकास गरी आन्तरिक तथा बाह्य पर्यटनको विकास गरौं' भन्ने मूल नाराले स्थानीय सडक कला समूह, युवा एकता समूह तथा अनाम समाजद्वारा आयोजित उक्त सांस्कृतिक कार्यक्रममा मुलुकका प्रसिद्ध गायक-गायिकाहरू दीप श्रेष्ठ, रिमा गुरुङ, सपन श्रेष्ठ, एपी शेर्पा तथा लोकगायक खेमराज गुरुङले आ-आफ्नो प्रस्तुति दिए।

गायक दिप श्रेष्ठले 'म त दूरदेखि आएँ तिम्रो याद.........' गाउँदा दर्शक दीर्घा भावुक देखिन्थे। उनले आफ्ना 'मेरी मायालु ....' लगायत दर्जनभन्दा बढी साङ्केतिक कोसेली प्रस्तुत गरेका थिए। लोकगायक खेमराज गुरुङको 'वारि जमुना पारि जमुना' गाउँदा कार्यक्रम हेर्न आएका सात वसन्त पार गरेकादेखि लिएर सात दशक पार गरेकाहरूसम्म नाचेको देखियो।

स्थानीय गायक किरण केसीको 'चिसो बतासले के सन्देश बोकी ल्यायौ ?' गीतबाट प्रारम्भ भएको सांगीतिक कार्यक्रममा रिमा गुरुङ, सपन श्रेष्ठ र एपी शेर्पाले गाउँदा स्थानीय नेपाल तमु बौद्ध गुम्बामा भेला भएका दर्शकहरू रमाइरहेका थिए।

-केशव न्यौपाने

मगरहरूको माघे संक्रान्ति

धरान– धरानमा बसोबास गर्दै आएका मगरहरूले यसपालि माघे संक्रान्ति शनिबार धूमधामसँग मनाएका छन्। सरकारले गत पुस २३ गते मगर चाड माघे संक्रान्ति भन्ने घोषणा गरेसँगै उनीहरूले भेला भएर पहिलोपल्ट मनाएका हुन्।

कार्यक्रममा मगर कलाकार सांस्कृतिक संघ काठमाडौंबाट आएका कलाकारहरूले सालैजो भाकाको पश्चिमेली शैलीमा दोहोरी गीत प्रस्तुत गरेका थिए। काठमाडौंबाट आएका लोकदोहोरी कलाकार दीप सागर थापामगर, निर्मला थापामगर, सूर्य पूर्वछाने मगर आदिले विभिन्न भाकामा दोहोरी गाएका थिए। उक्त सांस्कृतिक कार्यक्रममा स्थानीयमा मगर संघका कलाकारहरूले हुर्रा नृत्य, सोरठी नृत्य, रोयला नृत्यजस्ता मगर संस्कृतिमा आधारित नृत्यहरू प्रस्तुत गरेका थिए।

नेपाल मगर संघ नगर समितिको आयोजनामा धरान-१० स्थित सैनिक भवनमा भएको सांस्कृतिक कार्यक्रममा आफ्नो जातिको वेशभूषामा सजिएर बालबालिका युवा तथा वृद्धवृद्धाहरूको उल्लेख्य सहभागिता थियो।

-सुमित्रा अञ्जान

त्रिवेणी नदीमा मकरमेला

कटारी– प्रत्येक वर्षझैं यो वर्ष पनि उदयपुर र सिन्धुली जिल्लाको सीमा भएर बग्ने कमला, दूधौली र तावा खोलाको संगमस्थल त्रिवेणी नदीमा १५ दिने मकर मेला भैरहेको छ। स्थानीय विभिन्न समूह एवं त्रिवेणी गाविसद्वारा संयुक्त रूपमा आयोजित मेलामा दिनहुँ खोलामा मकर नुहाउन र मेलाको अवलोकन गर्न सर्वसाधारणको भीड लाग्ने गरेको छ। विगत पाँच वर्षअघिदेखि माघे संक्रातिन्को अवसर पारेर आयोजना गरिँदै आएको मेलामा सहभागिता जनाउन छिमेकी जिल्लाहरू सिन्धुली, ओखलढुङ्गा र सदरमुकाम गाईघाटबाट पनि बालबालिकादेखि लिएर विभिन्न सरकारी कार्यालयका कर्मचारीहरू पुग्छन्।

विशेषतः मेला अवधिभर त्रिवेणी नदीमा आएर नुहाएमा कुनै रोग नलाग्ने भनाइ रहेकाले पनि मेलामा दिनहुँ मकर नुहाउनेहरूको भीड लाग्ने गरेको हो। मेलामा प्रतिबन्धित मानिएका खेलहरू जुवा, तास, कौडा पनि खेलाइन्छ भने स्थानीय समुदायहरूले बनाएका परिकार यहाँका आकर्षण हुन्। मकर नुहाउन आउनेहरूले खोलामा आफ्नो वर्षौंदेखिको भाकल पूरा गर्न परेवा, हाँस, कुखुरा, बाखाको पाठीको भोग दिने गरेका छन्। मेलामा स्थानीय स्तरका समुदायकाहरूका सीप र कलाबाट तयार पारिएका डोका, डाला, मान्द्रा, फिपी, माना, पाथी, राडी, गलैंचालगायतका एक दर्जनभन्दा बढी सामान प्रदर्शनीमा राखिनुका साथै तिनीहरूको खरिद बिक्री पनि गरिन्छ। मेलामा खरले बाटेको लिङ्गे पिङ्ग लगाएर पनि सबैलाई पिङ खेल्ने अवसर प्रदान गर्ने गरिएको छ।

मेला अवधिभर नाटक, गजल, कविता मञ्चन गर्नुका साथै स्थानीय विभिन्न सांगीतिक समूहले पप तथा आधुनिक गीत गाई उपस्थित सबैलाई मनोरञ्जन प्रदान गरिरहेका छन्। रातभरि दोहोरी गीत गाएर रमाइलो गरिने यो मेलामा सबैलाई नाच्ने तथा गीत गाउने अवसर प्रदान गरिन्छ।

-विमल खतिवडा

साप्ताहिक Classified Advertisement

रोजगार

शिक्षित, अशिक्षित महिला, पुरुष आवश्यकता, कौशलटार ६६३५४०१, ९८०३४२१५२६

तुरुन्तै सुटिङ्ग हुनलागेको नेपाली कथानक चलचित्र **विजयपथ** कोलागि तुरुन्तै कलाकार चाहियो, नजान्नेलाई तालिमको व्यबस्था छ २००३७६३, ९८४१२७५७१४, ९८०३७३८८०३

सम्पर्क

Bank Balance with Transaction complete visa-documentation 4225343, 9851106495

उपचार

यौन सन्तुष्टि लिङ्गको लम्बाई तथा मोटाई बढाउने २३२५३५२, ९८४१९८१९७६

दररेट

- रू. १० प्रति शब्द (साधारण)
- रू. २० प्रति शब्द (कलर हाईलाइट)

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा सिधा मोवाइल ९८४१-२०५९७७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

जिम्न्यास्टिक जोगाउने धुन

● **शिव मुखिया**

तस्बिरः नवराज वाग्ले

काठमाडौं– ग्ल्यामरस खेल भनिने जिम्न्यास्टिकको प्रथम इन्डिभिज्युअल जुनियर च्याम्पियनसिप हालै राजधानीमा सम्पन्न भएको छ। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा सोमबार भएको एक दिवसीय प्रतियोगितामा १४ देखि १६ वर्ष उमेर समूहका खेलाडीहरूले प्रतिस्पर्धा गरेका थिए। प्रतियोगितामा एन प्याब्सन, प्याब्सन, नेपाल सैनिक तथा सशस्त्र प्रहरीका खेलाडीहरूले रोचक खेल प्रदर्शन गरे। कैलाली, कञ्चनपुर, कास्की, काभ्रेपलान्चोक, ललितपुर, भक्तपुर, काठमाडौं आदि जिल्लाको समेत सहभागिता रहेको प्रतियोगितामा पुरुषतर्फ २४ तथा महिलातर्फ ११ खेलाडीले प्रतिस्पर्धा गरेका नेपाल जिम्न्यास्टिक संघका मुख्य प्रशिक्षक प्रकाशलाल श्रेष्ठले वताए।

प्रतियोगीले जिम्न्यास्टिकका दुई इभेन्ट फ्लोर र भल्टिङ हर्षमा प्रतिस्पर्धा गरेका थिए। फ्लोर इभेन्टमा पुरुषतर्फ कैलालीका देवललाल चौधरी प्रथम भए। उनले ६ दशमलव ८ अंक हासिल गरेका थिए। त्यस्तै महिलातर्फको सोही इभेन्टमा एन प्याब्सनकी सुनिता रानामगर ८ अंक जोड्दै प्रथम भएकी थिइन्। भल्टिङअन्तर्गत पुरुषतर्फ एपीएफका सुदिन रञ्जित १२ दशमलव ५० अंकका साथ प्रथम भएका थिए। महिलातर्फ एन प्याब्सनकी सुनिता रानामगरले नै प्रथम स्थान हासिल गरिन्। उनले १० दशमलव ७० अंक प्राप्त गरेकी थिइन्। यसैगरी अल राउन्डमा एपीएफका सुदिन रञ्जितले १८ दशमलव ४० अंकले अग्रस्थान हासिल गरे। महिलातर्फ १८ दशमलव ४० अंकका साथ एन प्याब्सनकी सुनिता रानामगरले लगातार जित हासिल गरिन्।

'खेलाडीहरूले धेरै राम्रो प्रदर्शन गरे,' नेपालका एक मात्र जिम्न्यास्टिक निशान जिम्न्यास्टिक क्लबका प्रशिक्षक भोगेन्द्र मानन्धरले भने- यो प्रतियोगिताले हामीलाई उत्साहित बनाएको छ।' प्रतियोगितामा खेलाडीहरूले छोटो अवधिको प्रशिक्षणका भरमा उत्कृष्ट प्रदर्शन गरेको मुख्य प्रशिक्षक श्रेष्ठले बताए। 'पर्याप्त खेल सामग्री नभएकाले खेलाडीहरूले सीमित सामग्री प्रयोग गरेर प्रशिक्षण लिएका थिए,' प्रशिक्षक मानन्धरले भने। पर्याप्त लगानी र आवश्यक खेल सामग्रीको अभावमा मुस्किलले जिम्न्यास्टिकको प्राण बाँचेको मानन्धरको भनाइ थियो। खासगरी निजी क्षेत्रका विद्यालयहरूले नै जिम्न्यास्टिक खेललाई धानिरहेको मानन्धरले जिकिर गरे।

'निजी विद्यालयहरूमा जिम्न्यास्टिक खेलाइने गरिएको छ,' मानन्धर भन्छन्- 'ग्यालेक्सी, जेम्स आदि विद्यालयले यो खेललाई संरक्षण दिइरहेका छन्।' जिम्न्यास्टिकमा विद्यालयस्तरका खेलाडीहरू नै उत्कृष्ट भएको उनको भनाइ छ। जेम्स स्कुलले केही वर्षअघिसम्म जिम्न्यास्टिक प्रतियोगितासमेत आयोजित गर्दै आएको थियो। त्यस्तै, ग्यालेक्सीले पनि यसअघि प्रतियोगिता गरिसकेको छ। 'बेसिक अफ द बेस्ट' को मन्यतालाई अँगाल्न चाहने विद्यालयले आफ्ना विद्यार्थीलाई यो खेलमा प्रशिक्षित गराउँदै आएको पाइन्छ। 'जुनसुकै खेल खेल्ने खेलाडीका लागि जिम्न्यास्टिक एउटा आधार हो,' श्रेष्ठ भन्छन्- 'यो खेलबाट शारीरिक व्यायाम र मानसिक एकग्रताको विकास हुन्छ।' यसले कुनै पनि क्षेत्रमा उत्कृष्टता हासिल गर्नका लागि सहयोग पुग्ने लिटल ब्लुसन पब्लिक हाईस्कुलका शिक्षक एवं जिम्न्यास्टिक खेलाडी रमेश पाठक बताउँछन्। जिम्न्यास्टिक खेल्नेहरू सधैं स्फूर्त देखिने भएकाले विद्यालयहरूले यो खेलमा विद्यार्थीलाई प्रशिक्षित गराएको पाठकको भनाइ छ।

तीन महिनादेखि नियमित जिम्न्यास्टिक प्रशिक्षण गरिरहेका निर्मल श्रेष्ठ नाच्न सहयोग पुग्ने भएकाले यो खेलको प्रशिक्षण लिइरहेको बताउँछन्। हिमशिखर रेस्टुरेन्ट, लाजिम्पाटका डान्सर श्रेष्ठ भन्छन्- 'यो खेल खेल्नेले अरू विधामा पनि सफलता हासिल गर्न सक्छन्।' रेन्बो इन्टरनेसनल हाईस्कुलमा अध्ययनरत अस्मिता खनाल शरीरलाई चुस्त राख्न जिम्न्यास्टिक खेल्ने गरेको बताउँछिन्। 'राम्रो शारीरिक व्यायाम हुन्छ', दुई वर्षदेखि नियमित जिम्न्यास्टिकको प्रशिक्षण लिइरहेकी खनाल भन्छिन्- 'फिजिकल फिटनेसका लागि खेलेकी हुँ।' यो खेललाई 'खेलहरूकी आमा' पनि भनिन्छ। जुनसुकै विधाको खेलमा लाग्नेलाई यो खेल सहयोगी बन्ने खेलाडीहरू बताउँछन्। 'जिम्न्यास्टिक खेल्नेहरूका लागि अरू कुनै पनि खेल खेल्न सजिलो हुन्छ,' जिम्न्यास्टिकका प्रशिक्षक देवकुमार महर्जन भन्छन्।

प्राचीन ग्रीसबाट विकसित यो खेललाई ग्ल्यामरस खेलका रूपमा पनि लिइन्छ। विकासको प्रारम्भमा यसलाई नाङ्गै खेलिने खेल भनिन्थ्यो। 'जिम्न्यास्टिकको अर्थ पनि नाङ्गै खेलिने खेल हो,' मानन्धर भन्छन्- 'तर हालचाहिँ जिम्न्यास्टिक ड्रेस लगाएर खेलिन्छ।' नेपालमा पुरुषले हाफ पाइन्ट र हाफ सर्ट लगाएर खेल्छन् भने महिलाहरूले जिम्न्यास्टिक ड्रेस नै लगाएर खेल्ने गरेका छन्।

नेपालमा सन् १९७० को दशकतिर नै यो खेलले प्रवेश पाए पनि हालसम्म यसको अपेक्षित विकास हुन सकेको छैन। जिम्न्यास्टिकलाई व्यावसायिक रूपमा विकास गर्ने लक्ष्यका साथ वि.सं. २०३७ सालमा 'नेपाल जिम्न्यास्टिक संघ' स्थापना भएको छ। तर, अपर्याप्त लगानी र आवश्यक सामग्रीको अभावमा संघले कुनै पनि गतिविधि राम्रोसँग सञ्चालन गर्न सकेका छैनन्। संघ स्थापना पछि २०३८ सालबाट राष्ट्रिय स्तरको प्रतियोगिता गराउँदै आएको छ। हालसम्म वीरगन्ज, पोखरा, विराटनगर र काठमाडौंमा गरी आठवटा राष्ट्रिय स्तरका प्रतियोगिता सम्पन्न भएका छन्, तर हालसम्म पनि जिम्न्यास्टिकमा राष्ट्रिय स्तरका खेलाडी उत्पादन नहुनु, ठूला प्रतियोगिताहरू नहुनुको पछाडि यो खेलप्रति सरकारी उदासीनता नै प्रमुख दोषी रहेको खेलाडीहरूको भनाइ छ। 'खेलका लागि अझै पर्याप्त सामग्री छैन' मानन्धर गुनासो गर्छन्- 'खेलमा चाहिने अनइभन वार्स त नेपालमै छैन।' खेलका लागि आवश्यक सामान्य सामग्रीहरूसमेत अनुदानमा प्राप्त भएको उनले बताए।

खेल सामग्री महँगो हुने भएकाले पनि यो खेलको विकासमा अवरोध पुगेको पाइन्छ। विभिन्न इभेन्टमा खेलिने यो खेलका लागि आवश्यक सामग्रीका लागि करोडौं रुपैयाँ खर्चिनुपर्ने प्रशिक्षकहरूको भनाइ छ। खेल सामग्रीकै अभावमा राष्ट्रिय खेलकुद परिषद्अन्तर्गतका जिम्न्यास्टिकका जिल्ला प्रशिक्षकहरू घाम तापेर बस्नुपर्ने बाध्यता रहेको संघका पदाधिकारीहरूको भनाइ छ।

दुई वर्षपछि लिग सञ्चालनको सुर

साप्ताहिक समाचार

काठमाडौं- विगत दुई वर्षदेखि अखिल नेपाल फुटबल संघ (एन्फा) को नेतृत्व तहमा देखिएको विवादका कारण स्थगित भएको सहिद स्मारक 'ए' डिभिजन फुटबल प्रतियोगिता चैत महिनादेखि प्रारम्भ हुने भएको छ।

एन्फाको कार्यशैलीप्रति रुष्ट हुँदै आएका केही व्यावसायिक फुटबल क्लब एवं पदाधिकारीहरूले समानान्तर रूपमा नेपाल फुटबल संघको स्थापना गरेपछि नेपाली फुटबलको विवाद अझ बढेको थियो, फलस्वरूप दुवै फुटबल संघले आ-आफ्नो ढंगले विभिन्न समूहका लिग फुटबल प्रतियोगिता सम्पन्न गरेका थिए। आ-आफ्नै ढंगले लिग प्रतियोगिता आयोजना गर्ने क्रममा नेपालले केही अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागितासमेत जनाउन सकेको थिएन। नेपाली फुटबलमा विवाद बढ्दै गएपछि शिक्षा तथा खेलकुद मन्त्रालयको पहलमा दुवै फुटबल संघलाई मिलाएर 'ए' डिभिजनको लिग प्रतियोगिता गर्न लागिएको हो। दुवै संघको पहलमा गठन भएको लिग सञ्चालन तथा फुटबल व्यवस्थापन समितिले अन्तर्राष्ट्रिय प्रतियोगितासँग मेल गराउन यो वर्ष हुने लिग प्रतियोगिता सन् २००९ को हुनेछ। चैत २४ गते देखि ३० गते सम्म पाँचौं राष्ट्रिय प्रतियोगिता आयोजना हुने हुँदा एन्फाले सहिद स्मारक लिग फुटबल प्रतियोगिताको उद्घाटन चैत २२ गते गर्नेछ भने खेलहरू वैसाख ५ गते देखि मात्र सञ्चालन गर्ने भएको छ।

निर्धारित मितिमा लिग प्रतियोगिता सञ्चालन हुन नसकेका कारण नेपाल यस वर्षको एएफसी प्रेसिडेन्ट कप फुटबल प्रतियोगितामा सहभागिता गर्नबाट वञ्चित हुन लागेको थियो। आगामी फेब्रुअरी महिनामा आयोजना हुने यो प्रतियोगिताको नियमअनुसार डबल लिग प्रणालीबाट विजेता बनेको क्लबले मात्र सहभागिता गर्न पाउँछ तर फुटबल व्यवस्थापन समितिले नेपालको सहभागितालाई पक्का गर्न लिग सञ्चालन हुनुअघि फागुन १० गतेदेखि १९ गते सम्म 'ए' डिभिजनमा रहेका १२ वटा क्लबलाई सहभागी गरी विजेता क्लबलाई उक्त प्रतियोगितामा सहभागी गराउने भएको छ।

पोखरामा आहा गोल्ड कप

पोखरा- माघको चिसो मौसमलाई पोखरा रंगशालामा हुने अन्तर्राष्ट्रिय आहा गोल्डकपले तताउने भएको छ। प्रतियोगिताको तयारीमा सहारा क्लब पोखरा अन्तिम तयारीमा छ। 'सातौं आहा गोल्डकप फुटबल' प्रतियोगिताका लागि प्रतियोगी टिमसमेत छनौट गरिएको छ। 'खेलकुद र पर्यटनको सहर, सुन्दर पोखरा निर्माणको ठहर' भन्ने मूल नाराका साथ माघ १४ देखि २५ गतेसम्म सञ्चालित हुने प्रतियोगितामा १२ वटा टिम सहभागी हुनेछन्।

टिममा नेपाल पुलिस, आर्मी, सशस्त्रको एपीएफ, थ्रि-स्टार, काठमाडौं खेल मण्डल (एनआरटी), एन्फा एकेडेमी (यु-१९), धरान फुटबल क्लव, रूपन्देही-११, भारत र बंगलादेशका एक/एक टिम र सहारा युके र आयोजक सहारा क्लब सहभागी छन्। 'भारत र बंगलादेशबाट एक-एकवटा टिमले सहभागिता जनाउनेछन्,' थकालीले भने। क्लबका अनुसार यो वर्ष गत वर्षभन्दा पुरस्कार राशिमा वृद्धि गरिएको छ। गत वर्ष विजेतालाई १ लाख र उप-विजेतालाई ५० हजार रुपैयाँ पुरस्कार राशि रहेकोमा यो वर्ष विजेतालाई १ लाख ५० हजार र उप-विजेतालाई ७५ हजार रुपैयाँ प्रदान गरिनेछ।

त्यसका अतिरिक्त प्रत्येक प्रतिस्पर्धामा सहारा युकेका तर्फबाट म्यान अफ दि म्याच, अनुशासित टिमलाई ट्रफी, उत्कृष्ट खेलाडीलाई सहारा युके र मोरङ अटोवर्क्सको तर्फबाट यामाहा मोटरसाइकल र पोखरा उद्योग वाणिज्य संघका तर्फबाट सर्वाधिक गोलकर्तालाई १५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने जानकारी आयोजकहरूले दिएका छन्। क्लबले २०५८ मा पहिलो पटक क्याराभान गोल्डकप फुटबल प्रतियोगिता गरेको थियो। त्यसपछि सहाराले २०५९ देखि बर्सेनि आहा गोल्डकप फुटबल प्रतियोगीता गर्दै आएको छ।

कलेजले धानेको बास्केटबल

काठमाडौं– 'नेपालको बास्केटबललाई कलेज र स्कुलहरूले धानेका छन्,' राष्ट्रिय खेलकुद परिषद् परिसरस्थित कभर्ड हलमा भेटिएका रमेश अधिकारी भन्दै थिए- 'यो खेललाई आजको अवस्थासम्म ल्याउनमा कलेज तथा स्कुलहरूको योगदान छ।' नेपाल बास्केटबल संघका पदाधिकारी अधिकारीले नेपालमा बास्केटबल विकासका लागि सरकार उदासीन रहेको तीतो पोखे। 'कलेज र स्कुलले बास्केटबलकै लागि महिनामा ५ हजारदेखि १ लाखसम्म खर्च गरिरहेको छ,' उनले थपे- 'यता सरकारले वर्षमा एकपटक प्रतियोगिता गराउन पनि पर्याप्त बजेट दिँदैन।' बास्केटबललाई कम खर्चिलो खेल भनिए पनि राष्ट्रिय स्तरको प्रतियोगिता गर्न कम्तीमा १३ लाख रुपैयाँ लाग्ने संघका अध्यक्ष टेण्डी सेर्पाको भनाइ थियो। यसबीच राजधानीमा माघ १ गतेदेखि राष्ट्रिय स्तरको बास्केटबल प्रतियोगिता प्रारम्भ भएको छ। १५ दिनसम्म चल्ने ट्रिनिटी राष्ट्रिय बास्केटबल प्रतियोगितामा प्रतिस्पर्धा गर्ने टिममध्ये राजधानीका कलेजहरूकै संख्या बढी छ। राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा सञ्चालन भैरहेको उक्त प्रतियोगितामा पुरुषतर्फ १९ र महिलातर्फ ८ वटा टिमले सहभागिता जनाएका छन्। राजधानीका कलेज, कलेजअन्तर्गतका क्लबका खेलाडीहरू प्रतिस्पर्धाका लागि कोर्टमा उत्रिएका छन् भने राजधानीबाहिरका जिल्लाहरूबाट छनौटमा परेर आएका टिमहरूले पनि प्रतिस्पर्धा गरिरहेका छन्। कास्की, नवलपरासी, झापा, चितवन, सुनसरी, रूपन्देही, उदयपुर आदि जिल्लाबाट प्रतियोगितामा सहभागिता जनाइएको छ। यसै वर्षदेखि विभागीय टिमबाट त्रिभुवन आर्मी क्लब प्रतियोगितामा सहभागी भएका छन्। संघले बर्सेनि आयोजना गर्ने यो प्रतियोगिता पुरुषतर्फको आठौं संस्करण हो भने महिलातर्फको सातौं। प्रतियोगितामा हिमालयन ह्वाइट हाउस, डनबस्को, ट्रिनिटी, रातो बंगला, प्राइम, ज्ञानोदय, जेभियर इन्टनेसनल आदि कलेजहरू प्रतिस्पर्धामा उत्रिएका छन्।

हरेक वर्ष राष्ट्रिय स्तरको प्रतियोगितामा राजधानीका कलेजहरूकै बाहुल्य रहेको पाइएको छ। विगतका प्रतियोगिताहरूमा पनि हिमालयन ह्वाइट हाउस, रिब्स, गोल्डेनगेड, अस्कलजस्ता कलेजहरूले उपाधि जित्दै आएका छन्। त्यस्तै महिलातर्फको प्रतियोगितामा सुरुदेखि नै ज्ञानोदय र रातोबंगला अग्रणी देखिन्छन्। 'कलेजहरूले नै बास्केटबलमा राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्दै आएका छन्,' अधिकारी भन्छन्- 'राष्ट्रिय स्तरमा 'ए' ग्रेडका हैसियत राख्ने अधिकांश खेलाडी कलेजका उत्पादन हुन्।' राजधानीमा बास्केटबल कोर्ट नभएका कलेज-स्कुलहरू भेट्न मुस्किल पर्ने उनको भनाइ छ। 'हरेकजसो कलेज, स्कुलमा बास्केटबल कोर्ट बनाइएको छ,' उनले भने। त्यस्तै वर्षमा ती कलेजहरूकै आयोजनामा सयभन्दा बढी प्रतियोगिताहरू हुने गरेका छन्। कलेज, स्कुलहरूले किन बास्केटबल खेललाई नै बढावा दिइरहेका छन् त ? 'यसबाट दोहोरो फाइदा मिलेको छ,' बास्केटबल संघका अध्यक्ष टेण्डी शेर्पा भन्छन्- 'कलेजले बास्केटबललाई प्रमोट गरेको छ र बास्केटबलले पनि कलेजको प्रमोसनमा सघाउ पुऱ्याएको छ।' त्यस्तै, यो खेल इन्डोर गेमका रूपमा पनि खेल्न सकिने भएकाले कलेजहरूले बास्केटबल खेललाई बढावा दिएको पाइन्छ। बास्केटबल ग्लामरस गेम भएकाले पनि विद्यार्थीहरू यो खेलप्रति लालायित हुने गरेको पाइन्छ।

५० को दशकदेखि नेपाल भित्रिएको बास्केटबलले यो लामो श्रृंखलामा खासै उपलब्धि हासिल गरिनसकेको सम्बन्धित पदाधिकारीहरू स्वीकार गर्छन्। संघको मातहातमा २३ जिल्लामा शाखा गठन भएका छन्। संघले सन् २००१ देखि राष्ट्रिय स्तरमा पुरुषतर्फको प्रतियोगिता गराउँदै आएको छ। त्यसैको दोस्रो वर्षदेखि महिला टिमलाई पनि समावेश गरिँदै आएको छ।

आर्थिक अभावका कारण संघले बास्केटबल खेललाई सक्रियतासाथ अघि बढाउन नसके पनि निजी स्तरका कलेज र स्कुलहरूले राम्रो साथ दिएका छन्। राष्ट्रिय स्तरमा बास्केटबलका खेलाडी उत्पादन गर्दै अएका कलेजहरूले त्यसैअन्तर्गतका क्लब स्थापना गरेर खेललाई निरन्तरता दिएको छ। हिमालयन र गोल्डेनगेटले त बास्केटबललाई प्रमुख प्राथमिकतामा राखेका छन्। संघले ट्यालेन्ट हन्टमार्फत छनौट गरेका १६ जना खेलाडी ट्रिनिटी कलेज र जेभियर इन्टरनेसनलको पूर्ण छात्रावृत्तिमा अध्ययन गरिरहेका छन्।

प्रसंग कतिपय

विक्रम राई

अहिले लोडसेडिङ आमनेपालीका लागि चिन्ताको विषय बनेको छ। करिब ३० लाख ग्राहकलाई विद्युत्को नशा लगाइसकेपछि लोडसेडिङको झट्का दिने विद्युत् प्राधिकरण अब निमित्त नायकका रूपमा मात्र स्थापित भएको छ। स्वदेशी लगानीकर्ताहरूलाई हौसला एवं सहयोग दिनुको सट्टा जबसम्म लगानीकर्ताको लगानी गर्ने पुजीको स्रोत खोज्ने कसरत जारी रहन्छ तबसम्म जलविद्युत् वा अन्य कहींकतै लगानी गर्न लगानीकर्ताहरू हच्किरहन्छन्।

विद्युत् उत्पादनमा लगानी गर्न लालायित हुने व्यापारी एवं लगानीकर्ताहरूको आयको स्रोत नसोधे अहिलेलाई राष्ट्रघाती कदम ठहरिने थिएन होला। कम्तीमा सरकारले माघ मसान्तसम्म विद्युत् उत्पादन गर्ने स्वदेशी सरोकारवालाहरूलाई उसले कर छलेर कमाएको पैसा त्यसमा लगानी गरे कर मिनाहा हुने नीति लिए त्यो मुलुकका निम्ति चमत्कारी कदम हुने थियो होला। भारतसँग विद्युत् खरिद गर्दा लाग्ने दर-भाउ स्वदेशी विद्युत् उत्पादनकर्मीलाई दिनुको सट्टा लगभग त्योभन्दा आधा दाममा किन्ने दक्षिणपरस्त नीति कायम रहेसम्म कुनै पनि लगानीकर्ता यहाँ आउनेवाला छैनन् भन्ने कुरा सबैलाई थाहा भएकै विषय हो। त्यसमा पनि भ्याट र अन्य राजस्वले गर्दा जो-कोही हच्किनु स्वाभाविक हो।

> **साना खोलानालाहरूबाट एक मेगावाटसम्म विद्युत् निकाल्ने भनी दर्ता भएकाहरूले विद्युत् ननिकाली घर-घडेरीझैं यसको दर्ता बेचबिखन गर्ने धन्धामा लागेको सबैले देखेकै छन्। यो प्राक्टिसले विद्युत् उत्पादनको सट्टा पैसा कमाउने खेल बढेको छ जसको बन्देज अनिवार्य रूपमा हुनुपर्छ। पानी नै पानीको देशमा विन्ड पाउरबाट विद्युत् उत्पादन गर्नु भनेको नाजायज हो। थर्मल प्लान्ट र डिजेल प्लान्टबाट बिजुली बाल्नु भनेको राम्रो खेती गर्नु हो, जुन अस्वीकृत भैसकेको छ। बरु सरकारमा बस्नेहरूलाई वर्षको एकपटक 'होलिडे प्याकेज' सरकारी स्तरबाट सित्तैंमा दिने योजना बनाए कम्तीमा विदेश भ्रमणको लोभमा यस प्रकारका प्लान्ट बेच्ने दलालहरूको चक्करमा फसिरहनु पर्दैन।**

अहिले आएर परियोजना निर्माणस्थलमा स्थानीय बासिन्दाहरूको अवरोध र धम्कीका कारण पनि अबउप्रान्त स्थानीय बासिन्दाको सहभागिता र सहयोगबिना सरकारी निर्णयका आधारमा मात्र जलविद्युत् परियोजना बाँड्नु हुँदैन भन्ने सवक सबैलाई मिलेको हुनुपर्छ। साना खोलानालाहरूबाट एक मेगावाटसम्म विद्युत् निकाल्ने भनी दर्ता भएकाहरूले विद्युत् ननिकाली घर-घडेरीझैं यसको दर्ता बेचबिखन गर्ने धन्धामा लागेको सबैले देखेकै छन्। यो प्राक्टिसले विद्युत् उत्पादनको सट्टा पैसा कमाउने खेल बढेको छ जसको बन्देज अनिवार्य रूपमा हुनुपर्छ। पानी नै पानीको देशमा विन्ड पाउरबाट विद्युत् उत्पादन गर्नु भनेको नाजायज हो। थर्मल प्लान्ट र डिजेल प्लान्टबाट बिजुली बाल्नु भनेको राम्रो खेती गर्नु हो, जुन अस्वीकृत भैसकेको छ। बरु सरकारमा बस्नेहरूलाई वर्षको एकपटक 'होलिडे प्याकेज' सरकारी स्तरबाट सित्तैंमा दिने योजना बनाए कम्तीमा विदेश भ्रमणको लोभमा यस प्रकारका प्लान्ट बेच्ने दलालहरूको चक्करमा फसिरहनु पर्दैन।

सबैले बुझेकै छन् कि अमेरिकी राष्ट्रपति पनि छुट्टी मनाउन क्याम्प डेबिड जान्छन्। त्यसैले हाम्रा प्रधानमन्त्री र उनका मन्त्रीहरूका लागि कर्णाली र माझ किराँततिर क्याम्प डेबिडहरूको निर्माण गर्नु उपयुक्त होला।

रेमिटान्सले धानेको मुलुकमा उद्योगधन्दा सरकारी नजरमा दोस्रो श्रेणीमा परे पनि नेपालका उद्योगी-व्यापारीहरू यति क्षमतावान र पौरखी छन् कि देशमा विद्युत्का उत्पादन सुरु नहुँदादेखि नै उनीहरूले कोइलाको टर्बाइनबाट विद्युत् उत्पादन गरी उद्योग चलाएका थिए। त्यतिखेर ती उद्योगीहरूले अञ्चलाधीश र राजाका भारदारहरूलाई सित्तैंमा बिजुली दिनुपर्ने बाध्यता थियो। प्राधिकरणको स्थापनापछि सरकारको दबाबमा प्राधिकरणबाटै विद्युत् किन्न बाध्य पारिएको थियो, जसको परिणाम आज सम्पूर्ण उद्योगधन्दा विद्युत्को अभावमा ठप्प छन्।

सँचनाको हक नागरिकको अधिकार हो। त्यसैले होला, जेनेरेटर र इन्भर्टर बेच्नेहरूले प्राधिकरणले प्रकाशित गर्ने लोडसेडिङको तालिका पहिले नै सार्वजनिक गरेर ग्राहकहरूलाई अत्याई आफ्ना सामान बेच्ने गरेका छन्। गजबको संयोग भन्नुपर्छ, लोडसेडिङको त्यो तालिका पछि गएर प्राधिकरणको तालिकासँग हुबहु मिल्छ।

गफ नै गर्ने हो भने अहिलेको महिनामा सुनिने स्वस्थानी व्रतकथामा झैं कुमारजी आज्ञा गर्नुहुन्छ– संसारभरि विद्युतीय ऊर्जाले विनाश र तहस-नहस मात्र गर्‍यो। यही कारणले गर्दा नयाँ नेपाल विद्युत्‌बिनाको कल्पना गरौं जहाँ कम्तीमा विद्युत् सप्लाईका दृष्टिले सबै नेपाली समान हुनेछन्। लाखौं नेपाली विद्युत्‌बिना बाँचिरहेको स्थितिमा ती विद्युत् वञ्चित नागरिकहरूका लागि लोडसेडिङको चिन्ता अनुचित हुनसक्छ। अब अरू नेपालीले पनि बत्तीको यो आदतलाई त्याग्नु नै लोडसेडिङको उत्तम विकल्प हुनसक्छ। थप जानकारीका लागि जलस्रोत मन्त्रालयको नयाँ वेबसाइट अगुल्टो डटकम लगअन गर्न नबिर्सनुहोला।

Prasanga katipaya@hotmail.com

Worldwide Valid Certificate
होटल तालिम
चार वर्ष पुगेको अवसरमा विशेष छुट
- कुक १ १/२ महिना रू. २७००/-
- कुक ३ महिना रू. ३७००/-
- वेटर र बारमेन रू. १३००/-

१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने।
३. तालिमपछि दुबई, बहराईन, कतार पठाईने।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस।

माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

Computer Hardware & Networking
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor: Tel: 016217094
Adwait Marg Old Buspark: Tel: 4232866
Lagankhel: Tel: 5004018

हरेक महिलाले जान्नै पर्ने
बेकरी/कूकिङ्ग
अत्यन्त उपयोगी, रोजगारमूलक दुई हप्ते तालिम माघ १६ गते देखि शुरु हुँदैछ। भर्ना खुल्यो।

• कण्टिनेण्टल कूकिङ्ग	बिहान ११:०० बजे
• बेकरी	दिउँसो १२:३० बजे
• इण्डियन कूकिङ्ग	दिउँसो २:०० बजे
• आइसक्रीम बनाउने तालिम	माघ २६, २७, २८ गते दिउँसो ३:३० बजे

जमलेश्वर इन्स्टिच्यूट
(first & the foremost)
जमल– रानीपोखरी कर्नर, कमलाक्षी टोल
फोन नं. ४२४२६७१/९८०३०५१७१८

रोजगारमूलक तालिम
सफल व्यवसायी हुन तथा रोजगार प्राप्तिको लागि
फोटोग्राफी
CAMERAMAN
DIGITAL VIDEO-EDITING & ANIMATION
PHOTO-VIDEO पत्रकारिता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
सिर्जनशील रोजगारीको लागि
नेपालको नं. 1 Study Center (WORLDWIDE VALID CERTIFICATE)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।